# अभिग्रहण 4

भाई नेभिल, र शुभ दिवस, साँझ, हाम्रा अमूल्य मित्रहरुमा, हामीहरु आज राति मण्डली फेरी आउन पाउदा खुसी छौ। थोरै तातो छ, र त्यसैले हामीहरु सम्भव भए सम्म चाडो गर्नेछौ, ठिक संदेशमा सिधा जानेछौ।

सबैभन्दा पहिले, हामीसंग केहि घोषणाहरु छन्, र एउटा—एउटा विशेष प्रार्थनाको अनुरोध छ। मैले तपाईहरुको चिट्ठी त्यहाँ पछाडि पाएको छु, जुन मलाई दिईयो, र त्यो बहिनी जसलाई दिमागमा ट्युमर भएको छ। र त्यहाँनिर अर्को एकजना हुनुहुन्थ्यो लुइसविलमा; र अर्को सेवक भाई, उहाको बुबालाई हृदय घात भएको थियो; र त्यहाँ अरु धेरै अनुरोधहरु छन्, संसारमा आज धेरै बिमारी मानिसहरू छन्। धेरैले बोलाई रहेका छन् र हामी निश्चय पनि तिनीहरुको निम्ति हाम्रो पूरा हृदयले प्रार्थना गर्दछौ, कि परमेश्वरले तिनीहरुलाई मद्धत गर्नुभएको होस्।

सामान्यतः पन्चानब्बे प्रतिसत मेरो सेवकाई नै सधै त्यहि रहेको छ, विमारीहरुको निम्ति प्रार्थना गर्ने, तपाईलाई थाहा छ, तर म—म एक प्रकारले एक—प्रकारले सानो नजरले...म अझै पनि विमारीहरुको निम्ति प्रार्थना गर्दछु, अब, त्यो याद गर्नुहोस्। त्यो ठिक यो संग भएर जान्छ। तर, ओ, यदि हामीले त्यो मण्डली पाउनसक्दैनौ जुन उपयुक्त स्थानमा स्थापित गरिएको छ, तब, क्रममा पाउनसक्दैनौ ताकि हामी कार्य गर्न सकौ, तपाई देख्नुहुन्छ। सबै ठिक स्थानमा हुनुपर्छ, बुझ्नुभयो, सबै कुरासंगै ल्याउनुपर्दछ।

केहि कुराले भर्खरै मलाई हान्यो, केहि समय अगाडि। जब एउटा बुढो भूतपूर्व सैनिक व्यक्ति, उसको एउटा हात लगभग गोली लागेको, खुट्टामा पनि लगभग गोली लागेको। उहाँ यहाँ हुनुहुन्न मेरो कुरा सुन्नको लागि अहिले। तर रोय रोबर्सन नाउँको एउटा साथीको एउटा वास्तविक राजकुमार, र मण्डलीको ट्रस्टि मध्येको एकजना, र एउटा असल इसाई सज्जन। उहाले केवल त्यहाँ कदम राख्नुभयो, र भन्नुभयो, “भाई ब्रन्हाम, राष्ट्रपतिलाई नभुल्नुहोला।” भन्नुभयो, “जब उहाले कदम राख्नुभयो त्यसले मलाई अत्यन्त अफसोस भयो,” मैले टेलीभिजनमा देखे, “उहाले

हवाईजहाजबाट बाहिर निस्कनुभयो, उहाको गालाबाट आँशुहरु झर्दै थियो, र उहाँको मुख एकतर्फी मोडिएको थियो।" तपाईलाई थाहा छ, उहाँ ठिक त्यहाँ रोय र तिनीहरुसंग हुनुहुन्थ्यो, त्यो—त्यो लडाईमा संगै हुनुहुन्थ्यो।

तपाई राजनीतिमा उहाँभन्दा भिन्न भए तापनि, उहाँ अझै पनि राष्ट्रपति हुनुहुन्छ। हो, श्रीमान्। मेरो लागि, म—म न त डेमोक्र्याट हुँ न त रिपब्लिकन। म एउटा इसाई हुँ। तर म—म तपाई लाई भन्छु, तर म निश्चय नै राष्ट्रपति डविट आईजेनहोवरलाई महान् कदर गर्छु। श्रीमान्, उहाँ निश्चित रूपमा एउटा महान् व्यक्ति हुनुहुन्थ्यो, मेरो विचारमा त्यो लाग्छ। र उहा फेरी पनि उम्मेदवार हुनुभएको भए, र मैले भोट दिदै थिए भने, म फेरी पनि उहाँको लागि भोट हाल्थे। त्यो सहि हो। मलाई फरक पर्दैन थियो यदि उहाँ सय वर्ष नै भएको भए पनि, म अझै पनि उहाँको लागि भोट हाल्थे किनभने मलाई उहा मन पर्छ। र त्यसैले हाम्रा प्रार्थनाहरुमा आज राति उहाँलाई पनि सम्झिउ।

जे.टि., म निश्चित रूपमा यो हप्ता त्यो राम्रो सभालाई कदर गर्छु, तपाईहरु सबैलाई, तपाई र भाई विल्लार्डलाई पनि। यदि म बाहिरबाट भित्र आएको भए, तपाईहरु सबैले भन्नुभयो, "ठिक छ, भाई ब्रन्हाम अब, तपाईलाई थाहा छ, *फलानो–र फलानो।*" तर यो नै उत्तम हो कि बाहिरै उभिएर तपाईलाई सुनिरहन्छु, के तपाईले देख्नुहुन्न? [भाई ब्रन्हाम हास्नुहुन्छ—सम्पा] ठिक छ। त्यसैले, एकदम राम्रो छ।

मसंग केहि मण्डलीहरुको लागि पेश गर्नुछ, यदि तपाईहरु सबै त्यो चाहनुहुन्छ भने, यदि तपाई अहिले पादरीको कार्य गर्न जान तयार हुनुहुन्छ भने, यदि तपाईले तपाईको प्रशिक्षण पाउनुभएको छ भने। र, मलाई लाग्छ तपाईले पाउनुभएको छ, र सबै कुरा मिलाउनुभएको छ। मैले एउटा ओरेगनमा, केहि वाशिंगटनमा, क्यालीफोर्निया र अरिजोना आर अन्य ठाउँहरुमा पाएको छु। र यदि तपाईले कहिल्यै कुनै एउटा मण्डली वा केहि लिन चाहनुहुन्छ भने, किन, ठिक यो यहाको स्थान प्रारम्भ गर्नको लागि एउटा राम्रो ठाउँ हो। र त्यहाँ प्राणहरु जताततै छन् जो कराईरहेका छन्, यहासम्म कि इन्डियाना आरक्षणहर र जहाँ कहिँ तपाई जान चाहनुहुन्छ। केवल हामीलाई थाहा दिनुहोस्, किनभने म विश्वास गर्छु कि तपाई केटाहरु अहिले अनुबन्धित हुनुहुन्छ। त्यो ठिक हो। म केवल उहाहरुले त्यसो गरेको हेर्न मन पराउछु।

त्यहाँ माथी सडकमा भाई रूडल हुनुहुन्छ। उहाँको लागि सभा गर्न जादै हुनुहुन्छ, केहि दिनहरुमै। जागृति हुन जादैछ, भाई रुडलको। र म—मलाई याद छ कि मैले त्यो सानो मित्रलाई हरेक ठाउँमा जोर लगाउने गर्थे, उहाँलाई बाहिर सेवा गर्दै प्रचार गराउने कार्य गर्न कोशिष गर्थे। उहाँ यदि पिछाडीएको हुनुहुन्थ्यो। उहाले भन्नुहुन्थ्यो, "म बोल्न नै सक्दिन। तपाईले उहाँलाई सुन्नुहोस्। आमेन। बुझ्नुभयो? तपाईलाई थाहा छैन तपाईले के सम्म गर्नसक्नुहुन्छ यदि तपाईले आफुलाई पवित्र आत्माको पकडमा छोड्नुभयो भने। त्यो सहि हो।

र भाई स्नेलिंग युटिकामा, र भाई जुनियर ज्याक्सन त्यहाँ तल। हामी—हामीहरु हाम्रा ती सबै बहिनी मण्डलीहरुलाई पनि भन्दछौ, ठिक हामीसंग। हामीहरु सबै संगै। हामीहरु हाम्रो सिद्धान्तहरुमा कोहि पनि असहमत छैनौ, या हाम्रा आशाहरु र लक्ष्यहरुमा, हाम्रा सिद्धान्तहरु एकै छन्। हामीहरु संगै खडा हुन्छौ, र सबै कुरामा संगै उभिन्छौ। हामीहरु एकै मण्डली हौ। र हामीहरु निश्चित रूपमा तिनीहरु जताततै छरिएको चाहन्छौ; हामीहरुसंग केहि अफ्रिकामा छन्, केहि इन्डियामा, र चारैतिर, सबै देशहरुमा। त्यहि नै उहाहरु भएको हामी चाहन्छु, समाचार फैलाएको चाहन्छौ।

र म देख्दैछु कि यी जवान भाईहरु आईरहनुभएको, जस्तो भाई जे.टि पर्नेल यहाँ हुनुहुन्छ, र—र भाई विल्लार्ड र तिनीहरु, जब तिनीहरु आउदैछन्, यी जवान मानिसहरु र म चाहि बुढो हुदैछु। यदि त्यहाँ भोलि छ भने, तिनीहरु नै भोलिका मानिसहरु हुनेछन्। म यो संदेश कहिल्यै पनि मरेको चाहदिन। म त्यो चाहन सक्दिन। यो जीवित नै रहनुपर्छ। र मलाई लाग्दैन कि यसलाई ल्याउनको लाइ हामीसंग लामो समय बाकि छ भनि।

त्यो सानो बच्चा जो मर्न लागेको छ भनि तिनीहरुले भनेका थिए, मैले देखे कि तपाईसंग आज दिनभरी मण्डलीमा नै थियो, बहिनी। त्यो एकदम राम्रो हो। हामीहरु त्यसको लागि प्रभुलाई धन्यवाद दिदछौ, कि परमेश्वर कृपालु हुनुहुन्छ, दयाले भरीपूर्ण हुनुहुन्छ। केवल विश्वास गरिरहनुहोस् जुन कुरा तपाईलाई यहाँ भनिएको थियो, बुझ्नुभयो, यो सबै ठिक हुनेछ।

अब तपाईहरु शिक्षाको आनन्द लिईरहनुभएको छ? तपाईलाई शिक्षा मन परिरहेको छ? [सभाले भन्छ, "आमेन।"—सम्पा।] ओ, म—म—म साचै नै विश्वास गर्छु कि यसले हामीलाई भलाई नै गर्छ। यसले हामीलाई

बिमारीहरुबाट प्रार्थना गर्नबाट, दर्शनहरु, र दिव्य चंगाईबाट थोरै विश्राम दिन्छ। अवश्य पनि, अब, आज राति हामी...सेवा पश्चात, हामीहरु फेरी विरामीहरुको निम्ति प्रार्थना गर्नेछौ, आजराति। हामीहरु सधै त्यो गर्न चाहन्छौ, जो कसैलाई कुनै पनि समयमा बप्तिष्मा दिन तयार छौ।

कति जनालाई याद छ जब म विजुलीको तारको कामको लागि हिड्ने गर्थे? ठिक छ, म ठिक त्यो विजुलीको तारको लागि धेरै पटक हिडेको छु, एकै दिनमा त्यो उजाड ठाउँबाट तिस मिल बाटो भएर हिड्थे। मैले दुइ सय अस्सी मिल विजुलीको तार भएर हिड्न पर्ने हुन्थ्यो। म त्यहाँ तल बाट भएर जान्थे, मेरो हातमा शर्ट लिएर, र, ओ, एकदम थकित भई, त्यो जंगलबाट भएर हिड्दै, र त्यो हरियो झाडीलाई काट्दै जान्थे। केहि पुरानो किसानलाई भेटेर त्यो एउटा रुख मुनि बसी उहा संग प्रभु येशूको नाउँमा बप्तिष्मा भएको विषयमा कुरा गर्थे। उहाले भन्नुहुन्थ्यो, "अँ, मैले जहिल्यै पनि बप्तिष्मा लिन चाहन्थे।"

मैले भन्थे, "यो त्यति टाढाको कुरा त होइन।" र उहाले भन्नुहुन्थ्यो...

र मैले त्यहाँ तल धेरै जनालाई लिएर येशूको नाउँमा बप्तिष्मा दिएको थिए। ठिक त्यहाँ तल रेखामा लान्थे, जत्ति मैले जान सक्थे त्यति गर्थे। त्यो ठिक हो। धेरै पटक मेरो पुरानो काम गर्दा लाउने कपडामा, एउटालाई बप्तिष्मा दिएर त्यहाँ बाट आउथ्यौ। त्यहाँ खम्बामा काम गर्दै गर्दा; म एउटा विजुलीको तारको काम गर्ने व्यक्ति थिए, त्यो खम्बामा काम गर्दै, एउटा व्यक्ति संग, उ संग प्रभुको बारेमा पनि कुरा गर्थे। उनले भन्थ्यो, "किन, बिल्ली, कुनै दिन म तिम्रो मण्डलीमा आउनेछु र बप्तिष्मा लिनेछु।"

2 मैले भन्ने गर्थे, "त्यसो भए तपाई किन त्यस दिनसम्म पर्खिरहनुहुन्छ? हामी ठिक खोलाकै छेउमा छौ, ठिक त्यहाँ प्रशस्त पानी छ।" तिनीहरुहरु त्यहि निर समाउथे। त्यो सहि हो। त्यहि नै समय हो। फिलिपले भनेका थिए...

3 नपुंसकले फिलिपलाई भन्यो, "यहाँनिर पानी छ, मलाई के ले रोक्छ?" त्यो सहि हो। केहिले रोक्दैन। यदि तपाई तयार हुनुहुन्छ भने, त्यहि नै समय हो। शैतानलाई त्यहाँ केहि खराब गर्ने मौका नदिनुहोस्। तपाईले आज गर्ने सक्ने कुरा भोलिको लागि भनेर नराख्नुहोस्। तपाईको लागि भोलि न आउन पनि सक्छ। मलाई याद छ एकपटक मैले त्यसो गरेको थिए, त्यसबाट सिके, त्यसले मलाई एउटा पाठ सिकायो। मैले केहि कुरा

राखे जुन मैले एक दिन गर्न पर्नेथियो, र अर्को दिन त्यो गर्नको लागि धेरै ढिला भईसकेको थियो।

4 अब, साचै नै म तपाईहरुलाई यो सबै राख्न चाहन्न। तर मलाई अहिले यति नै घाउ भएको छ, र, मलाई थाहा छैन, म केवल एकदम राम्रो महसूस गरिरहेको छु कि जबसम्म बस म आफुले आफैलाई, लगभग पूरै तरिकाले आफैलाई प्राप्त गर्दिन। म मात्र यति राम्रो महसूस गरिरहेको छु।

5 अब हामीहरु वचनको लागि अघि बढ्नु भन्दा अगाडि हाम्रा शिरहरु केहि समयको लागि निहुराऔ।

6 हाम्रो स्वर्गीय पिता, तपाई सदाको निम्ति जीवित परमेश्वर हुनुहुन्छ। त्यो सूर्य जुन भर्खरै अस्ताएको छ त्यहि सूर्य, त्यो अस्ताएको बेलामा दनिएलले त्यसलाई देखेका थिए, यर्मियाले त्यसलाई अस्ताएको देखेका थिए, आदमले त्यो अस्ताएको हेरेका थिए, येशूले त्यो अस्ताएको हेर्नुभएको थियो। र यो त्यहि नै संसार हो जहा तिनीहरु जिएका थिए र हिडेका थिए, र तपाई अझै पनि उहि परमेश्वर रहनुभएको छ।

7 आज राति त्यहाँ धेरै अनुरोधहरु छन्। एउटा व्यक्ति जो दिमागमा ट्युमर सहित हुनुहुन्छ, एउटा बहिनीले पनि त्यहि डरमा बस्नुभएको छ। तपाई मात्रै एक आशा हुनुहुन्छ, प्रभु, जुन त्यहाँ छ। त्यो ट्युमर घातक भईसकेको छ, त्यहाँ केहि कुराले त्यसलाई रोक्न सक्दैन। त्यो डक्टरको हातको पहुँचबाट टाढा भईसकेको छ। तर हामी आज हाम्रो सानो गुलेलीका साथ त्यो थूमाको पछि जाँदछौ, त्यसलाई पिताको बगालमा फर्काई ल्याउनको निम्ति। येशू ख्रीष्टको नाउँमा हामी हाम्रा प्रार्थनाहरु त्यस सिंह, ट्युमर, त्यो दुष्टतालाई मार्न, र थूमालाई सुरक्षित बगालमा फर्काएर ल्याउनको निम्ति निर्देश गर्दछौ।

8 र हामी, परमेश्वर, हाम्रो प्रिय राष्ट्रपतिलाई पनि सम्झिन्छौ, भाई, हाम्रो डविट आईजेनहोवर। उहाले यस देशलाई अगुवाई गर्नुभएको छ, प्रभु, उहाँले हामीलाई युद्धबाट टाढा राख्ने कोशिष गर्नुभएको छ। उहाले वाचा गर्नुभएको छ कि कोरियन युद्ध अन्त्य हुनेछ यदि उहाँले गर्नसक्ने त्यहाँ कुनै तरिका छ भने। उहाँले ती आमाहरुलाई प्रतिज्ञा गर्नुभएको छ कि ती केटाहरु उहाँले फर्काएर ल्याउनुहुनेछ। तर उहाले भन्नुभएको छ, "यसलाई मैले गर्नको लागि, मैले त्यो गर्न सक्दिन। मैले मेरो बल लगाउन सक्छु, तर परमेश्वर स्वयमले त्यो गर्नुपर्नेछ।" र तपाई उहाँसंग हुनुहुन्थ्यो प्रभु, र

अब यो सबै मामला मिलेको छ। किन तिनीहरुले यसलाई शूरुवातमा नै देखेनन्? परमेश्वर, म प्रार्थना गर्छु कि तपाईले मद्धत गर्नुहुनेछ। ती साहसी प्राणहरुलाई आशिष दिनुहोस्, प्रभु। र हामी प्रार्थना गर्दछौ कि तपाईले हाम्रो निम्ति अगुवा खोज्नुहुनेछ जो अब हुन आउनेछ। तपाईले पूर्व नियुक्त गर्नुभएको नै पूरा हुनेछ, प्रभु।

9 र त्यो एउटा कुरा जसमा आज्ञा राति हामी अत्यन्त रुची राखेका छौ, हाम्रो राष्ट्रिय मामला भन्दा बाहेकमा, जुन त्यो महान् र महिमामय एक हुनुहुन्छ जो राज्य गर्न आउदै हुनुहुन्छ जुनको कुनै अन्त्य छैन, प्रभु येशू, तपाईको पुत्र। तब तिनीहरुले हतियार छोड्नेछन्, त्यो आवाज बज्नेछ, र त्यहाँ अरु कुनै युद्धहरु हुनेछैन। तिनीहरु दाखमद्य रोप्नेछन्, र त्यसको फलहरु खानेछन्। तिनीहरुले घरहरु बनाउनेछन्, तिनीहरुलाई वास गर्नेछन्। र त्यसपछि त्यहाँ कुनै संकष्ट हुनेछैन।

10 हामी वचनमा जादैछौ हामीलाई आशिष दिनुहोस्। र, पिता, तपाईलाई थाहा छ कारण कि म ठिक यहाँ धर्मशास्त्रबाट वचनमा जाँदैछु। यो किनभने म—म महसूस गर्छु कि तपाईले यहि तरिकामा मैले गरेको तपाईले चाहनुहुन्छ, कि यो तपाईको दिव्य इच्छा हो, यो तपाईको आदेशमा हो, यो...यो आजको आदेश हो, कि मानिसहरुले आफ्नो स्थान पदिय ढंगले पाउन सकून् र लडाईको घडिको लागि तयार हुन सकून्। जसरी हाम्रो भाईले प्रार्थनामा तपाईलाई भन्नुभएको थियो केहि समय अगाडि, “ओ, प्रभु तपाईले हामीलाई यति लामो समयसम्मको लागि प्रशिक्षण दिनुभएको छ।” अब, पिता, हामीलाई हाम्रो श्रेणी दिनुहोस्। हामीलाई त्यहाँ राख्नुहोस् जहाँ हामीले जे गर्नको लागि लागि छौ, ताकि हामी पिताको व्यवसायमा हुनसकौ। किनकि हामी यी सब तपाईको पुत्र येशूको नाउँमा माग्दछौ। आमेन।

11 एउटा अद्भूत दिन रह्यो यस दिउसोमा, लुइसविलमा भएको प्रसिद्ध चिकित्सकसंग कुरा गर्दा, उहाको नर्ससंग कुरा गर्न पाउदा। तिनीहरुले प्रभुको महिमामय कार्यको बारेमा सुनेका रहेछन्। र उहाँको पिता पनि एउटा चिकित्सक हुनुहुन्थ्यो। र उनी आउनुभयो र अधिकांश दिउसोको समय मेरो कोठामा औनुभयो, भित्र आउनुभयो। एउटा असल व्यक्ति हुनुहुन्थ्यो, अझ एउटा केहि कठोर, तपाईलाई थाहा छ, निष्ठावान्, एउटा सच्चा प्रेस्बीटेरियन हुनुहुन्छ, तर उहाको गालाबाट आशु बगेर छोड्यो। ओ, म...परमेश्वरले तिनीहरुलाई केवल सबै कुरामा टासीराख्नुभयो,

चिकित्सकको कार्यलयमा, नर्सहरुमा। मलाई लाग्दैन कि त्यहाँ नोर्टन इन्फर्मरी अस्पतालमा कुनै एउटा नर्स बाकि रहेको छ जसलाई मैले पवित्र आत्मा भएको बारेमा नभनेको होस्, र यो नसोधेको होस् कि यदि उहाहरुले येशूको नाउँमा बप्तिष्मा लिएको छ या छैन। एउटा चिकित्सक पनि छैन, कहिँ कतै, जसको सम्पर्कमा म नआएको, या नोर्ट–...बुझ्नुभयो?

12 तिनीहरुलाई यस बारेमा भन्नुहोस्। हामीसंग धेरै समय बाकि छैन, भाई। जति सुकै कठिन यहाँ देखे तापनि केवल तपाई त्यस अन्तिम श्वाससम्मको लागि प्रतिक्षा गर्नुहोस् जो त्यस पारी जानेछ, बुझ्नुभयो, तब तपाईले त्यो गरेको भए हुन्थ्यो भनि चाहना गर्नुहुन्थ्यो। हो, श्रीमान्। त्यो समय सम्मको लागि नपर्खनुस्, अहिले नै गरिहालौ। यहि नै घडि हो। ओ, तिनीहरुले असहमत हुनसक्छा, र यसको बारेमा थोरै धुवाँ र उपद्रव हुनसक्छा, तर त्यो नै तिनीहरुले गर्न खोजेका होइनन्। तिनीहरु—तिनीहरु—तिनीहरु सबै सहि छन्। तिनीहरु तपाईको विरुद्ध आउलान्, केवल—केवल याद गर्नुहोस्, तिनीहरु—तिनीहरुको वास्वतमै त्यहि मतलव होइन। तिनीहरुको त्यहि नै मतवाल होइन। तिनीहरु हुनसक्छ त्यसरी सिकाईएका होलान् र तिनीहरु त्यसैमा यसकारणले झुन्डिरहेका हुनसक्छान्, ताकि तपाईले तिनीहरुको धारणा देखन सकेहोस्। तिनीहरुसंग हङ्गामा नगर्नुस्, हामीहरु कोहिसंग पनि हङ्गामा नगर्नुस्, तर केवल तिनीहरुलाई त्यसैमा प्रेम गर्नुहोस्। त्यसपछि तिनीहरुको निम्ति प्रार्थना गर्नुहोस्।

13 ठिक छ, मलाई लाग्छ हामीहरु तल ९ औ पदमा पुगेका थियौ, म पक्का छैन। त्यो ३ अध्यायबाट लामो पुगेको हो, होइन र साथीहरु? तर ओ, मेरो लागि त्यो चट्टान माथिको मह हो! याद गर्नुहोस् हामीले बोलिरहेका थियौ ताकि हामीले फेरी थोरै पृष्ठभूमी पाउन सकौ। र अब, भाई नेभिल, तपाई—तपाईले मलाई थोरै तान्नुहोला यदि मैले समय सिद्दीरहेको देख्न असफल रहे भने, ताकि मैले बिमारीहरुको निम्ति प्रार्थना गर्नसकूँ। हामीहरु सकेसम्मको हरेक सानो कण लिन चाहन्छौ। र आज राति म वेदिको वोलावट गर्न चाहन्छु। म...यसमा समाप्त गर्दै जहाँ बाकि रहेको सम्म म पढ्न सक्षम रहन्छु।

14 तर यसको उदेश्य चाहि, तपाईको स्थान ख्रीष्टमा हेर्नु हो, यो देख्नु हो कि यो केवल त्यो चिज होइन जसमा तपाई अड्किरहनुभएको छ, या केहि त्यस्तो जसमा यो छ...जहाँ कतै तपाईले फाइदा पाउनुभएको छ, तर

यो हो जे परमेश्वरले आफैले तपाईको निम्ति गर्नुभयो। यो होइन कि तपाई यति असल हुनुहुन्थ्यो कि तपाई एकरात मण्डलीमा जानुभयो, कि कुनै गरिब भाईले तपाईलाई डोहोर्याएर वेदिसम्म लग्यो। र त्यो त्यस्तो होइन। त्यो परमेश्वर हुनुहुन्थ्यो, संसारको उत्पत्ति हुनभन्दा अगाडि नै तपाईलाई अनन्त जीवनको लागि पूर्वनियुक्त गर्नुभयो। जब तपाई त्यस दिन त्यहाँ पुग्नुभयो, केहि आश्चर्य छैन कि चालिस...चौविस धर्मगुरूले आफ्नो मुकुट बिछाए, हरेकले आफ्नो मुकुट बिछाए, सबैजनाले आफ्नो मुहार निहुराए, तिनीहरुसंग भन्नको लागि एउटा पनि कुरा थिएन, कुनै प्रचारक, कुनै एल्डर, कोहि पनि थिएन। सबै प्रसंशा थूमालाई होस्! परमेश्वरले त्यस दिनमा आफ्नो लागि सबै कुरा भेला गराउनुहुनेछ। ओ, यदि हामीले उहा को हुनुहुन्थ्यो जो क्रूसमा टाँगिनु भयो भनि कहिल्यै जान्न र चिन्न सके। अब यसमा...

15 थोरै पृष्ठभूमि पाउनको लागि हामीहरु ८ औ पदमा शूरू गर्नेछौ।

*किनकि सम्पूर्ण बुद्धि र आन्तरिक अमभमा ख्रीष्टमा राख्नुभएको उदेश्य अनुसार*

*उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ...*

16 "आफ्नो इच्छाको रहस्य।" र याद गर्नुहोस् कसरी हामी त्यस विषयमा भुन्डिरह्यौ? कतिजना हुनुहुन्थ्यो आजको बिहानीमा, हेरौ। हामीहरु त्यसैमा अड्किरहेका थियौ, "उहाँको इच्छाको रहस्य।" अब, यो केवल एउटा सानो कुरा होइन, यो एउटा रहस्य हो। परमेश्वरको इच्छा एउटा रहस्य हो। र हरेक मान्छेले आफ्नै लागि परमेश्वरको इच्छालाई खोजी गर्नुपर्छ, परमेश्वरको रहस्य।

17 हामीले कसरी पत्ता लगाउछौ त? पावल, यो उसलाई थाहा दिईएको थियो। उनले भने उनले यो कुरा नै मानिससंग कुरा गरेनन्, कुनै मासू र रगतसंग। उनी कुनै विद्यालयमा गएनन्, कुनै सेमीनारीमा गएनन्। ती सबै कुरासंग उनको केहि सरोकार नै थिएन। तर उनी...उनलाई यो येशू ख्रीष्टद्वारा प्रकास गरिएको थियो, जसले उनलाई दमास्कसको सडकमा, एउटा आगोको खामो जस्तो गरी एउटा—एउटा ज्योतिको रूपमा भेट्नुभएको थियो। र उनी अरबमा गए, र त्यहाँ तिन वर्षसम्म बसे। ओ, के तपाई कल्पना गर्नुहुन्न त्यो केहि समय थियो, भाई इगान? तिन वर्षसम्म पावल तल त्यहा अरबमा बसे, कुनै ठाउँमा आफ्नो लागि केहि

सानो घर भाडामा लिए, घरको तल्लामा तल र माथि गर्दै, त्यो पुरानो चर्मपत्र सहित। तिनीहरुसंग नयावाला थिएन; अधिकांश ती पावलले लेखे। ठिक यो पुरानू चर्मपत्रमा, कसरी त्यो परमेश्वर, आदिमा, हामीलाई अनन्त जीवनको लागि पूर्व नियुक्त गर्नुभयो। कसरी उहाँ येशूलाई पठाउने योजना थियो, ताकि यो बलिदानद्धारा हामीमा जीवनको वृक्षमा अधिकार हुनेथियो। तिनीहरु जसलाई उहाले पहिले नै चिन्नुभएको थियो, उहाले तिनीहरुलाई बोलाउनुभयो; तिनीहरु जसलाई उहाँले बोलाउनुभयो, उहाले तिनीहरुलाई पहिले नै धार्मिक पनि तुल्याउनुभयो; तिनीहरु जसलाई उहाँले धार्मिक तुल्याउनुभयो, उहाले तिनीहरुलाई महिमित पनि पार्नुभयो। परमेश्वर, संसारको संसारको शुरूवात देखिनै, उहाको पुत्रहरु हुनको लागि पहिले नै अभिग्रहण अर्थात् धर्मपुत्र बनाउनलाई पूर्वनियुक्त गर्नुभयो। अब अहिले पुरै सृष्टिले उत्कण्ठाका साथ परमेश्वरको पुत्रहरु प्रकट हुनेकुराहरुको निम्ति पर्खिरहेका छन्। ओ, म कल्पना गर्नसक्छु कि पावल अद्भूत समय गईरहेको थियो। म त्यहाँ उनीसंग हुन पाए भन्ने इच्छा गर्थे। के तपाईले गर्नुहुन्न?

18 अब उनले भने, “उहाँले हामीलाई रहस्य थाहा दिनुभयो।” तपाईमा केहि समय पवित्र आत्मा हुन दिनुहोस्, र त्यसलाई चल्न दिनुहोस् र हेर्नुहोस् उहाँ कसरी जानुहुन्छ। आजको दिनमा मसंग थियो, ओ, करिब तिस मिनेटको अध्ययन थियो, यो पाठ हेर्नको लागि; अझै त्यो पनि होइन होला, मलाई लाग्छ त्यसको पनि आधि समय, समयको विचको पन्ध्र मिनेट। र मैले जारी रहन दिए, र मैले सोचे, “रहस्य, कति रहस्यमय!” र धर्मशास्त्रले मलाई पुरानो करारमा पोको पार्यो, त्यसपछि फेरी नया करारमा ल्यायो; केहिकुरा दुईटैलाई बान्यो, र उहाँको आगमनको रहस्य हेर्नुहोस्, उहाको इच्छाको रहस्य, हामीहरु संगै बसिरहेको रहस्य। तपाईले यसलाई शिक्षाबाट, थियोलोजीबाट थाहा पाउनुहुन्न। यो त्यो रहस्य हो जुन संसारको उत्पत्ति हुनभन्दा अगाडि देखि लुकाएर राखिएको थियो, परमेश्वरको पुत्रहरु प्रकट हुनलाई पर्खिरहेको थियो।

19 मलाई भन्नुहोस्, मेरा दाजुभाई, मलाई भन्नुहोस्, मेरा दिदिबहिनीहरु, अहिलेको समय भन्दा बाहिर कहिले चाहि परमेश्वरको पुत्रहरु प्रकट हुने हो? इतिहासमा कहिले चाहि समय थियो जब तिनीहरु प्रकट भई सारा प्रकृतिलाई छुटकारा दिएको थियो? प्रकृति, प्रकृति आफै नै उत्कण्ठाले प्रकट हुनेसमयलाई पर्खिरहेको छ। किन, प्रायश्चित बनाउनुभन्दा पहिले, पवित्र आत्मा खन्याईनुभन्दा पहिले, सबै पुरानो करारभन्दा पहिले,

त्यहाँ तल, कुनै प्रकट हुने कुरा हुनसक्दैन। त्यसले यो समयसम्मलाई पर्खनुपर्थ्यो। अब सबै कुरा फर्काएर ल्याईएको छ, आउदै छ, शिर्ष ढुंगाले रुप लिदैछ, परमेश्वरको पुत्रहरुको प्रकट हुनेकुरा फर्केर आउदैछ, र परमेश्वरको आत्मा यी मानिसहरुमा आउदैछ, यति सिद्धताका साथ, कि तबसम्म जब तिनीहरुको सेवकाई ख्रीष्टसंग यति नजिक हुनआउछ कि यसले उहालाई र उहाँको मण्डलीलाई जोड्नेछ।

20 तपाईहरु कति जनाले पिरामिडको इतिहास अध्ययन गर्नुभएको छ? मलाई लाग्छ एक युवतीले यहाँ हात उठाउनुभएको छ। ठिक छ।

21 परमेश्वरले तिनओटा बाईबल लेख्नुभयो। ती मध्ये एउटा आकासहरुको राशीमण्डल हो, त्यो पहिलो बाईबल थियो। मानिसहरुले परमेश्वर माथिबाट हुनुहुन्छ भनि जान्नको लागि हेर्नुपर्थ्यो, राशिमण्डललाई पछ्याउनुपर्थ्यो, के तपाईले कहिल्यै यो अध्ययन गर्नुभएको छ? यसले यहाँसम्म कि हरेक युग समेत दिन्छ, यहासम्मकि कर्कट राशि युग। यसले शुरूवात दिन्छ, पहिलो...ख्रीष्टको जन्म। राशिमा पहिलो राशि के हो? कन्या। अन्तिम राशि के हो? सिंह राशि। ख्रीष्टको पहिलो र दोश्रो आगमन, यी सबै त्यसमा लेखेको छ।

22 त्यस पछि अर्को बाईबल लेखियो, त्यो ढुंगामा लेखियो, जुनलाई "पिरामिड" भनिन्छ। परमेश्वरले पिरामिडहरुमा लेख्नुभयो। यदि तपाईले त्यसलाई अध्ययन गर्नुभएको छ भने प्राचिन इतिहासहरु र युद्धहरु हेर्नुहोस्, कसरी तिनीहरुले प्रलय–पूर्व नै निर्माण गरेका थिए।

23 तेस्रो चाहि कागजमा लेखिएको थियो, बाईबल, ती महान्, होसियार र विद्वान संसारको जुन आउदैथियो। अब, जसरी परमेश्वर युगौ देखि भएर आउनुभयो, हामीहरु अहिले लियो, सिंहमा छौ। हामीहरु पिरामिडको शिर ढाक्ने समयमा छौ। हामीहरु प्रकाशको पुस्तकनिर छौ, अन्तिम अध्यायमा छौ। विज्ञानले भन्छ कि हामी मध्यरातको केवल तिन मिनेट अगाडि मात्रै छौ। ओ, सोच्नुहोस् हामीले अहिले कहाँ छौ।

24 र ध्यान दिनुहोस्, पिरामिडलाई लिऔ, यो सजिलो छ। यो एक तरिकाले त्रिभुजमा भएर चल्छ।

25 जब हामी यहाँ शुरूवाती युगको मण्डलीमा शुरूमा थियौ, लूथरको समयको सुधारपछि, केवल मान्छेको रूपमा भन्दा उनी एउटा इसाई थिए, जसको लागि यो जीवन या मरणको अर्थ राख्थ्यो। तिनीहरुले उनलाई

म इसाई हुँ भनेकै कारणले मार्थे। त्यसैले सतावटबाट भएर जान...हरेक युगमा, हरेक समयबाट भएर जान, त्यहाँ सतावट आएकै थियो। "ती सबै जो ख्रीष्ट येशूमा इश्वरीय जीवन जिउथ्यो तिनीहरु सतावटबाट भोग्नै पर्थ्यो।" लुथरको युगमा, "एउटा लुथरन" हो भन्नु भयानक थियो। तपाई एउटा अन्धोविश्वासी ठानिन्थ्यो, र मृत्युसम्म दिईन्थ्यो। धेरै पटक तिनीहरुलाई दाँवमा यातना दिईन्थ्यो, जिउदै जलाईन्थ्यो, र लुथरनहरुलाई त्यस्ता सबै किसिमको सतावट दिईन्थ्यो।

26 त्यसपछि मण्डली साँगुरो हुदै गयो, पिरामिड जसरी। त्यो अनुग्रहको अर्को खुड्किलोमा प्रवेश गर्यो जुन पवित्रीकारण थियो। वेस्लीको समयमा, जब उनले एन्गलीगन चर्चको विरोध गरे, उनले पवित्रीकरण सिकाए। यो फेरी अल्पसङ्ख्यमा आयो, त्यसपछि तिनीहरुलाई एउटा अन्धोविश्वासीको झुण्ड भनिन थालियो।

27 यहाँभित्र कतिजना हुनुहुन्छ जो मेथोडिष्ट हुनुहुन्थ्यो, वा हुने गर्थ्यो, या एकपटक मेथोडिष्टसंग जोडिनुभएको थियो? तपाईहरु आधा जसो हुनुहुन्छ। के तपाईलाई थाहा छ मेथोडिष्ट मण्डलीसंग एकपटक झन्डै झन्डै पवित्र आत्मा भईसकेको थियो? म मेथोडिष्ट मण्डलीहरुमा गएको छु र तिनीहरु भुइँमा लडेर, तिनीहरुको मुखमा पानी छर्केको र पंखाको हावाले लगाईरहेको, र पवित्र आत्मा तिनीहरुमा आउन दिईरहेको थियो। त्यो सहि हो। अब, त्यहि नै सत्य हो, तल त्यहाँ केन्टकिको डाँडामा जहाँ ती मेथोडिष्टहरु थिए। तपाईहरु यहाँ निर मण्डलीमा शामिल हुनुभएको हो। त्यहाँ हाम्रा मेथोडिष्टहरु थिए, र ब्याप्टिष्टहरु। हामीहरु तल वेदिमा जान्थ्यो र एकअर्कालाई पिटथ्यौ जबसम्म हामीले केहि पाउदैन थियौ। हामी त्यसबाट भएर आयौ, त्यसपछि हाम्रो जीवन फरक भयो।

28 तर तपाई केवल आउनुहुन्छ र तपाईको पुस्तकमा लेख्नुहुन्छ र भन्नुहुन्छ, "म एउटा मेथोडिष्ट हुँ।" र नून हल्लाउने ल्याउनुहुन्छ र तपाईमा थोरै पानी छर्कनुहुन्छ, र त्यहि नै सबै हो तपाईको लागि। बाहिर जानुहुन्छ र छोटा वस्त्र लगाउनुहुन्छ, रंगरोदन गर्नुहुन्छ, घोडाको दौड दौडनुहुन्छ, बाजी राख्नुहुन्छ, जुवा खेल्नुहुन्छ, स्लट मेसिन खेल्नुहुन्छ र त्यस्ता सबै कुरा गर्नुहुन्छ, र अझै पनि असल मेथोडिष्ट भन्नुहुन्छ, बुझ्नुभयो। त्यो मेथोडिष्ट होइन। त्यो त केवल मण्डली भर्ना हुन आउनेहरु मात्रै हो। त्यो सहि हो। ब्याप्टिष्ट, पनि त्यस्तै नै छ, प्रेस्बीटेरियन पनि त्यहि मार्गमा छ।

29 जसरी डेविड डुप्लेसिसले भनेका थिए, “नातिनातिना, परमेश्वरको नातिनातिना हुदैन।” परमेश्वरको कहिल्यै पनि नातिनातिना हुदैन। उहासंग पुत्रहरु छन् तर नातिहरु छैन। त्यो सहि हो। तपाई...तिनीहरु जो मेथोडिष्ट मण्डलीमा आउछन्, या पेन्टिकोष्टल मण्डली, या ब्याप्टिष्ट मण्डली, किनभने तपाईको आमा या बुवा पेन्टिकोष्टल या ब्याप्टिष्ट थियो, त्यसैले तपाई चाहि नाति हुनुहुन्छ। तिनीहरु पुत्रहरु थिए। तपाई एउटा नाति हुनुहुन्छ, बुझ्नुभयो। त्यसैले परमेश्वरको नाति भन्ने चिज छैन। आज मण्डलीमा त्यस्ता धेरै कुराहरु छन्, तर—तर परमेश्वरको त्यस्तो हुदैन।

30 अब, यो ध्यान दिनुहोस्, तल सम्म हेर्नुहोस् जबसम्म यो तल आउदैन, जस्तो यो अल्पसङ्ख्यमा छ, मण्डली। पेन्टिकोष्टल युग आयो। त्यसले निश्चित रुपमा धेरै कुरा गाठोहरुलाई काटिदियो। तब त्यसले के गर्यो? त्यसले केवल मेथोडिष्ट र लुथरनलाई पछाडि छोडिदियो।

31 अब पवित्र आत्मा ठिक पेन्टिकोष्टल युगबाट सरेर टाडा गयो। तिनीहरुले के गरे? तिनीहरुले आफैलाई संस्थागत गरे, “हामीहरु एसेम्ब्लिज अफ गड हौ। हामीहरु वान्नेस हौ। हामीहरु दुइ परमेश्वर मान्नेहरु हौ। हामीहरु चर्च अफ गड हौ। हामीहरु *फालाना,* या *ढिस्काना।* तपाई त्यसको हुनुहुन्न, तपाई स्वर्गमा तबसम्म पुग्नसक्नुहुन्न जबसम्म किताबमा तपाईको नाम छैन।” ओ, वाहियात कुरा! मलाई फरक पर्दैन यदि तपाई ब्याप्टिष्ट, मेथोडिष्ट, प्रेस्बिटेरियन हुनुहुन्छ, तपाईले आफ्नो नाउँ जीवनको पुस्तकमा राख्नुहोस् र परमेश्वरले त्यहाँ राख्नुहुन्छ। यदि तपाई अनन्त जीवनको लागि पूर्वनियुक्त हुनुहुन्थ्यो भने, तपाईलाई परमेश्वरले केहि तरिकामा बोलाउनुहुन्छ, जसरी भए पनि, कुनै तरिकामा बोलाउनुहुन्छ। उहाले निश्चय नै त्यसो गर्नुहुन्छ। “सबैकुरा जुन पिताले मलाई दिनुभएको छ म कहाँ आउनेछ।” तपाई जुनसुकै मण्डलीको भए पनि त्यसको यससंग केहि सम्बन्ध नै छैन। तर धार्मिक संगठित संस्थाले तपाईलाई कहिल्यै एउटा कुरा पनि गर्न सक्दैन, तर परमेश्वरमा तपाई जानको लागि चाहि धेरै नै बाधा पुर्याउन सक्छ, तर त्यसले सहायता कहिल्यै गर्न सक्दैन। तपाईलाई विश्वासीहरु र अविश्वासीको झुण्डमा एकत्र गराउछ। अवश्य तपाई जहाँकहिँ जानुहुन्छ तपाईले त्यो भन्नुहुनेछ, र त्यो स्वर्गमा पनि तिनीहरुमा भएको थियो। त्यसैले यो सबै ठिकै छ, तर तपाई आफ्नो धार्मिक संगठित संस्थालाई हेरिरहनुभएको छ। येशूलाई हेर्नुहोस्, उहा नै हुनुहुन्छ जसलाई हामीले हेर्नुपर्दछ।

32 अब जसै हामी तलतिर आईरहेका छौ...तिनीहरुसंग...म विश्वास गर्छु कि यहाँ यस महिलाले आफ्नो हात उठाउनुभएको छ, कि तपाईले पिरामिडको बारेमा अध्ययन गर्नुभएको छ। तपाईलाई थाहा छ, पिरामिडलाई कहिल्यै पनि शिर्ष ढुंगाले छोपेको थिएन। थियो र? कहिल्यै पनि त्यसमा शिर्ष ढुंगा राखिएको थिएन। तिनीहरुले कहिल्यै यहाँसम्मकि यो पत्तासमेत लगाउन सकेनन्। तिनीहरुलाई थाहा समेत छैन कि त्यस शिर्ष ढुंगालाई के भयो भनि। किन? किन त्यो शिर्ष ढुंगा राखिएन, शिर्ष ढुंगा, त्येसो टुप्पो? किनभने उहाँ इन्कार गरियो जब उहाँ आउनुभयो। उहाँ नै इन्कार गरिएको पत्थर हो। त्यो सहि हो। तर यो शिर्ष ढुंगा लगाईनेछ। त्यो सहि हो। र ती त्यो ढुंगा जुन शिर्षढुंगाको चारैतिर समूचित हुन्छ, त्यो यस्तो ढुंगा हुनुपर्नेछ जुन त्यस शिर्ष ढुंगा जस्तै हुनेछ, जुनले त्यसलाई समुचित गर्छ, सबैठाउमा ठिक तरिकाले जोडिएको हुनेछ। त्यो पिरामिड यस्तो सिद्ध छ कि तपाईले त्यसको विचबाट रेजर ब्लेडले काट्न सक्नुहुन्न, जहानिर ती ढुंगाहरु संगै जान्छ। एकदम सुन्दर राजगिरी। ती मध्ये केहि हावामा सयौ टनको वजन नाप्छ, र यति सिद्धसंग संगै राखिएको छ।

33 त्यहि नै तरिकामा परमेश्वरले आफ्नो मण्डलीलाई ल्याईरहनु भएको छ। हामीहरु समूचित रूपमा संगै जोडिएका छौ, एकै हृदय र एकै ढुकढुकि साथ। अब कसैले भन्छ, “ठिक छ, विगतका ती समयमा लूथरनहरु संग केहि थिएन।” तपाईले विश्वास नगर्नुस्। लुथरनहरु पनि त्यसरी नै पुनरुत्थानको समयमा उठेर आउनेछन् जसरी बाकि रहेकाहरु पुनरुत्थानमा आउदछन्। ब्याप्टिष्ट, प्रेस्बीटेरियन, र सबै परमेश्वरका सन्तानहरु, त्यस दिनमा पुनरुत्थानमा आउनेछन्। र त्यहि नै कारणले आज्ञा मानिसहरुले भन्छन्, “ओ, ठिक छ, त्यहाँनिर विशाल जागृति हुनेछ जसले त्यहाँ सयौ लाखौ पेन्टिकोष्टलहरु बचाईनेछन्। तिनीहरु सबै बचाईनेछन् र त्यसपछि र्याप्चर हुनेछ।” तपाई गलत हुनुहुन्छ। र्याप्चरमा सयौ र हजारौ हुनेछ, त्यो सहि हो, तर तिनीहरुहरु छ हजार वर्षको मुक्तिबाट बन्नेछ, वितेको छ हजार वर्ष देखि। जसरी मानिसमा ज्योति आउछ मानिस ज्योतिमा हिड्छ, उसले पुलहरु तर्छ जब ऊ त्यसमा आईपुग्छ। अब, यदि उसले यो इन्कार गर्छ भने, त्यो अन्धकारमा छोडिनेछ। तर यदि उ अगाडि बढ्दै गयो भने!

34 अब, ध्यान दिनुहोस्, त्यसपछि प्रभु येशूको आगमन यति नजिक छ कि आत्मा जुन यहाँ बाट...केवल कठिनसंग न्यायकरण, पवित्रीकरण, पवित्र आत्माको बप्तिष्मा, र अब ठिक शिर्षढुंगा आउने समयसम्म। मण्डली

ख्रीष्ट जस्तै यतिसम्म सिद्ध हुनुपर्छ कि ख्रीष्ट र मण्डली एकसाथ एकतामा हुनपर्दछ, एकै आत्मामा। र यदि ख्रीष्टको आत्मा तपाई भित्र छ भने, यसले तपाईलाई ख्रीष्टको जीवन जिउने बनाउछ, ख्रीष्टको जिउनको व्यवहार गराउछ, ख्रीष्टको कार्यहरु गर्न लगाउछ। "तिनीहरु जसले ममा विश्वास गर्दछ, मैले गरेका काम तिनीहरुले पनि गर्नेछन्।" येशूले त्यो भन्नुभयो। बुझ्नुभयो? अब हामीसंग हुनजादैछ, हामीमा एउटा सेवकाई आउदै छ जुन ठिक ख्रीष्टको जीवन जस्तो हुनेछ। त्यस सेवकाईले के पहिचान गराउनेछ? परमप्रभुको आगमन।

35 यसलाई आजको संसारमा हेर्नुहोस्, र हेर्नुहोस् त्यो क्रूसवको भनाईलाई, ती अरु सबै महान् कुराहरुलाई हेर्नुहोस्, र महा सारा संसारको द्वन्द्व नजिककै छ, जुनै पनि समयमा हुनसक्छ, धुलोपिठोमा जुनै पनि सेकेन्डमा जानसक्छ। त्यो सहि हो। र यदि त्यो, हामीलाई थाहा छ कि त्यो त्यो नजिकै छ। कुनै पनि सम्वेधनशिल व्यक्तिले पत्रिकामा पढ्न या रेडियोमा सुन्न सक्छन्, र तपाईलाई नै थाहा छ कि त्यो नजिकै छ। ठिक छ, याद गर्नुस्, त्यसो हुनभन्दा अगाडि ख्रीष्ट आफ्नो मण्डलीको निम्ति आउनेछ। त्यसैले प्रभु येशूको आगमन कति नजिक छ? हुनसक्छ आज राति यो सभा समाप्त हुनभन्दा अगाडि आउनुहोला। हामीहरु अन्तिम समयमा छौ। निश्चय नै सत्य हो।

36 यो आउदै गर्दा मण्डलीलाई हेर्नुहोस्, उ अघि बढ्दै गर्दा हेर्नुहोस्। बस तपाईको आफ्नै दिमागमा लानुहोस, तपाई इतिहासकारहरु जसले इतिहास अध्ययन गर्नुहुन्छ। लुथरन चर्चलाई न्यायकरण मुनी हेर्नुहोस्, क्याथोलिकवादबाट भर्खरै ताजा रूपमा आउदै गरेको, त्यसलाई अगि बढ्दै गरेको हेर्नुहोस्। त्यसपछि वेस्लीलाई अझै नजिक आउदै गरेको हेर्नुहोस्, पवित्रीकरणमा, धर्मशास्त्रमा मिल्दै गरेको। ठिक त्यस बीचमा हेर्नुहोस्, वेस्ली। त्यसपछि अर्को कुरा जे आयो त्यो पेन्टिकोष्टल युग थियो। र पेन्टिकोष्टल युग वरदानहरु र आत्मिक वरदानहरुको पुनर्स्थापन सहित आयो। अब, हेर्नुहोस् त्यो युग आएको ठिक शिर्ष ढुंगासम्म आएको। हेर्नुहोस् मेरो अर्थ के हो? परमप्रभुको आगमन, जुन हामीलाई थाहा दिलाईयो, परमेश्वर र उहाको सबै सृष्टिले मण्डली आफ्नो उपयुक्त स्थान पदिय ढंगमा आएको हेर्न प्रतिक्षा गरिरहेका छन्।

37 समस्या भएको थियो आज, म...नजिकका सबैजनालाई आज मैले

भेटे। म बाहिर गएको थिए, हामी लिदै थियौ...मैले शारीरिक जाँच गर्न पर्नेथियो, तपाईलाई थाहा छ, यदि तपाई विदेश जादै हुनुहुन्छ भने, तपाई मिसनेरी प्रचारकहरु र अरुलाई थाहा यो छ। जब म जाँच लिदै थिए तिनीहरुले मलाई कोठाबाट बाहिर ल्याए, मैले त्यो पुरानो पिईरहेको थिए... आँटा या खाना या केहि त्यस्तै जस्तो देखिन्थ्यो, र मैले—मैले त्यो खाईरहेको थिए। र म त्यहाँ बाहिर आए, एकठाउमा बसिरहे, आधा घण्टा जस्तो पर्खिए र त्यो मेरो पेटबाट गयो कि गएन भनेर हेरे। मैले पारीतिर हेरे र त्यहाँ एउटा सानी महिला देखे, हेर्दामा यस्तो देखिन्थ्यो कि ऊ मर्ने लागेको थियो। उनी यति...सानो खुट्टाहरु र साना हातहरु थिए। र म तल त्यस मान्छे बाट अर्को मान्छे हुदै तल तिर गईरहे, त्यो मान्छे बाट अर्को मान्छे गर्दै उनको नजिक पुगे, उनी भएकै ठाउमा पुगुन्जेलसम्म त्यसरी गए। उनी देख्नमा गरीब सानी मर्न लागेको जस्तो देखिन्थ्यो। र म उनको नजिकै गए, मैले भने, "मलाई माफ गर्नुहोला, म्याडम।"

उनले भनिन्, "तपाई कस्तो हुनुहुन्छ?" ओ, उनी यस्तो विरामी थिईन्!

र मैले भने, "के समस्या छ?"

38 उनले भनिन्, "म मेरी छोरीलाई भेट्न ट्युक्सन गएको थिए। म त्यहाँ बिमार भए, तिनीहरुले पत्ता लगाउनै सकेनन् के समस्या छ भनि।"

39 मैले भने, "म तपाईलाई एउटा कुरा सोध्न चाहन्छु।" मैले भने, "म सुसमाचार प्रचारक हुँ। के तपाई एउटा इसाई हुनुहुन्छ? के तपाई जान तयार हुनुहुन्छ यदि त्यो घडि आयो भने?"

र उनले भनिन्, "म *फलाना–र–फलाना* मण्डलीको सदस्य हुँ।"

40 मैले भने, "तपाईलाई मैले सोधेको प्रश्न त्यो थिएन। के तपाई परमेश्वरको आत्माले भरिएको एउटा इसाई हुनुहुन्छ र जब उहाँले बोलाउनुहुन्छ तब तपाई जान तयार हुनुहुन्छ?" त्यस महिलालाई थाहा सम्म थिएन मैले के बारेमा कुरा गरिरहेको छु भन्ने। देख्नुभयो? ओ, कति विचराको दृश्यमा छ संसार!

41 अब, "उहाको इच्छाको रहस्यहरु प्रकट गर्नुभएको छ," आगमन... तपाईको लागि मलाई केहि पढ्न दिनुहोस्। मैले पढ्दै गरेको...आउनुहोस् अहिले "उहाको इच्छाको रहस्य" तर्फ पल्टाऔ। आउनुहोस् एक मिनेटको लागि यहाँ हिब्रूमा पल्टाऔ, ७ औ अध्याय हिब्रू, मलाई विश्वास छ यो नै

हो। र म तपाईको लागि केहि पढ्न चाहन्छु जसले तपाईलाई खुसी महसूस गराउनेछ जब हामीले हामीसंगै स्वर्गीय स्थानहरुमा संगै बसेको सोच्छौ। हिब्रू, ७ औ अध्याय।

*यिनै मल्किसेदेक* (अब हेर्नुहोस्) *शालेमका राजा र सर्वोच्च परमेश्वरका पुजाहारी थिए...*

42 अब रहस्य के हो? यहाँ छ रहस्य, यसलाई हेर्नुहोस्। यो मान्छे को थियो, "उहाको इच्छाको रहस्य थाहा दिदै," यो मल्किसेदेक? म यहाँ सबै जनाको लागि पर्खिरहेकोछु, बाईबल अझै पनि पल्टाईदै छ। हिब्रू, ७ औ अध्याय, पावलले बोल्दैछन्, त्यहि मान्छे गलातीको।

*यिनै मल्किसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। राजाहरुलाई प्रारास्त गरेर फर्कदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशिर्वाद दिए।*

*यिनैले अब्राहामले सबै थोकको दशांश छुट्ट्याईदिए। यिनको नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहि शालेमका राजा हुन्* (यो व्यक्ति को हुन्?), *अर्थात् शान्तिका राजा।*

*विनापिता, विनामाता, विना वंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भईरहन्छन्।*

43 यो मानिस को थिए? उनी को थिए? उनको कहिल्यै पनि पिता थिएन, उनको कहिल्यै पनि आमा थिएन, उनको शुरूवात थिएन, या उनी मर्ने कुनै समय नै थिएन। अब्राहामले राजाहरुलाई मारेर आएपछि उनले तिनलाई भेटे। उनले के गर्दै थिए? तिनले लोतलाई लिन गएका थिए, उनको गुमेको भाई, उसलाई फर्काएर ल्याउनको लागि गएका थिए। र तिनले राजाहरुलाई मारे; कुन, ती राजाहरुले मारेका थिए; मलाई लाग्छ कि दस या पन्ध्र राजाहरुलाई र तिनीहरुका राज्यहरुलाई मारेका थिए। तर अब्राहामले आफ्ना दासहरुलाई हतियार सहित तिनीहरुको पछि गए, रातको बेलामा आफैलाई अलग्याए, बुझ्नुभयो, जब उनले तिनलाई रातको समयमा पक्रे। ओ, भाई, हामीहरु अहिले अन्धकारमा काम गरिरहेका छौ, मात्रै हामीसंग भएको उज्यालो भनेको सुसमाचारको उज्यालो हो। तर तिनले उनलाई अलग्याए, र पक्रे र फर्काएर ल्याए। र त्यो युद्ध सकेर फर्किने क्रममा बाटोमा!

44 आउनुहोस् उत्पत्ति १४ मा जाऔ, केवल एक मिनेट, कथालाई अझै खुला बनाउनलाई। आउनुहोस् यहाँ उत्पत्तिमा जाऔ चार...मलाई लाग्छ यो १४ औ, उत्पत्ति १४ मा हेरौ। हो, उत्पत्ति १४:१८ लिउ, त्यहाँबाट शूरू गरौ। यसबाट शुरू गरौ त्यस भन्दा पहिले। आउनुहोस् शुरू गरौ, हो, १८ औ पद, उत्पत्ति १४ :१८, "र मल्किसेदेक..." अब, त्यो अब्राहाम राजाहरुलाई मारेर फर्केको बेलामा हो। आउदै गर्दा, फर्केर आउदै गर्दा बाटोमा, लोतलाई फर्काएर ल्याउदा, सबै मानिसहरु जसलाई तिनीहरुले लिएका थिए। सबै!

45 दाऊद जस्तै, जो गए र...दाऊदले के गरे? सानो घुएत्रो लिए, बाहिर गएर र यो सानो थूमालाई सिंहको मुखबाट बचाएर ल्याए। त्यो घुएत्रोको बारेमा सोच्नुहोस्, एउटा थूमा बचाउन हिड्दै। संसारमा कसले चाहि त्यो गर्छ? मलाई भन्नुहोस् यहाँको मान्छेले त्यो गर्छ होला, आफ्नो हात उठाउनुहोस्। म तपाईलाई चाडो भन्छु कि तपाई गलत हुनुहुन्छ। तपाईले मेरो हात माथि उचालेको देख्नुभएन। होइन, म त्यसको पछाडि थर्टी–अट–सिक्स बन्दूक सहित पनि जाने थिईन। तर उनी त्यसको पछाडि एउटा गुलेली सहित गए, एउटा सानो छालाको टुक्रा जस्तो, त्यसमा दुइटा डोरी सहित, एकअर्कामा बाँधेको। किनभने...र जब यो समय आयो कि गोलियतले आफ्नो घमण्ड देखायो, उनी गोलियतको पछि पनि गए, र उनले भने, "स्वर्गको परमेश्वरले मलाई एउटा थूमालाई सिंहको मुखबाट, भालुको मुखबाट बचाउनलाई पठाउनुभयो।" उनले जानेका थिए कि त्यो एउटा घुएत्रो या गुलेली मात्रै होइन। त्यो त परमेश्वरको शक्ति हो जो उनी संग गएको थियो। उहाँ नै हुनुहुन्थ्यो जसले त्यो थूमा बचाएर ल्याउनुभयो।

46 र त्यहि नै जो जे आज हामी भन्दछौ। परमेश्वरले दाऊदलाई वरपर चिप्काएर राख्नुभएको छ, हो श्रीमान्, जसले पिताको भेडालाई खुवाईरहेको छ। र कुनै वेलामा ट्युमर आउछ, या क्यान्सर आउला, र उफ्रेर चिकित्सकको हातबाट आउला। त्यस कुराले दाऊदलाई रोक्दैन, उनी ठिक त्यहाँ बाहिर जान्छन् त्यस व्यक्तिको लागि, एउटा सानो गुलेली सहित, "मेरो नाउँमा जे पनि माग्छौ तिमीलाई दिईनेछ।" मलाई वास्ता छैन, डक्टरहरु हास्न सक्छन्, र उनको मजाक सबैले गर्न सक्ला, तर उनी त्यसको पछि जसरी पनि जान्छन्, त्यस भेडालाई फर्काएर ल्याउछन्। हो, श्रीमान्। "त्यो परमेश्वरको छोरा हो, त्यसबाट आफ्नो हात निकाल।" यो सिंहलाई ढलाउछ, त्यपछि सिंह फेरी उठ्छ, उनले त्यसको दाह्रीमा समातेर

त्यसलाई मार्छ; एउटा सानो फुच्चे केटा, सम्भवतः लगभग अस्सी या नब्बे पाउण्ड वजन छ।

47 हेर्नुहोस्। मेल्किसेदेक, शालेमका राजा जो शान्तिका राजा हुनुहुन्छ, जुन वास्तवमा शालेम पहाडि रहेको छ। यो यरूशालेमका राजा हुनुहुन्छ, जो उहा हुनुहुन्थ्यो। त्यहि नै वास्तवमा उहाँ हुनुहुन्थ्यो, यरूशालेमका राजा। जुन, यरूशालेम शुरूमा शालेम भनिन्थ्यो, जुन शान्ति हो; त्यो पहिलोको यरूशालेम थियो, जुन यसलाई यरूशालेम भन्नुपूर्व थियो। उहाँ धार्मिकताको राजा हुनुहुन्छ, शान्तिका राजा, शालेमका राजा। उहाँको कुनै पिता थिएन, उहाँको कुनै माता थिएन, उहाँको दिनको शुरूवात थिएन, जीवन कुनै अन्त्य थिएन, उहाँको कुनै उत्पत्ति थिएन। ओ, ओ, ओ! यो व्यक्ति को थियो? उनलाई हेर्नुहोस्। युद्ध समाप्त भएपछि, विजय जितेपछि, ध्यान दिनुहोस् उहाले के भन्नुभयो। "र मेल्किसेदेक," १८ औ पद, १४ औ अध्याय, उत्पत्ति।

*अनि शालेमका राजा मेल्किसेदेक रोटि र दाखमद्य लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए।*

*उनले अब्रामलाई यसो भनेर आशिर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष मिलोस्।*

*सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरुलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको* दशांश *दिए।*

48 आउनुहोस् केहि परसम्म पढौ।

*तब सोदोमका राजाले* अब्रामलाई *भने, "मलाई मानिसहरु मात्र देऊ, तर धनमाल चाहि तिमी नै राख्नु।"*

*तर अब्रामले सदोमका राजालाई भने, "स्वर्ग र पृथ्वीका परमप्रभु, सर्वोच्च परमेश्वरमा मैले यसरी किरिया हालेको छु,* (सुन्नुहोस् उनले कसरी त्यो कुरा गरे, हम, उनले कसरी तिनलाई त्यो भने)

*कि एउटा धागो अथवा जुत्ताको फित्ता वा तपाईको कुनै पनि थोक म लिनेछैन। नत्रता 'मैले अब्रामलाई धनि तुल्याए भनेर तपाई भन्नुहुनेछ।*

*मसंग हुने मानिसहरुले जति खाएका र तिनीहरुका भागबाहेक म केहि हिस्सा लिनेछैन। आनेर, एश्कोल र मम्रेले चाहि आफ्ना भागहरु लीऊन्।"*

49 ध्यान दिनुहोस्, यो मेल्किसेदेक जसै उनले अब्राहामलाई भेटे जो राजाहरुलाई मारेर फर्किदैथिए। परमेश्वरको रहस्य अब प्रकट गरिएको छ! उनी को थिए? कोइ पनि होइन...तिनीहरुले उहाँको इतिहास कहिल्यै पत्ता लगाउन सकेनन्, किनभने उनको कुनै पिता थिएन, उनको कुनै माता पनि थिएन, उनको शुरूवातको समय नै थिएन, उनी मर्ने समय पनि कहिल्यै थिएन, त्यसैले उनी जो कोहि पनि थिएँ अझै पनि जीवित नै छन्। उनको कहिल्यै पनि शुरूवात थिएन, उनी अरु कोहि नभएर एल, एला, एलोहिम; स्व–विद्यमान, स्व–उपस्थित, सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ!

50 येशूको पिता थियो, येशूको आमा थियो; येशूको दिनहरुको शुरूवात थियो, येशूको संसारिक जीवनको अन्त्य पनि थियो। तर यस मान्छेको न त पिता थियो न त माता थियो, आमेन, न त पिता थियो न त माता। येशूको दुवै पिता र माता थियो। यो मान्छे को न त पिता थियो न त माता। आमेन। र उनले के गरे, युद्ध समाप्त भएपछि, अब्राहामले आफ्नो पद लिएपछि?

51 मण्डलीले आफ्नो पद लिईसके पछि, हामीहरुलाई पवित्रआत्माद्वारा पुत्रहरु बन्नको निम्ति अभिग्रहणको लागि बोलाईएका छौ। र जब हरेक मान्छेले आफ्नो पद लिन्छन्, जे कुराको लागि परमेश्वरले तिनीहरुलाई बोलाउनुभएको छ, र त्यस हराएकाहरुको निम्ति जान्छ बाटोको अन्त्यसम्म खडा हुन्छ।

52 पहिलो त, पावलले सबै डर त्यसबाट बाहिर लान्छ, त्यसैले अब, "यदि तपाईहरु बोलाईनुभएको छ भने, यदि तपाई केवल कुनै प्रकारको थियोलोजीले हावी नहुनुभएको छ भने; यदि तपाई साच्चै नै आत्माबाट जन्मनुभएको छ, त्यसो हो भने परमेश्वरले तपाईलाई संसारको उत्पत्ति हुनुभन्दा अगाडि नै पूर्व नियुक्त गरिनुभएको छ, तपाईको नाउँ थूमाको जीवनको पुस्तकमा लेखिएको छ, र अब हामी ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा बस्नको लागि संगै एकठाउँमा आएका छौ। एक पवित्र जनहरु, एउटा पवित्र जाति, एउटा अलग मानिसहरु, राजकीय पूजाहारी, परमेश्वरमा आत्मिक बलिदानहरुको भेटि दिईरहेको, जुन हाम्रा ओठहरुका फलहरुले उहाको नाउँलाई प्रशंसा गरिरहेको हो।"

53 मानिसहरु आउछन् र भन्छन्, “ती मानिसहरु पागल भईसकेका छन्।” निश्चय नै तिनीहरु पागल भएका छन्; परमेश्वरको विवेक मानिसलाई मूर्खता लाग्दछ, र मानिसको विवेक परमेश्वरको अगाडि मूर्खता हो। ती एक–अर्का विरोधी छन्।

54 तर एउटा सच्चा आत्माले भरीपूर्ण मण्डली, परमेश्वरको शक्तिले भरपूर, संगै स्वर्गीय स्थानहरुमा बसेको, आत्मिक बलिदानहरु, परमेश्वरको प्रशंसा दिदै, पवित्र आत्मा तिनीहरुमा चहलपहल गरिरहेको, पापलाई विचारशील हुदै र तिनीहरुको माझमा भएको गल्तिहरुलाई स्वीकार्दै, त्यसलाई मिलाउदै र सच्याउदै। किनभने किन? परमेश्वरको उपस्थितिमा त्यो रगतले लतपतिएको बलिदान छ।

55 अब याद गर्नुहोस्, हामीहरु यसबाट भएर आजको बिहानीमा गएका थियौ। तपाई रगतबाट बचाईनुभएको होइन, तपाईलाई सुरक्षित बचाएर *राखेको* छ। तर तपाई त अनुग्रहद्वारा बचाईनुभएको हो, विश्वासद्वारा भएर, त्यसलाई विश्वास गरेर। परमेश्वरले तपाईको हृदयको ढोकामा ढकढक्याउनुभयो किनकि उहाले तपाईलाई पहिले नै नियुक्त गर्नुभएको थियो। तपाईले माथी हेर्नुभयो र विश्वास गर्नुभयो, स्वीकार गर्नुभयो। अब रगतले तपाईको पापको निम्ति प्रायश्चितको कार्य गरेको छ। याद गर्नुहोस्, मैले भनेको थिए, “परमेश्वरले पापीलाई पाप गरेको कारणले दण्डित गर्नुहुदैं।” उसले केहि गर्नको लागि पहिले नै पापी हो। उहाँले इसाईले चाहि पाप गरेकोमा दोषी पार्नुहुन्छ। र त्यसपछि उहाँले उनलाई दण्डित गर्नुभएकोले, ख्रीष्टले हाम्रो दण्ड लिनुभयो। त्यसैले तिनीहरुमा अब कुनै दण्ड छैन जो ख्रीष्ट येशूमा छन्, जो शरीरको इच्छामा हिड्दैनन्, तर आत्मामा भएर हिड्छन्। र यदि तपाईले केहि कुरा गलत गर्नुभयो भने, त्यो जानेर गरेको हुनेछैन। तपाईले जानेर पाप गर्नुहुदैन। एउटा व्यक्ति जसले इच्छा बनाएरै पाप गर्छ, बाहिर जान्छ र जानी जानी पाप गर्छ, त्यो कहिल्यै पनि उहाँको शरीरमा आएको थिएन। तर एउटा मान्छे जो एकपटक पहिले त्यहाँ थियो, त्यो मर्दछ, र उसको जीवन परमेश्वरमा ख्रीष्ट येशूद्वार, लुकिएको हुन्छ, पवित्र आत्माद्वारा छाप लगाईएको हुन्छ, र शैतानले उसलाई भेट्टाउन समेत सक्दैन, उनी यति टाढा त्यहाँ हुन्छ। उनी त्यहाँ बाट शैतान आईपुग्नुभन्दा पहिले नै निस्केर आउनु पर्दछ। “किनकि तपाई मृत हुनुहुन्छ!”

56 मृत मान्छेलाई गएर तिमी एउटा पाखण्डी हो भन्नुहोस् र हेर्नुहोस् के हुन्छ। उनलाई एक तर्फी जान्नुहोस् र भन्नुहोस्, "तिमी ढोंगी, तिमी," उनले केहि एक वचन पनि बोल्नेछैन। र त्यो सहि हो, उनी केवल त्यहि नै लेटिरहन्छ।

57 र एउटा मानिस जो ख्रीष्टमा मृत छ, तपाईले त्यसलाई ढोंगी नै किन नभन्नुहोस्, उनलाई जे पनि भनेर बोलाउनुहोस्, उनी कहिल्यै पनि त्यस कुराको लागि उठ्नेछैन। यदि केहि कुरा, कहिल्यै चिप्लेला र तपाईको लागि प्रार्थना गरिदिन्छ। त्यो ठिक हो। तर, ओ, ती मध्ये कोहि अति नै जीवित हुन्छन्। त्यहि नै हो जे म सोच्छु, हामीले खासमा मरेका मानिसलाई दफ्नाउनुपर्ने हो। तिनीहरु हो ख्रीष्टमा मृत छन्, हामीहरुले तिनीहरुलाई पानीमा दफ्नाउछौ। कहिले काहि हामीले ती मानिसहरुलाई पनि दफ्नाउछौ जो अति नै जीवित हुन्छ, जसमा अति नै कपट र कलह छ, र ती कुराहरु मण्डलीमा अत्यन्त धेरै छन्। तर हामीले त्यसलाई अलग्याउन सक्दैनौ, तर परमेश्वरले सक्नुहुन्छ। उहाँले आफ्नो मानिसहरुलाई चिन्नुहुन्छ। उहाँले आफ्नो भेडालाई चिन्नुहुन्छ। उहाँलाई प्रत्येक अवाज थाहा छ। उहाले आफ्नो सन्तानलाई चिन्नुहुन्छ। उहाँ जान्नुहुन्छ उहाँले कसलाई बोलाउन सक्नुहुन्छ, उहाले जान्नुहुन्छ कि उहाँले कसलाई पूर्वनियुक्त गर्नुभएको छ। उहा जान्नुहुन्छ कि उहाँले यी कुराहरु कसलाई दिनुभएको छ, उहाले आफैलाई केद्वारा कसरी चिनाउदै हुनुहुन्छ। कसरी उहाँले...परमेश्वरले आफ्नो सन्तानमा तिनीहरुले के गर्ने हो भन्ने कुरा निर्धक्कता राख्न सक्नुहुन्छ, यो जानेर कि तिनीहरुले ठिक उहाँको इच्छा अनुसार नै गर्नेछ।

58 के तपाईले विश्वास गर्नुहुन्छ कि परमेश्वरले त्यसो गर्नुहुन्छ भनि? किन, शैतानले एकपटक अय्युबलाई भनेको थियो...परमेश्वरलाई एकदिन भनेको थियो, "हो, तपाईको एउटा दास छ।"

59 परमेश्वरले भन्नुभयो, "त्यहाँ पृथ्वीमा उ जस्तो कोहि पनि छैन। त्यो मान्छे एउटा सिद्ध मान्छे हो।" उसमा उहाको आत्माविश्वास थियो।

60 शैतानले भन्यो, "ओ, हो, उसले सबै कुरा सजिलोसंग पाएको छ। केहि बेर त्यसलाई मेरो जिम्मामा छोडिदिनुहोस् र म उसलाई तपाईको सामुन्ने तपाईलाई श्राप्ने बनाउनेछु।"

61 उहाले भन्नुभयो, "उसलाई तेरो हातमा मैले दिए, तर तैले त्यसको जीवन चाहि लिन पाउदैनस्" बुझ्नुभयो? र त्यसले सबै कुरा गर्यो जीवन लिने बाहेक।

62 तर, ओ, अय्युब, त्यस्तो गर्नुको सट्टामा...उनले के गरे? उसले के परमेश्वरलाई श्राप्यो जब परमेश्वरले उनको छोराछोरीको जीवन लिनुभयो, जब त्यसले सबै दुष्ट काम उनलाई गर्यो, र त्यस्ता सबै कुरा? अय्युबले प्रश्न गरेनन्। उनी निहुरीएर परमेश्वरको आराधना गरे, हाल्लेलुयह, भन्यो, "परमेश्वरले नै दिनुभयो र परमेश्वरले नै लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्!" त्यहाँ तपाई हुनुहुन्छ।

63 परमेश्वरलाई अय्युब प्रतिको आफ्नो भरोसा थाहा थियो। परमेश्वरलाई थाहा छ कि उहाँले तपाईलाई कति सम्म भरोसा गर्न सक्नुहुन्छ भनि। तर जुन कुराको बारेमा अहिले हामी कुरा गर्दै छौ त्यो परमेश्वरको सन्तान ठिक स्थानमा स्थापित गर्नु हो।

64 अब, जब बाईबलले...जब लडाई अन्त्य भयो, जब सबै कुरा सिद्धियो, त्यसपछि के कुरा हो जुन हामीले दोस्रो गर्नपर्ने छ? के कुरा हो जुन लडाई अन्त्य भईसके पछि हामीले गर्छौं? तपाईलाई थाहा छ हामीले के गर्छौं? हामीले मेल्किसेदेकलाई भेट्छौ। आउनुहोस् मत्ती १६:१६ मा पल्टाऔ, चाडै गर्नेछौ, हेर्नुहोस् यदि त्यो सहि हो या होइन भनि। सन्त मत्ती, १६ औ अध्याय र १६ औ पद। म लगभग पक्का छु कि यो सिह हो, मत्ती १६:१६। मत्ती छ...होइन, त्यो गलत रहेछ, त्यति नजिक हुनसक्न। २६:२६। ओ, १६ यहाँ, उहाँले सिमोन पत्रुससंग गफ गर्दै हुनुहुन्थ्यो; माफ गर्नुहोला, मैले त्यो भन्न खोजेको होइन। २६:२६, किनकि यो अन्तिम भोज हो, त्यहि नै जुन म ल्याउन खोज्दै थिए। मात्ति, २६ औ अध्याय र २६ औ पद। अब हामीले पायौ, अन्तिम भोजमा।

*तिनीहरुले भोज खाईरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभए पछि उहाँले त्यो भाच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो।"*

*तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, "तिमीहरु सबैले यसबाट पिओ।"*

*किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाईन्छ।* (एस–आई–एन–एस, इसाईहरु जसले काम गलत गर्छन्)

65 ठिक छ, "तर—तर..." सुन्नुहोस्, २९ औ पद

*"तर म तिमीहरुलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैन, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरुसंग नयाँ गरी पिउदिन।"*

66 के? त्यहि नै काम जुन मेल्किसेदेकले गरेका थिए अब्राहामले आफ्नो स्थान पाईसकेपछि भएको थियो। उनका मानिसहरुलाई ठिक स्थानमा राखे, र लडाईमा विजय भएर आए, र घर फर्केर आएका थिए, र मेल्कीसेक्देक रोटी र दाखका सहित आए। लडाई समाप्त भए पश्चात, त्यसपछि हामी प्रभु येशूसंग नया संसारमा विवाह भोजमा बस्नेछौ। ओ, प्रभु येशूको नाउँ धन्यको होस्। ठिक छ।

67 "उहाको भलाईको लक्ष्य अनुसार उहाको इच्छा रहस्यहरु," फेरी फर्केर एफिसी ९ मा जाऔ, "जुन उहाले आफैमा राखुभएको छ।"

*ताकि* समय *पुरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु...*

68 र त्यो याद गर्नुहोस्, हामीले त्यसलाई नाघेर गयौ। एफिसी, १ अध्याय, १० औ पद।

*ताकि* समय *पुरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु...*

69 अब, हामीले सिक्छौ कि समयको पूरा हुनाले के लाई पर्खिरहेको छ? समयको सबै पूर्णता, त्यो समय जब पाप सबै रोकिएको हुन्छ, त्यो समय जब मृत्यु रोकिन्छ, त्यो समय जब बिमार हुनेछैन, त्यो समय जब पाप हुनेछैन, त्यो समय जब सबै विकृतिहरु (त्यो बिकार भएको कुराहरु, जुन दुष्टले विगारेको छ) हुनेछैन, जब समय आफै नै रोकिनेछ।

*ताकि* समय *पुरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु ख्रीष्टको अधिनमा आउन्।*

70 "सबै थोक ख्रीष्टको अधिनमा हुनेछ।" जस्तो मैले आजको बिहानीमा भनेको थिए, सबै साना अंशहरु जुन हामीले पाउछौ, यी महान् साना

थोकहरु, तपाईले त्यसलाई उत्पत्तिमा चम्काउन सक्नुहुन्छ, तपाईले प्रस्थानमा चम्काउन सक्नुहुनेछ, तपाईले त्यसलाई लेवीमा चम्काउन सक्नुहुन्छ, र त्यसलाई त्यहाँबाट लिएर आएर, र प्रकाशमा ती सबै येशू बनेर देखा पर्नेछ। तपाईले योसेफलाई लिनुहोस्, तपाईले अब्राहामलाई लिनुहोस्, तपाईले इसाहाकलाई लिनुहोस्, तपाईले याकूबलाई लिनुहोस्, तपाईले दाऊदलाई लिनुहोस्, तपाईले ती मध्ये कुनै पनि अंश लिनुहोस्, ती परमेश्वरका मानिसहरु, र हेर्नुहोस् यदि तपाईले येशूलाई तिनीहरु हरेकमा देख्नुभएन भने। "ताकि उहाँले सबै कुरा येशू ख्रीष्टको अधिनमा आऊन्।"

71 अब, त्यो भन्दा थोरै टाडा जाऔ अब, अब ११ औ पद।

*उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजना अनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्राय अनुसार...*

72 ओ, "उत्तराधिकारी।" कसैले तपाईको लागि केहि छोडिनुपर्छ, तपाईले अधिकार गर्नको लागि, के त्यो सहि हो? उत्तराधिकारी! के उत्तराधिकार छ हामीसंग? के अधिकार म संग छ? मसंग कुनै छैन। तर परमेश्वरले मेरो लागि केहि सम्पति छोडिदिनुभएको छ जब उहाँले मेरो नाउँ थूमाको जीवनको पुस्तकमा संसारको उत्पत्तिभन्दा अगाडि राखीदिनुभएको थियो।

73 ओ, तपाईले भन्नुहुन्छ, "अब, एक मिनेट पर्खनुहोस्, भाई, येशूले त्यो गर्नुभयो जब उहाँ तपाईको निम्ति मर्नुभयो।" होइन, उहाँले त्यो कहिल्यै गर्नुभएन। येशू त त्यो सम्पति मेरो निम्ति किन्नलाई आउनुभयो। पढ्नुहोस् ठिक अर्को पंक्ति।

*उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजना अनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्राय अनुसार...हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरुलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौ भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ।*

74 परमेश्वर, संसारको उत्पत्ति हुनभन्दा अगाडि नै, जसरी हामीले पाठबाट भएर आएका थियौ, तपाई मानिसहरु, कसरी तपाईले देख्नुभएको थियो कि परमेश्वर स्व–विद्यमान हुनुहुन्थ्यो, कसरी उहाँमा प्रेम थियो भन्ने हेर्यौं। उहाँमा नै परमेश्वर हुनुहुन्थ्यो; त्यहाँ उहाँलाई उपासना गर्ने केहि पनि थिएन। उहाँमै नै पिता थियो; त्यहाँ...उहा आफैमा थियो। उहाँमा नै मुक्तिदाता

थियो; तर केहि पतन भएको अवस्था थिएन। उहाँमा नै चंगाईदाता थियो। ती सबै उहाँको गुणहरु हुन्। त्यहाँ त्यसबेला केहि पनि थिएन। त्यसैले उहाको आफ्नै, उहाँको आफ्नै सम्मतिले यी कुराहरुलाई उत्पादन गर्यो, ताकि उहाँले यो एउटा व्यक्ति ख्रीष्ट येशूद्वारा, ती सबैलाई फेरी एकत्र गर्न सकून्। ओ! "आँखाले नदेखेका, कानले नसुनेका..." कुनै संका छैन यो एउटा रहस्यमय कुरा हो।

75 हेर्नुहोस्, "उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो," यदि म केही कुराको सहि उत्तराधिकारी हुँ भने, यदि परमेश्वरले मरो हृदयमा ढकढक्याई रहनुभएको छ र भन्दै हुनुहुन्छ, "विलियम ब्रन्हाम, मैले तलाई धेरै समय अगाडि बोलाए, संसारको जग बसाल्नुभन्दा अगाडि बोलाए, सुसमाचार प्रचार गर्नको निम्ति।" म संग उत्तराधिकार छ, अनन्त जीवनको उत्तराधिकार। अब, परमेश्वरले मेरो निम्ति त्यस धरोहर वास्तविक बनाउनको निम्ति पठाउनुभयो, किनभने त्यहाँ केहि पनि कुरा थिएन जसले गर्दा म त्यसको उत्तराधिकारी बन्न सक्थे। त्यो शून्य थियो, त्यो वैध थियो, त्यहाँ केहि पनि कुरा थिएन जे मैले गर्न सक्थे। तर समयको पूर्णतामा परमेश्वरले, आफ्नै सहि समयमा, येशू थूमालाई संसारको जग बसाल्नुभन्दा अगाडि नै पठाएर मार्नुभयो। उहाँको रगत बगाईयो ताकि म मेरो धरोहर अर्थात् उत्तराधिकारमा जान सकूँ। कुन, कुन उत्तराधिकार? पुत्र, परमेश्वरको एउटा छोराको हुनको निम्ति।

76 र अब यसले तपाईलाई मृत्युसम्म नै न्याक्ला। तर के तपाईलाई थाहा छ ती मानिसहरु जो परमेश्वरका पुत्रहरु हुन्, तिनीहरु साना परमेश्वरहरु हुन्? तपाईहरु कतिले यो पहिला जान्नुभएको थियो? कति जनालाई थाहा छ कि येशूले त्यसो भन्नुभएको थियो? बाईबलमा, येशूले भन्नुभयो, "के तिमीहरुको व्यवस्था आफैले भन्दैन, कि तिमीहरु 'परमेश्वरहरु' हौ? र यदि तिमीहरुले त्यसलाई परमेश्वरहरु भन्छौ..." जुन, परमेश्वरले उत्पत्ति २ मा भन्नुभयो कि तिनीहरु परमेश्वरहरु हुन्, किनभने तिनीहरु त्यहि नै थिए, किनकि तिनीहरुमा संसारका सबै थोकहरुमा प्रभुत्व थियो। उहाँले तिनीहरुलाई सबैकुरामा प्रभुत्व दिनुभयो। र उसले आफ्नो परमेश्वरत्व गुमायो, उसले आफ्नो पुत्रत्व गुमायो, उसले आफ्नो प्रभुत्व गुमायो, र शैतानले त्यसमा हक लगायो। तर, भाई, हामीहरु परमेश्वरको पुत्रहरुको प्रकट हुने समय पर्खिरहेका छौ जो फर्केर आउनेछ र त्यसलाई फेरी लिनेछ। समयको पूर्णताको पर्खाईमा छौ, जब पिरामिडले आफ्नो शिर्ष ढुंगा पाउनेछ,

जब परमेश्वरको पूरा पुत्रहरु प्रकट हुनेछन्, जब परमेश्वरको शक्ति हिड्नेछ (हल्लेलुयाह) र सबै शक्ति लिनेछ जुन शैतानले उसबाट लिएको थियो। हो, श्रीमान्, त्यो उसको अधिकारको हो।

77 उहाँ नै लोगोस हुनुहुन्छ जो परमेश्वरबाट बाहिर निस्कनुभयो, त्यो सत्य हो, त्यो परमेश्वरको पुत्र हुनुहुन्थ्यो। त्यसपछि परमेश्वरले मानिसलाइ सानो परमेश्वर बनाउनुभयो। र उहाँले भन्नुभयो, "यदि तिनीहरुले बोलायो जसमा परमेश्वरको वचन आयो, अगमवक्ताहरु, यदि तिनीहरुले तिनीहरुलाई 'परमेश्वरहरु' भनेर बोलाई भने जसमा परमेश्वरको वचन आएको थियो..." र परमेश्वर आफैले त्यसो भन्नुभयो कि तिनीहरु परमेश्वरहरु हुन्। उहाँले मोसालाई भन्नुभयो, "मैले तलाई एउटा परमेश्वर बनाए, र हारुनलाई तेरो अगमवक्ता बनाए।" आमेन। ह्यु! मैले एउटा धार्मिक संकिको जस्तो व्यवहार गरेको जस्तो लाग्ला, तर मैले त्यसो गरेको होइन। ओ, जब तपाईको आँखाहरु खुल्छ र ती कुराहरु देख्नुहुनेछ। ठिक छ, उहाँले मानिसलाई एउटा परमेश्वर बनाउनुभयो, आफ्नो अधिकार क्षेत्रको परमेश्वर बनाउनुभयो। र उसको अधिकार क्षेत्र एउटा समुन्द्रदेखि अर्को समुन्द्र, एउटा किनारबाट अर्को किनारसम्म; उसैको नियन्त्रणमा यो छ।

78 र जब येशू आउनुभयो, एउटा परमेश्वरको पाप रहित हुनुहुन्थ्यो, उहाँले यस कुरालाई प्रमाणित गर्नुभयो। जब हावा बहन्थ्यो, उहाले भन्नुभयो, "शान्ति, स्थिर हो!" आमेन। र जब रूख, उहाले भन्नुभयो, "कसैले यसबाट खाने छैन।"

79 "साचै म तिमीहरुलाई भन्दछु, तिमीहरु जो साना परमेश्वरहरु हाउ, यदि तिमीले यस पहाडलाई हटिजा भन्छौ र आफ्नो हृदयमा संका गर्दैनौ तर तिमीले जे भनेका छौ सो पुरा हुन आउछ भनि विश्वास गर्छौ भने, तिमीले भनेको कुरा तिमीले पाउनेछौ।"

80 ठिक फर्केर उत्पत्तिमा जानुहोस्, सक्कलमा, के भनेको छ? अब संसार र प्रकृतिले उत्कण्ठाको साथ्, कराईरहेको छ, सबै कुरा चलिरहेको छ। के? परमेश्वरको पुत्रहरुको प्रकट हुने कुराको लागि, जब साचो पुत्रहरु, जन्मिएका पुत्रहरु, भरिएको पुत्रले बोल्दछ र तिनीहरुको वचन पूरा हुन्छ। म विश्वास गर्छु कि हामी त्यसैको सिमामा अहिले छौ। हो, श्रीमान्। यस पहाडलाई भन्नुहोस्, र त्यहि नै हुनेछ।

81 "भाई, म—म *फलानो–र–फलानो* चाहन्छु, एउटा निश्चित कुरा गरियो। म येशू ख्रीष्टको एउटा विश्वासी हुँ।"

82 "म तपाईलाई प्रभु येशू ख्रीष्टको नाउँमा दिदछु।" आमेन। त्यहाँ एउटा प्रकटिकरण हुन्छ।

83 "ओ, भाई, मेरा अन्नहरु बाहिर जलिरहेका छन्। मेरो कुनै पनि झरी परेको छैन।"

84 "म तिम्रो निम्ति एउटा झरी पठाउनेछु, प्रभुको नाउँ।" त्यहाँ त्यो आउनेछ। ओ, पर्खिरहेको, पिडामा रहेको छ, सबै प्रकृतिले परमेश्वरका पुत्रहरु प्रकट हुनको लागि पर्खिरहेको छ। परमेश्वरले शूरुवातमा नै नियुक्त गर्नुभयो। उहाँले मानिसलाई प्रभुत्व दिनुभयो।

85 उहाँले येशू ख्रीष्ट दिनुभयो, र येशूले उहाँको नाउँमा दिनुभयो, यो निश्चितताको साथ, "मेरो नाउँमा पितालाई जे केहि पनि माग्छौ म तिमीहरुलाई दिनेछौ।" ओ, भाई पाल्मर! परमेश्वरको पुत्रहरु प्रकट हुनेकुरालाई पर्खिरहेका छन्, त्यो स्थान, त्यो मण्डली।

86 जस्तो मैले भनेको छु, एफिसीको पुस्तक नै यहोशूको पुस्तक हो, र यहोशूले मानिसहरुलाई ठिक स्थानमा स्थापित गरे जहाँ तिनीहरु हुनुपर्दथ्यो। अब, यदि तिनीहरु स्थिर रहेन भने, र उनले इफ्राइमलाई यहाँ राखे, र मनस्सेको जमिनमा, र *यो* एउटाले फर्केर झमेला र कोलाहल गर्न आउथ्यो, तिनीहरु कसरी त्यस बाट जान सक्थ्यो? जब एउटाले भन्छ, "म एउटा ब्याप्टिष्ट हुँ, म एउटा मेथोडिष्ट हुँ, म एउटा पेन्टिकोष्टल हुँ, म वान्नेस हुँ, म टुनेस हुँ, म *फलाना–फलाना* हुँ।"

87 तपाई कसरी यो गर्न जानुहुनेछ? स्थिर रहनुस्! परमेश्वरले आफ्नो मण्डलीलाई स्थापित गर्न चाहदैहुनुहुन्छ, परमेश्वरको छोराहरु र छोरीहरुलाई। परमेश्वर, यो देख्नको निम्तिलाई जीवित राख्नुहोस्, यो नै मेरो प्रार्थना हो। यति नजिक होस् कि मैले त्यसलाई मेरो हातहरुले करिब महसूस नै गर्न सकूँ, त्यस्तो देख्न सकूँ। यो ठिक त्यहिनिर छ। त्यहि नै जो मैले हेर्ने चाहना गरेको थिए, त्यहि समयको लागि कुरिरहेको थिए जब तल सडकमा हिडेको थिए; त्यहाँनिर घिस्रिएर हिड्ने एकजना थियो, जो आमाको गर्भबाट नै त्यस्तो थियो, "सुन र चाँदी म संग छैन।" ओ, परमेश्वरको पुत्रहरुको प्रकट हुनेकुरालाई पर्खिरहेको थियो, हाल्लेलुयाह, जब

परमेश्वरले आफैलाई चिनाउनुहुनेछ, जब तिनीहरुले बिमारहरु बन्द गर्नेछन्, तिनीहरुले क्यान्सर बन्द गर्नेछन्, तिनीहरुले रोगहरु रोक्नेछ।

88 तपाई सोच्नुहुन्छ कि क्यान्सर केहि कुरा हो? बाईबलले भन्छ कि त्यहाँ एउटा यस्तो समय आउनेछ जब मानिसहरु ठिक तिनीहरुको शरीरमा कुहिनेछन्, र गिद्धहरुले सिनो मर्नुभन्दा अगाडिनै खानेछन्। जे आउदैछ त्यसको अगाडि त क्यान्सर एउटा दाँतको दुखाई जस्तो हुनेछ। तर, याद गर्नुहोस्, त्यो भयानक कुराले तिनीहरुलाई त्यस दिनमा छुनबाट रोकेको छ जसमा परमेश्वरको छाप छ। त्यहि को लागि नै अहिले हामीले संघर्ष गरिरहेका छौ, त्यो भयानक विपत्तिहरुले प्रहार गर्नुभन्दा अगाडि नै त्यहाँ पसेर परमेश्वरको राज्यमा पदिय ढंगमा स्थापित हुन चाहन्छौ। ओ, कति असल! समयको पूर्णता, समय पूरा हुने, हाम्रो उत्तराधिकार।

*उहाँमा नै उत्तराधिकारी हुनलाई चुनिएका छौ...*

89 हाम्रो उत्तराधिकार हामीलाई कसरी दिलाईयो त, के द्वारा दिईयो? पूर्वनियुक्त द्वारा। पूर्वनियुक्त पूर्वज्ञान हो। कसरी परमेश्वरले जान्नुहुन्छ कि उहाँले तपाईलाई एउटा प्रचारक हुनको लागि भरोसा गर्नसक्नुहुन्छ? उहाँको पूर्वज्ञानद्वारा। "मानिसको इच्छा या मानिसको प्रयासको कारणले होइन, या...तर परमेश्वरद्वारा जसले कृपा देखाउनुहुन्छ।" त्यो सहि हो, पूर्वनियुक्त। उहाँले जान्नुहुन्थ्यो कि त्यो तपाईमा थियो। उहाँले तपाई भित्र के थियो भन्ने कुरा तपाई पृथ्वीमा आउनुभन्दा अगाडि नै जान्नुहुन्थ्यो। उहाँले तपाई भित्र के थियो भन्ने कुरा तपाईको लागि पृथ्वी आउनुभन्दा अगाडि नै जान्नुहुन्थ्यो। त्यो—त्यो उहाँ हुनुहुन्छ। त्यो अनन्त परमेश्वर हुनुहुन्छ, असिमित परमेश्वर। हामीहरु सिमित छौ, हामीले केवल सिमित विचार गर्नसक्छौ।

90 यो मेरो लागि कति धेरै थियो, त्यो दिन देखि जुन दिन मलाई त्यस्तो भयो। मलाई थाहा छैन। जब म त्यो विचार गर्छु, जब म त्यहाँ उभिए त्यो केहि आनन्दमय पलहरुको लागि, र विचार गरे, "त्यहाँ कुनै भोलि छैन।" त्यहाँ कुनै हिजो थिएन, त्यहाँ कुनै रोग थिएन, त्यहाँ कुनै दुख थिएन। त्यहाँ कुनै थोरै खालको खुसी थिएन, एउटा पुरा खुसी थियो; त्यो सबै नै खुसियाली थियो। ओ, मेरो! र म त्यहाँ उभिए र मैले भने, "यो के हो?"

91 त्यो आवाजले भन्यो, “यो सिद्ध प्रेम हो, र सबै थोक जुन तिमीले प्रेम गरेको थियौ र सबै थोक जसले तिमीलाई सधै प्रेम गरेको थियो अहिले तिमीसंग यहाँ छ।”

92 “र तिमीले हामीलाई प्रभु येशू ख्रीष्ट प्रस्तूत गर्नेछौ जब उहा आउनुहुनेछ, तिम्रो सेवकाईको ट्रफिको रूपमा।” मैले ती सुन्दर स्त्रीहरुलाई त्यहाँनिर उभीरहेका देखेको थिए, सबैले मलाई तान्दै ठूलो स्वरले भन्दै थिए, “मेरो अमूल्य भाई, प्रिय भाई!” ती पुरुषहरुलाई देखे र तिनीहरुका लामा कपालहरु जुन गर्दनसम्मै थियो, दौडिरहेको, र मलाई तान्दै भन्दै थियो, “हाम्रा प्रिय भाई!”

र मैले सोचे, “यसको अर्थ के हो?”

उहाले भन्नुभयो, “तिनीहरु तिम्रा मानिसहरु हुन्।

93 मैले भने, “मेरा मानिसहरु? त्यहाँ त्यति धेरै ब्रन्हामहरु हुन नै सक्दैनन्, ती लाखौ।”

94 उहाले भन्नुभयो, “तिनीहरु तिमीले परिवर्तन गरेका मानिसहरु हुन्!” हाल्लेलुयाह। “तिनीहरु तिमीले परिवर्तन गरेका मानिसहरु हुन्। तिनीहरु नै हुन् जो...” भन्नुभयो, “तिमीले देख्यौ एकजना त्यहाँनिर उभिरहेको?” सबैभन्दा सुन्दर स्त्री जुन मैले पहिले कहिल्यै देखेको थिईन। भन्नुभयो, “उनी नब्बे वर्ष नाघेकि थिईन् जब तिमीले उनलाई परमेश्वरमा डोहोर्याएका थियौ। अचम्म थियो कि उनी बोलाउदै थिईन्, ‘मेरो प्रिय भाई।’” भन्नुभयो, “उनी कहिल्यै बृद्धा हुनेछैन अब। उनले त्यसबाट नाघेर आईकि छिन्। उनी जवानीको चमकमा छिन्। उनी यहाँ उभिरहेकी छिन्। उनले एउटा चिसो पानी पिउन सक्दिनन्, उनलाई त्यसको आवश्यकता नै छैन। उनी तल लेटेर सुत्न सक्दिनन्, किनकि उनी थकित नै हुदिनन्। त्यहाँ कुनै भोलि छैन, कुनै हिजो छैन, केहि पनि छैन। हामीहरु अब अनन्तकालमा छौ। तर कुनै महिमामय दिनमा परमेश्वरको पुत्र आउनुहुनेछ, र तपाई त्यो वचनद्वारा न्याय गरिनुहुनेछ जुनद्वारा तपाईले तिनीहरुलाई प्रचार गर्नुभयो।” ओ, भाई!

मैले भने, “के पावलले आफ्नो अमूहलाई ल्याउनुपर्छ?”

“हो, श्रीमान्।”

95 मैले भने, “मैले ठिक पावलले प्रचार गरेकै जस्तो प्रचार गरेको थिए। मैले कहिल्यै पनि भाज्य गरिन, मैले कहिल्यै कुनै मण्डलीको सिद्धान्त वा त्यस्ता केहि कुरा स्वीकार गरिन। म पावल जस्तै रहे।”

96 र तिनीहरु सबै एकै चित्तका साथ कराए, “हामीलाई त्यो थाहा छ। हामी निश्चितताका साथ रहेका छौ।” भने, “तपाईले हामीलाई उहाँमा प्रस्तूत गर्नुहुनेछ, र त्यसपछि हामीहरु सबै फर्केर फेरी पृथ्वीमा जानेछै, सधै जिउनको लागि।” ओ, प्रभु।

97 ठिक त्यसपछि म आउन थाले। मैले हेरे, त्यहाँ पलंगमा सुतिरहेको, र मैले देखे मेरो बुढो सिनो यहाँ रहिरहेको र बुढो र चाउरी परेको, र बिग्रिएको र—र रोग लागेको र गलेको, र मैले मेरो हात मेरो शिरको पछाडि भएको देखे, र मैले सोचे, “ओ, के म फेरी त्यो शरीरमा जान पर्ने हुन्छ?”

98 र मैले त्यो आवाज सुनीनै रहे, “बढ्दै जाउ, बढ्दै जाउ।”

99 मैले भने, “प्रभु, मैले सधै दिव्य चंगाईलाई विश्वास गरेको छु, म त्यसलाई विश्वास गरिनै रहनेछु। तर म त्यस प्राणहरुको निम्ति बढ्नेछु, त्यसैले मलाई सहायता गर्नुहोस्। मेरो त्यहाँ धेरै हुनेछ, म...मलाई जिउन दिनुहोस्, प्रभु, म अर्को लाखौ त्यहाँ राख्नेछु, यदि तपाईले मलाई केवल जिउन दिनुभयो भने।”

100 मलाई वास्ता भएन कि कुन रंग, कुन सिद्धान्त, कुन नागरिकता, तिनीहरु के हुन्, तिनीहरु सबै एक हुन् जब तिनीहरु त्यहाँ पुग्नेछन्, र ती सिमा रेखाहरु विलय गरिएको छ। ओ, मैले देख्न सक्छु ती स्त्रीहरु, अत्यन्त सुन्दर; कहिल्यै देखेको छैन...तल सम्म, लामो केश तलसम्म भएको। लामो फरक तलसम्म लगाएको। लामो स्कर्ट तल सम्म पहिरिएको। तिनीहरु खाली खुट्टा थिए। ती मानिसहरु त्यस गर्धनमा झप्प केशका साथ, गौगोरो, काला, र अन्य विविध रंग भएकाहरु। र तिनीहरुले आफ्नो हातहरु फैलाएर मलाई अंकमाल गर्न आउदै थिए। मैले तिनीहरुलाई महसूस गर्नसक्थे। मैले तिनीहरुको हातहरु महसूस गरे। परमेश्वरको मेरो न्यायकर्ता हुनुहुन्छ, र यो खुला पवित्र किताब छ। मैले उनीहरुलाई त्यसरी नै महसूस गर्नसक्थे जस्तो मेरा हातले मेरो मुहारमा महसूस गर्नसक्छ। तिनीहरुले तिनीहरुको हात फैलाएर मलाई अंकमाल गर्दै थिए, महिलाको कुनै पनि उत्तेजना थिएन जस्तो संसारमा हुन्छ। मलाई मतलव छैन कति पवित्र तपाई हुनुहुन्छ, तपाईको हुनुहुन्छ, कुन प्रकारको प्रचारक तपाई हुनुहुन्छ, पूजाहारी या जो

कोहि पनि तपाई हुनुहुन्छ, त्यहाँ कुनै पनि मानिसले महिलामा अँगालो लगाउन सक्दैन, मानविय उत्तेजना बिना। त्यो वास्तवमै सत्य हो। तर, भाई, जब तपाई यहाँबाट त्यहाँ पुग्नुहुन्छ, त्यहाँ त्यो तरिकामा हुदैन। ओ, प्रभु! यो त्यसैले...ओ, त्यहाँ...यो असम्भव छ। यो सबै प्रेम हो। सबै कुरा वास्तविक दाजुभाईहरु र सबै कुरा वास्तविक दिदिबहिनीहरु हुन्। त्यहाँ कुनै मृत्यु छैन, कुनै दुख छैन, कुनै इर्ष्या छैन, केहि त्यस्तो छैन, केहि त्यस्तो कुरा त्यहाँ प्रवेश गर्न सक्दैन। त्यो केवल सिद्धता हो। त्यो नै जेको निम्ति म तृषित भईरहेको छु। त्यसैको लागि नै हो जे म स्थापित गरिरहेको छु।

101 मैले भने, "ओ प्रभु, त्यसैको निम्ति नै आज म यहाँ मण्डलीमा आएको छु, मण्डलीलाई क्रमिक ढंगमा स्थापित गर्न खोजिरहेको छु।" म भन्दै छु तपाई दाजुभाई दिदि बहिनीहरुलाई, त्यहाँ केवल एउटा मात्र चिज प्रवेश गर्नसक्छ, त्यो सिद्ध प्रेम हो। यो कारणले होइन कि तपाई ब्रन्हाम टेबरनेकलमा वफादार हुनुहुन्छ, या मेथोडिष्ट मण्डली या ब्याप्टिष्ट मण्डलीमा। त्यो सबै ठिकै हो, तपाई हुनुपर्छ। तर, ओ, मित्रहरु, तपाईसंग...तपाईले अन्यभाषामा बोलेको कारणले होइन, आत्माको नाचेको कारणले होइन, या त तपाईले दुष्टहरुलाई धपाएको कारणले होइन या विश्वासद्वारा पहाड हटाएको कारणले होइन। ती सबै कुरा राम्रै हुन्, किनकि त्यो सबै राम्रै कुराहरु हुन्, तर जबसम्म त्यो सिद्ध प्रेम त्यहाँ छैन। त्यहि नै हो जहाँ सिद्ध प्रेम थियो। र त्यो मात्र एउटा यस्तो कुरा हो जसले तपाईलाई त्यहाँ भित्र पसाउछ। त्यो मात्रै एउटा कुरा हो जुन त्यहाँ रहन सक्छ, यो मात्रै कुरा हो जुन त्यहाँ छ। ओ प्रभु! यो अभिग्रहण हो। परमेश्वर, संसारको उत्पत्तिभन्दा अगाडि।

102 अब, चाडै गरौ, यो एउटा अध्यायबाट भएर जाऔ। सम्भव अर्को दस मिनेटको लागि हेरौ।

*उहाँमा नै उत्तराधिकारी हुनलाई चुनिएका छौ...*(हामीले के अधिकार गर्छौ? अनन्त जीवन)

कसरी? के सबैले त्यो बुझ्नुहुन्छ? के तपाईले परमेश्वरमा पुकार गर्नुभयो? होइन, परमेश्वरले तपाईलाई बोलाउनुभयो। केहि मानिसहरुले भन्नुहुन्छ, "ओ, मैले भर्खरै परमेश्वरलाई देखे, र परमेश्वरलाई देखे।"

तपाईले देख्नुभएको छैन। कुनै पनि मानिसले परमेश्वरलाई कहिल्यै देखेको छैन। त्यो त परमेश्वर हुनुहुन्छ जसले मानिसलाई खोज्नुभयो। येशूले भन्नुभयो, "मेरा पिताले नल्याएसम्म कुनै पनि मानिस म कहाँ आउन सक्दैन।" बुभ्नुभयो, यो मानिसको स्वभाव हो परमेश्वरबाट भाग्ने। र तपाईले भन्नुहुन्छ अहिले...

103 त्यो, त्यसैले नै हो समस्या दिने, यद्धपि, तपाई मानिसलाई प्रचार गर्न; तपाई जे बाट भएर जादै हुनुहुन्छ त्यसैमा नै सिमित नरहनुस्, अब परिवर्तन गर्नुहोस्! मैले भन्दै गर्दा मलाई सुन्नुहोस्, परमप्रभु यसो भन्नुहुन्छ। मैले कहिल्यै आफैलाई यो भनि बोलाएको छुइन, म होइन। तर तपाईले मलाई तपाईको अगमवक्ता भन्नुभयो, या एउटा अगमवक्ता। संसारले त्यो विश्वास गर्छ, संसारै भरि, लाखौ र लाखौ र लाखौ मानिसहरुले। मैले प्रत्यक्ष या अप्रत्यक्ष रूपमा दसौ या बार्हौ मिलियन मानिसहरुको अगाडि बोलेको छु, या त्यो भन्दा बढि, प्रत्यक्ष रूपमा बोलेको छु। मैले दसौ हजारौ दर्शनहरु र चिन्हहरु र आश्चर्य कर्महरु देखेको छु, र ती मध्ये एउटै पनि कहिल्यै विफल भएको छैन। र त्यो सहि हो। उहाँले मलाई अगाडि नै भन्नुभयो ती कुराहरु जुन त्यस्तै गरि पूरा हुनबाट कहिल्यै विफल भएको छैन। म कुनै पनि मानिसलाई त्यसको लागि कठघरामा आउनसक्छु। त्यो सहि हो। म आफैलाई एउटा अगमवक्ता भनि दावी गर्दिन, तर तपाईहरु मलाई सुन्नुहोस्।

104 परमप्रभु यसो भन्नुहुन्छ, त्यस स्थानमा तपाईलाई राख्नको निम्ति सिद्ध प्रेम चाहिन्छ, किनकि त्यहि नै सबै कुरा हो जुन त्यहाँ छ। केहि मतलव भएन कुन पैसा, कति सम्म धार्मिक नमूना, या कति धेरै असल काम तपाईले गर्नुभएको छ या जे केहि पनि तपाईले गर्नुभएको होला, त्यस दिनमा ती कुराहरु केहि पनि गन्य हुनेछैन। यसमा सिद्ध प्रेमको आवश्यकता हुन्छ। त्यसैले जे केहि पनि तपाईले गर्नुहुन्छ, तपाईले सबै कुरा एकतर्फी राख्नुहोस् जबसम्म तपाई परमेश्वरको प्रेमबाट अत्यन्त भरिनुहुन्न जब कि तपाईलाई नै घृणा गर्नेहरुलाई तपाईले प्रेम गर्न सक्नुहुन्न।

105 मैले जस्तो यस बिहानीमा भनेको थिए, म बनाईएको, सबै बनावट अनुग्रहको हो। अधिकांश मानिसहरुले भन्छन्, "अब, तपाईले मेरो पछाडि ढाँड कनाउनुहुन्छ र म तपाईको पछाडि ढाँड कनाउछु। हो, तपाईले मेरो निम्ति केहि गर्नुहुन्छ र मैले तपाईको निम्ति केहि गर्छु।" त्यो अनुग्रह होइन।

अनुग्रह त, यदि तपाईको ढाँड चिलाएको छ, र मैले जसरी पनि तपाईलाई कनाईदिन्छु, चाहे तपाईले मेरो कनाओस या नकनाओस्; तपाईले मेरो मुखमा झापडनै हानोस्, र भन्नुहुन्छ “मेरो ढाँड चिलाउनु या कनाईन पर्छ,” मैले त्यो कनाईदिनेछु। बुझ्नुभयो? त्यहि नै हो, केहि गर्ने। म कर्ममा विश्वास गर्दिन। म विश्वास गर्छु कि कर्म प्रेम हो। कार्य भनेको अनुग्रहले ठाउँ लिएको छ भनि प्रकट हुनु हो। म यसकारणले मेरी श्रीमतीसंग साचो भई जिउदिन किनकि उनले मलाई सम्बन्ध विच्छेद गर्नेछिन् यदि म त्यसरी जिईन भने, म त यसकारणले उसमा साचो भई जिउछु किनकि म उनलाई प्रेम गर्छु।

106 म यसकारणले सुसमाचार प्रचार गर्दिन किनकि मैले गरिन भने म नरक जान्छु, म उहाँको सुसमाचार प्रचार गर्छु किनकि म उहाँलाई प्रेम गर्छु। निश्चय पनि। तपाई लाग्छ कि म त्यस हावाहुरी र छालले भरिएको समुन्द्र, र ती हवाईजहाज आउदै र फर्किदै, र त्यो चट्यांगको उज्यालो वरिपरी, र—र सबै त्यस्ता कुराहरु, र धेरै जसो कुनै पनि मिनेट...र सबैजना चिच्याईरहेको छ, र “मरियमलाई प्रार्थना गरेको छ” त्यस हवाईजहाजबाट भएर गईरहेको छ, र सबै थोक? ती मानिसहरुले सुरक्षाको पेटी लगाएर बसेको छ, र पाईलटले भन्दैछ, “अब पन्ध्र मिनेटसम्म मात्र टिक्ने ग्यास बाकि छ, थाहा छैन अहिले हामी कहाँ छौ” के तपाईलाई लाग्छ कि म त्यो केवल—केवल रमाइलोको लागि गरिरहेको छु? ह! के तपाईलाई लाग्छ म त्यो जंगलमा जान्छु जहा जर्मनको सेनाहरु मेरो वरिपरी आफ्नो हात *यसरी* हरेक रात राखेर सभा भरि मलाई भित्र बाहिर जहाँ पनि त्यसरी लगेर, जबसम्म पवित्र आत्माले आश्चर्यको कार्यहरु प्रदर्शन गर्नुहुदैन? कम्युनिस्टहरु रातैभरी बसिरहेका छन्, मलाई एक मिल टाढाबाटै गोलि हान्नको लागि। के तपाईलाई लाग्छ म यो केवल रमाइलोको लागि गरिरहेको छु? यसकारणले हो किनकि म मा केहि कुराको प्रेम छ; तिनीहरु मानव जातिहरु हुन् जसको लागि ख्रीष्ट मर्नुभयो। पावलले भन्नुभयो, “म केवल यरूशलेमसम्म मात्रै जान छाहेको छुइन, तर म त्यहाँ क्रूसमा टाँगिनको लागि जादैछु। म त्यहाँ मर्नलाई जादैछु। म त्यहाँ परमप्रभुको लागि मर्न जादैछु।” यो केहि हो, प्रेम जसले तपाईलाई विवश बनाउदछ, जसले तपाईलाई बनाउदछ। त्यो वास्तवमै सहि हो।

107 यदि मैले सुसमाचार पैसाको लागि प्रचार गर्थे भने, यदि त्यो त्यस्तो भईदिएको भए, म आज राति बिस हजार डलरको ऋणी हुन्न थिए, म त्यसरी ऋणमा हुन्न थिए। होइन, श्रीमान्। किनभने मैले केहि राख्थे होला— केहि

लाखौ मलाई दिईने थियो। एउटा व्यक्ति, एउटा व्यक्तिले एफ.बि.आई एजेन्ट दस लाख पाँच सय हजार डलरको ड्राफ्टका साथ पठाएका थिए। र मैले भने, “त्यसलाई फर्काएर लानुहोस्।” पैसाको लागि होइन! यो पैसा होइन। मैले सुसमाचार पैसाको लागि प्रचार गर्दिन। त्यसको लागि होइन!

108 यो प्रेमको कारणले हो। त्यो कुरा जुन म गर्न चाहन्छु, जब म त्यो अन्तिम श्वास त्यहाँ पारी पार गर्छु, जुन अहिलेको पाँच मिनेटमा पनि हुनसक्छ, त्यो अहिलेबाटको दुइ घण्टा पछाडि पनि हुनसक्छ, त्यो अहिले देखि पचास वर्ष पछि पनि हुनसक्छ, मलाई थाहा छैन यो कहिले हुनेछ। तर जब यो हुनेछ, म त्यहाँ पुग्नेछु, म तपाईलाई जवानी योवनमा देख्न चाहन्छु, दौडदै, कराईरहेको, “मेरो प्रिय भाई! मेरो भाई!” त्यहि नै हो जे मेरो हृदयमा छ। त्यसैले नै हो। म तपाईहरु भन्दा भिन्न बन्नको लागि असहमत हुदिन, तर म तपाईलाई त्यो सडकमा राख्न चाहन्छु जुन सहि हो। त्यहि नै भित्रको मार्ग हो। तपाईको मण्डली होइन, तपाईको धार्मिक संगठन होइन, तर ख्रीष्टमा तपाई जन्म हो। ओ, प्रभु। ह्यु!

*उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्राय अनुसार*

109 सुन्नुहोस्। हामीहरु केहि मिनेटमा नै बन्द गर्न जाँदैछौ। हामीले बन्द गर्नुभन्दा पहिले ध्यान दिएर सुन्नुहोस्।

*हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरुलाई उहाँले आफ्नो महिमाको* प्रशंसाको *निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ।*

*जसमा तिमीहरुले पनि भरोसा गरेका छौ...*

110 यसलाई ध्यान दिएर हेर्नुहोस्। आफ्नो ज्याकेट लगाउनुहोस्, सुसमाचारको ज्याकेट। तपाईको कानहरु खुल्ला पार्नुहोस्, ध्यान दिएर सुन्नुहोस्। म १३ औ पदमा छु।

तिमीहरु, *जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहामा विश्वास गर्यौ*

“विश्वास आउछ...” [सभाले भन्छ, “सुनुवाईबाट।”—सम्पा] “के सुनेर...” [“वचन”] “कसको वचन...” [“परमेश्वर”]

*...तिमीहरु, जसले सत्यको वचन सुन्यौ,...*

111 के हो सत्य? परमेश्वरको वचन। के त्यो ठिक हो? यूहन्ना १७:१७, तपाईहरु जसले वचन लिदै हुनुहुन्छ, येशूले भन्नुभयो, “तिनीहरुलाई सत्यताद्वारा, शुद्ध पार्नुहोस्, पिता, तपाईको वचन नै सत्य हो।”

> ...*तिमीहरु जसले सत्यको वचन, अर्थात् मुक्तिको सुसमाचार सुन्यौ...*

112 कुन मुक्ति थियो जुन उनले तिनीहरुलाई भन्न खोजिरहेका थिए? पृथ्वीको जग बसालिनुभन्दा पहिले नै पूर्वनियुक्त गरिएको (के त्यो सहि हो?), पुत्रहरुको अभिग्रहणमा, अनन्त जीवनको लागि पूर्वनियुक्त गरिएको। अब, तपाई अनन्त जीवन आईसकेपछि, तपाई बचाईनु भएपछि, पवित्र आत्माद्वारा भरिनुभए पछि, तपाईको पुत्रहरु। अब तपाईलाई परमेश्वरले पदिय ढंगमा स्थापित गर्न चाहदै हुनुहुन्छ, ओ, ताकि तपाईले उहाको राज्य र उहाको महिमाको लागि कार्य गर्नसकेको होस्।

113 त्यहि नै सुसमाचार हो। पहिलो त, वचन सुनेर, “पश्चताप गर, र पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिने।” तपाईको सबै पापहरु हटाइन्छ, प्रभु येशू ख्रीष्टको नाउँलाई पुकार्दै, त्यस प्रतिज्ञाको देशको निम्ति। प्रतिज्ञा प्रत्येक ती यात्रीहरुको निम्ति हो जो तपाईको बाटोमा आउदछन्। यदि तपाईले तपाईको घर आज छोड्नुभएको छ भने, एउटा पापी भई, यो भन्दै, “म त्यहाँ ब्रन्हाम टेबरनेकलमा जान्छु।” परमेश्वरले तपाईलाई आज राति अवसर दिनुहुन्छ। त्यहाँ एउटा कुरा तपाई र प्रतिज्ञाको देशको बीचमा आउछ। प्रतिज्ञाको देश के हो? पवित्र आत्मा। यहोशू र प्रतिज्ञाको देशको विचमा जे आएको थियो त्यो यर्दन थियो। ठिक सहि हो।

114 मोसा, जो ख्रीष्टको चित्रणको रूपमा थिए, यहूदीलाई प्रतिज्ञाको देशसम्म अगुवाई गरेर ल्याए, त्यसपछि मोसाले यहूदीहरुलाई प्रतिज्ञाको देशभित्र लगेनन्। यहोशूले मानिसहरुलाई देश भित्र लगे र जमिन विभाजन गरिदिए। येशूले मूल्य चुकाउनुभयो, पवित्र आत्मासम्म तिनीहरुलाई अगुवाई गर्नुभयो। परमेश्वरले पवित्र आत्मालाई तल पठाउनुभयो र मण्डलीलाई ठिक स्थानमा राख्नुभयो, हरेक व्यक्तिलाई, उहाको व्यक्तित्वको उपस्थितिले हरेकलाई भर्नुभयो। तपाईले देख्दैहुनुहुन्छ म के भन्न खोज्दैछु? सबै कुरा ख्रीष्ट येशूमा, कसरी परमेश्वरले यसलाई यो सुसमाचारको बोलावटमा पूर्वनियुक्त गर्नुभयो!

115 पावल, गलाती १:८ मा भन्छन्, “यदि स्वर्गदूत नै आएर अर्कै प्रचार गर्छ भने त्यो पनि श्रापित होस्।” सत्य, सुसमाचार। अब हामी पढदै जाँदा ध्यान दिएर सुन्नुहोस्, यो पदलाई समाप्त गर्दै।

> *तिमीहरु, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्यौ...*(ध्यान दिएर सुन्नुहोस्)*...उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाईएको थियो।*

116 अन्तिम दिनहरुमा, बाईबलले भनेको छ, अब हेर्नुहोस्, अन्तिम दिनहरुमा त्यहाँ दुइ श्रेणीका मानिसहरु हुन्छन्। एउटासंग परमेश्वरको छाप हुनेछ, अर्को संग पशुको छाप हुनेछ। के त्यो सहि हो? कतिजनालाई यो थाहा छ? ठिक छ, यदि परमेश्वरको छाप नै छाप...यदि परमेश्वरको छाप पवित्र आत्मा हो, त्यसो हो भने पवित्र आत्माको छाप बिना पशुको छाप हुनेछ। र बाईबलले भनेको छ कि त्यो दुइटा आत्मा यति उस्तै उस्तै हुनेछ कि सम्भव भएत त्यसले चुनिएकोलाई पनि भड्काउनेछ। त्यसले त्यसो कहिल्यै गर्न सक्दैन, किनभने तिनीहरु अनन्त जीवनको लागि चुनिएका हुन्। बुझ्नुभयो?

117 मण्डली गएकै हुनेछ, जस्तो हामीले यो जानेका छौ कि त्यहाँ दस कन्या प्रभुलाई भेट गए, सबै शुद्ध पारिएका, सबै पवित्र थिए, हरेक जना शुद्ध पारिएका छन्। पाँचजना सुस्त थिए र तिनीहरुको बत्ति निभ्न दिए। पाँच जना संग चाहि आफ्नो बत्तिमा तेल थियो। “र, हेर, दुलहा आए!” र पाँचजना जससंग तेल थियो तिनीहरु विवाहभोजमा गए। र अरुहरु चाहि त्यहाँ रुने कराउने र दाँत किट्ने ठाउमा छोडिए। तयार हुनुहोस किनकि तपाईलाई थाहा छैन तपाईको प्रभु कुन समयमा आउनुहुनेछ। राख्नुहोस्... तेलले बाईबलमा केलाई प्रतिनिधित्व गर्छ? पवित्र आत्मालाई।

118 अब तपाईलाई आज, तपाई सेवेन्त डे एड्भेंटीष्टका दाजु भाईहरु जसले सातौ दिनलाई परमेश्वरले छाप लगाउनुभयो भन्नुहुन्छ, एउटा पद देखाउनुहोस् त्यसलाई प्रमाणित गर्नको लागि। बाईबलले भन्छ परमेश्वरको छाप पवित्र आत्मा हो। यो हेर्नुहोस्। “कुन...” १३ औ पदलाई अब हेर्नुहोस्।

> *र उहाँमा विश्वास गर्यौ...उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाईएको थियो।*

119 एफिसी ४:३० मा पल्टाउनुहोस्, मलाई लाग्छ त्यसैमा हो। हेरौ यदि हामीले ४:३० मा पाउछौ कि, हेरौ यदि यो त्यहि नै होकी। एफिसी ४ अध्याय, र ३० पद। हो, यहाँ छ यो ४:३०।

> *अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाईएका छौ।*

120 कहिले सम्म? जब तपाईले साचै, साचै पवित्र आत्मा प्राप्त गर्नुभयो, त्यो कहिलेसम्म तपाईमा रहन्छ? अर्को जागृति हुन्जेलसम्म, हजुरआमाले तपाईको मार्ग नाघेर नगएसम्म, बसले तपाईलाई गाली नगरेसम्म? तपाईको उद्धारको दिनसम्म! हाल्लेलुयाह!

121 तपाई मरे पश्चात, तपाईले देश पार गरिसके पश्चात, कि त्यहाँ तपाई आफ्ना प्रियहरुसंग खडा भएपछि, तपाई अझै पनि पवित्र आत्माद्वारा भरिनुभएको हुन्छ। धर्मशास्त्र! तपाई ठिक त्यस्तै हुन्छ जस्तो तपाई अहिले हुनुहुन्छ, केवल तपाईले...तपाई अर्को शरीरमा सर्नुभएको हो। तपाईले केवल घरहरु परिवर्तन गर्नुभएको हो। अहिलेको यो पुरानो भयो, तपाई यसमा दादसंग बाधिन सक्नुहुन्न, धारण कुहिएको छ। त्यो सहि हो। त्यसैले तपाईले केवल पुरानो कुराहरुलाई आफुबाट बदलिनुभएको छ र त्यसलाई कुहिन दिनुभएको छ, र एउटा नयामा सर्नु भएको छ। के त्यो ठिक हो? "किनकि हामी जान्दछौ कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घर छ, जो हातले बनाईएको होइन।"

122 तपाईले याद गर्नसक्नुहुन्छ त्यस दिन, त्यसबाट भएर जाँदा? जब एउटा सानो बच्चा आमाको गर्भमा बन्छ, र यो सानो मासुले लात हानिरहेको र उफ्रने र त्यस्तै गर्ने गरेको हुन्छ। तर जसै आमाले बच्चालाई यस पृथ्वीमा ल्याउछ, पहिलो कुरा, त्यहाँ एउटा आत्मिक शरीर छ जसले यो प्राकृतिक शरीरलाई समाउनुपर्छ। हुनसक्छ चिकित्सकले यसलाई एउटा...[भाई ब्रन्हामले आफ्नो हात तालीको रूपमा पड्काउनुहुन्छ—सम्पा] *यसरी*, या केहि कुराले हल्लाउछ, र "ह्वा, ह्वा, ह्वा।" तुरुन्तै त्यो ठिक आमाको छातीमा जान्छ, "अम, अम, अम," आफ्नो सानो टाउको तल र माथि आफ्नो आमाको छातीमा चलाउदै, ती दूधको नशालाई दूध दिने खालको बनाउदै।

123 एउटा सानो बाछा, जसै त्यो आफ्नो आमाबाट पृथ्वीमा झर्छ, त्यो आफ्नो सानो घुडामा केहि मिनेटमै उभिन्छ। त्यसले के गर्छ? त्यो ठिक सिधै

चल्न थाल्छ, आमालाई पकडछ, र आफ्नो सानो टाउको त्यसरी तल–र–माथि हल्लाउन थाल्छ, र आमाको दूध खान्छ। हाल्लेलुयाह! हो, श्रीमान्।

124 जब यो प्राकृति शरीर पृथ्वीमा आउछ, त्यहाँ एउटा आत्मिक शरीर पर्खिरहेको हुन्छ।

125 र जब यो प्राकृतिक शरीर यस जमिनमा झर्छ, हाल्लेलुयाह, त्यहाँ एउटा छ जुन त्यहाँ पारी पर्खिरहेको हुन्छ! हामी केवल एउटाबाट अर्कोमा सर्छौं, हामीहरुले हाम्रो वास गर्ने स्थानहरु परिवर्तन गर्छौं। यो मरणशील अमरणशीलमा राखिनुपर्छ, यो आत्मिक; यो विनाशी अविनाशीमा राखिनुपर्छ। यो बुढो चाउरी परेको, खुम्चिएको, कुप्रिएको शरीर, तर यसले आफ्नो आकार परिवर्तन गर्नेछैन, मेरो अर्थ जब यो त्यहाँ पारी जान्छ, तपाईसंग अझै पनि उहि आत्मा हुनेछ।

126 म तपाईलाई एउटा केहि सानो कुरा दिन्छु जुन तपाईलाई दुविधाको कुरा सुनिन्छ, तर यो बाईबल हो, त्यसपछि म तपाईलाई एउटा दिन्छु जसले तपाईको निम्ति दुविधा हटाउनेछ। यसलाई हेर्नुहोस्। जब बुढो साऊल, राजा, त्यो पुरानो, ठूलो बुढो डिनोमीनेसनको प्रचारक त्यस समयको, तपाईलाई थाहा छ, जसको काँध र शिर सबैको टाउको भन्दा माथी थियो, र सबै डराउथे, तिनीहरुलाई अलौकिक कुराको बारेमा केहि पनि थाहा थिएन। दाऊले आएर थूमालाई सिंहको मुखबाट बचाउनु परेको थियो, जसले गोलियतलाई मारेका थिए। उनलाई हेर्नुहोस्। उनी परमेश्वरबाट यति टाढा भएका थिए कि, उनले यस पवित्र–रोलर प्रचारकलाई घृणा गर्न थाले। र उनको साथ दिनको साट्टो, उनलाई मद्धत गर्नको साट्टो, उनी उसको विरुद्धमा आए। यदि त्यो ठ्याक्कै अहिलेको चित्र होइन भने, ठ्याक्कै त्यस्तै हो। ठिक उनको विरुद्ध भए।

127 तपाईहरु कतिजना यहाँ हुनुहुन्थ्यो जब मैले मेरो पहिलो यात्राको लागि गएको थिए, "दाऊदले गोलियतलाई मारेको," विषयमा प्रचार गरेर छोडेर गएको थिए? धेरै, केहि, केहि पुरानो समयकाहरु छन्। म फेरी पनि यसमा छोड्ने निधो गर्दैछु। याद गर्नुहोस्, हेर्नुहोस् गत अईतबार के आयो? यो ठिक अर्को चरणमा बढ्दैछ। दाऊदको दोस्रो अभियान, उनको सेवकाईको दोस्रो चरण। त्यो ठिक सहि हो। त्यसपछि उनी इस्रायलको राजा भए। ध्यान दिनुहोस् सेवकाईलाई अहिले ठूलो चरणमा बढ्दै छ, ठूलो हुदै गएको छ। त्यस्तै नै दाऊद पनि बढ्दैछ। उनी आउदै गर्दा मैले यो ध्यान

दिएकोछु, दाऊद, ओ, जब परमेश्वरले दाऊदलाई त्यहाँ आएर सिंहलाई मार्न दिनुभयो, ध्यान दिनुहोस्, र भालुलाई मारे, त्यसपछि फलिस्तीलाई मारे। अब, त्यहाँ एउटा समय आयो जब परमेश्वरले यस केटामा दुष्ट आत्मा आउन दिनुभयो। र...के मा? दाऊदलाई घृणा गर्न। र म विश्वास गर्छु...

128 अब, यी टेपहरु। अब सुन्नुहोस्, दाजुभाईहरु, तपाई जो टेपमा हुनुहुन्छ, यदि तपाई मसंग असहमत हुनुहुन्छ भने, मलाई माफ गर्नुहोला। हेर्नुहोस्, म तपाईलाई प्रेम गर्छु। म तपाईलाई जसरी पनि त्यहाँ पारी भेट्नेछु, बुझ्नुभयो, किनकि यदि तपाई परमेश्वरको मानिस हुनुहुन्छ भने म जसरी पनि म तपाईलाई भेट्ने छु। तर, म यो भन्न चाहन्छु, यहाँ छ काराण। केवल शाऊल त्यो कुरा दाऊदमा भएको देखेको कारणले जुन उनमा थिएन। त्यसपछि के भयो?

129 एउटा सानो पुरानो "रातो," बाईबलले भन्छ उनी "कलिलो रातो" थियो। त्यो एउटा एकदम राम्रो केटा थिएन, "रातो" एउटा सानो पुरानो खालको एउटा केटा थियो। र उनी त्यहाँ बाहिर गए, र साऊल, उनले शाऊलको हात हतियार लिए, र म कल्पना गर्छु कि त्यो छाती पाता उनको खुट्टासम्मै तल आयो। र उनले भने, "यी कुराहरु मबाट निकालीदिनुहोस्। म—म..." हुनसक्छ उनलाई साउलले एउटा डक्टरको डिग्री दिए होला, एउटा पीएच.डी या एलएलडी, या केहि त्यस्तै, तपाईलाई थाहा छ। कसरी उनले भने, "मलाई यी कुराहरुको बारेमा केहि पनि थाहा छैन, किनभने मैले यो साबित गरेको छैन। जे मैले गर्दैछु त्यसको बारेमा मैले जे जानेको छु मलाई त्यो गर्न दिनुहोस्।" हो, श्रीमान्। उनले घुएत्रो लिए।

130 र तिनीहरुले दाऊद पागल बनाए किनकि छोरीहरु, मण्डलीहरु, मण्डलीहरुले गाईरहेका थिए, "शाऊल, हजारौलाई मार्न सक्थे होला, तर दाऊदले दसौ हजारौलाई मार्न सक्थे।"

131 त्यसपछि उनलाई इर्ष्या लाग्यो, "यो त्यो एउटा पुरानो येशूको नाउको कुरा थियो, त्यहाँ यसमा केहि पनि थिएन।" त्यो ठिक हो। र परमेश्वरले उनलाई के गर्नुभयो? परमेश्वरले उनमा दुष्टको आत्मा पठाउनुभयो, दाऊद घृणा गर्नको निम्ति, र उनले दाऊदलाई कुनै कारण बिना नै घृणा गर्न थाले।

132 दाऊदले कहि बार उनको घाटि न्याक्न सक्थे। उनले त्यो गर्न सक्थे, तर उनले त्यतिकै छाडिदिए। उनले केवल कहिल्यै पनि केहि भनेनन्। उनले निश्चय नै केहि गर्नसक्थे। एकरात उनी त्यहाँ गए र उनले कोटको पुच्छर

काटेर फर्केर आए, भने, “यहानिर हेर, तिमीले देखेको छौ!” हो, श्रीमान्, उनले त्यसो गर्न सक्थे, तर उनले केवल एक्लै छाडिदिए। उनले चाहेको भए उनको मण्डलीलाई टुटाएर तिनीहरुलाई छताछुल्ल पार्न सक्थे, र यदि उनले चाहेको भए उनको आफ्नै लागि एउटा संस्था शुरू गर्न सक्थे। तर उनले त्यसो गरेनन्, उनले केवल शाऊललाई एक्लै जान दिए। लडाई परमेश्वरलाई छोडिदिऔ। हो, श्रीमान्।

133 त्यसैले जसै उनी त्यसमा भएर गईरहे त्यो अभियान सिद्धियो, र त्यो दुष्ट आत्मा शाऊल हावी भयो ताकि उनले परमेश्वरबाट कुनै उत्तर पाउन नसकोस। केहि समय पछि उनी...उनीबाट परमप्रभुको आत्मा निस्कीसकेको थियो। र बुढो शामुएल, त्यो व्यक्ति जसलाई तिनीहरुले नकारेका थिए, त्यो व्यक्ति जो तिनीहरुको लागि वास्तवमै परमेश्वरको आवाज थियो, त्यो व्यक्ति जसले तिनीहरुले संसारको जस्तो व्यवहार गर्नभन्दा अगाडि नै तिनीहरुलाई भनेका थिए।

134 कतिसम्म मण्डली संसार जस्तै व्यवहार गर्न चाहन्छ? किन पेन्टिकोष्टल, बप्तिष्मा भएका, पवित्र आत्माबाट अनुभवी मेथोडिष्ट, र ब्याप्टिष्ट, र प्रेस्बिटेरियन संसारको जस्तो व्यवहार गर्न चाहन्छन्? किन तिनीहरुले त्यसो गर्छन्? मलाई थाहा छैन। म—म केवल यो बुझ्नै सक्दिन। तपाईले भन्नुहुन्छ, “ठिक छ, जुवा तास खेल्नु कस्तो मजा हुन्छ, केवल थोरै रमाइलोको लागि, मात्र केहि पैसाको लागि,” तपाईले त्यसलाई के भन्नुहुन्छ। त्यो एउटा पाप हो। तपाईको घरमा ती कुराहरु हुनुहुदैन। “किन, त्यो केहि थोरै लिनु हानी हुदैन, ग्लासमा थोरै बियर। हामीसंग केवल थोरै मात्र छ। म र मेरी श्रीमतीले आज अपरान्हमा थोरै लिएका थियौ।” र पहिलो कुरा तपाईलाई थाहा छ, तपाईको बच्चाहरुले नि थोरै लिन्छन्। पक्कै त्यो हो।

135 र तपाई महिलाहरु, हम, दुष्टले केवल एउटा बनाएको छ...त्यहि नै हो जो त्यसले शुरूको समयमा गरेको थियो, र त्यसले निश्चित रूपमा तपाईको दिदिबहिनीबाट निशाना बनाएको छ। त्यसले केवल त्यस कुराको लागि त्यो गर्छ...किनकि त्यसलाई थाहा छ त्यसले के गर्न सक्छ। त्यसले महिलालाई एउटा पुरुषलाई भन्दा हजार गुना चाडो छल गर्नसक्छ। मलाई थाहा छ त्यसले तपाईको चित्त दुखाउछ, तर त्यहि नै सत्य हो। त्यहि नै हो। त्यहि नै त्यसले अदनको बगैचामा गरेको थियो। त्यसले...अब, उनी निष्कपट

थिईन्, उनी इमान्दार थिईन्, तर उनी धोकामा परेकी थिईन्। "आदम छलमा परेका थिएनन्," बाईबलले भन्छ। ऊ छलमा परेको थिएन, तर उनी छलमा परेका थिए। त्यसैले त्यसले उनलाई छल गर्न सक्छ। र तरै पनि पाष्टरहरु बाहिर जान्छन् र महिला प्रचारकहरुलाई नियुक्त गर्छन्, तिनीहरुले यहाँको जस्तो मण्डलीमा राखीदिन्छन्, र यस बाईबलले उत्पत्ति देखि प्रकाशसम्म दोषी बनाउदछ। तपाईले भन्नुहुन्छ, "ठिक छ, यो सबै ठिक छ। तिनीहरुले...तिनीहरुले केवल त्यस्तै नै तरिकाले प्रचार गर्न सक्छन्।" मलाई थाहा छ त्यो ठिक हो।

136 जस्तो कि एकसमय कसैले अन्यभाषामा बोल्न शुरू गर्यो, र मैले प्रचार गरिनै रहे। र जब म बाहिर आए, एउटा महिलाले मेरो छोरालाई भन्यो, "मैले भोलिको राति दिनको लागि संदेश छ।" भन्यो, "जब तिम्रो बाबा मंचमा आउछ त्यसबेला।"

उसले भन्यो, "ओ, मिस, तपाईले के भन्न खोज्नु भएको?"

137 र त्यस रात सबै तयार भयो, जब मैले वेदिको बोलवा गर्नलाई तयार गर्दै थिए, उनले आफ्नो कपाल तयार गरिन् र आफ्नो स्टकिंग्स र ती कुरा मिलाईन्, तयार भईन्, भुइँको बीचमा उफ्रिईन् र माथी–र–तल उफ्रिन शुरू गरिन्, अन्यभाषामा बोलिन् र अगमवाणी बोलिन्। र मैले प्रचार गरिनै रहे, मेरो वेदिको बोलवा गरे। जब मैले कहिल्यै त्यसलाई कदर नै गरिन, त्यो सहि थिएन। त्यसैले तब, बाईबलले भनेको छ नगर्नको निम्ति, भनेको छ, "अगमवक्ताहरुको आत्मा अगमवक्ताहरुकै अधिनमा हुन्छन्।" परमेश्वर... परमेश्वरले मंचमा बोलिरहनुभएको थियो, उहाँलाई बोल्न दिनुहोस्। पावलले भने, "यदि कसैमा केहि प्रकास भएको छ भने, त्यसले अर्कोले नसिद्ध्याए सम्म शान्ति राखीरहोस्।" त्यो ठिक हो।

138 अब, त्यसपछि जब म बाहिर गए, ती मानिसहरुले भने, एउटा मानिसको ठुलै समूहले भने, "तपाईले आज पवित्र आत्माको निन्दा गर्नुभयो।"

मैले भने, "के गरेर? मैले के गरे र?"

139 भने, "ठिक छ, जब त्यस बहिनीले त्यो संदेश दिनुभयो, हाल्लेलुयाह, त्यो भने।"

"किन," मैले भने, "म प्रचार गरिरहेको थिए। उनी ठिक विधिमा थिईनन्।"

140 "ओ," भने, "त्यो ताजा ठिक सिंहासनबाट थियो। त्यो तपाईले जे प्रचार गरेको थियो त्यो भन्दा पनि ताजा थियो।" अ!

141 अब, त्यसले केवल देखाउछ...त्यसले या त यो देखाउछ, र म यो तपाईको सम्मानको निम्ति भन्दछु, या त पागलपनको लागि, या त अनादार, या त अशिक्षित शिक्षा जसलाई परमेश्वरको बारेमा यति पनि थाहा छैन जति एउटा खरायोलाई हिउमा लाउने जुत्ताको बारेमा थाहा छ। अब, त्यो, म यो एउटा वाहियात टिप्पणी गर्नको लागि भन्दिन, किनभने यो चुटकिला गर्ने ठाउ होइन। तर त्यो—त्यो ठिक सत्य हो। एउटा व्यक्ति जसलाई थाहा छ कि परमेश्वर गोलमालको परमेश्वर हुनुहुन्न। उहा शान्ति हुनुहुन्छ। बाईबल जुन तिनीहरुलाई थाहा छैन। जति पनि तिनीहरुलाई थाहा छ त्यो तल–र–माथि उफ्रिने, अन्य भाषामा बोल्ने र भन्ने, "मैले पवित्र आत्मा पाएको छु। हाल्लेलुयाह!"

142 म उभिएको छु र अफ्रिकामा देखेको छु, बोक्सी चिकित्सक र ती कुराहरुले पाँच हजार जनाले एकैपटकमा बोलेको; तल–र–माथि उफ्रेको, तिनीहरुको अनुहार भरी रगत भएको, अन्यभाषामा बोलेको, र मान्छेको खोपडीको हड्डीबाट रगत पिएर दुष्टलाई बोलाएको, र अन्यभाषामा बोलेको।

143 र पनि अन्यभाषामा बोल्नु परमेश्वरको एउटा वरदान हो, तर त्यो पवित्र आत्माको अचूक प्रमाण होइन। म तपाईलाई त्यो अहिले भन्दछु। म विश्वास गर्छु कि सबै प्रेरित सन्तहरु अन्यभाषामा बोल्दछन्। म विश्वास गर्छु कि कुनै एउटा मानिस जब कुनै समय तपाई परमेश्वरसंग अन्यभाषा नाबोलुन्जेलसम्म प्रेरित हुनुसक्नु हुन्छ। म त्यो विश्वास गर्छु। तर म यो विश्वास गर्दिन कि त्यो तपाईले पवित्र आत्मा पाउनुभएको छ भन्ने चिन्ह हो। हो, श्रीमान्। म विश्वास गर्छु कि त्यहाँ समय हुन्छ जब तपाईमा विश्वास हुन्छ, व्यक्ति, तपाई हिड्नुहुन्छ र सानो केटा माथि रात राख्नुहुन्छ जसमा क्यान्सर छ, जब पचास जना प्रचारकहरुले त्यसको लागि प्रार्थना गर्छन्, र त्यो चंगाई हुन्छ किनभने त्यस बच्चाको लागि उसको आमामा विश्वास हुन्छ। परमेश्वरले त्यो उनमा दिनुभएको हो, उनी ख्रीष्टको शरीरको सदस्य हुनुहुन्छ। हो, श्रीमान्। म त्यो विश्वास गर्छु। मैले त्यो भएको देखेको छु र म जान्दछु कि त्यो सत्य हो। तर जे त्यो छ, त्यसले मण्डलीलाई विधि पूर्वक राख्दछ, क्रमानुकरण अनुसार राख्दछ ताकि हामीले काम सक्छौ।

144 अब बाकि रहेको पदहरुलाई हामी जानभन्दा अगाडि यहाँ सिद्ध्याऔं।

*...उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाईएको थियो।*

145 "छाप!" छाप के हो? छाप के हो? छाप, पहिलो कुरा यसले यो देखाउछ कि एउटा कार्य पूर्ण गरिएको छ, एउटा पूरा कार्य। अर्को कुरा यसले आफ्नो स्वामित्व देखाउछ। र अर्को कुरा यसले सुरक्षा देखाउछ, त्यसलाई राखेर।

146 उदाहरणको लागि, म पेन्सिलभानिया रेलरोडको लागि काम गर्ने गर्थे, मैले रेलरोडमा मेरो बुवासंग काम गर्ने गर्थे। मैले कार लोड गर्ने गर्थे। र हामीले त्यसलाई यहाँ तल प्याकिंग गर्ने कम्पनीमा राख्ने गर्थ्यौं, हामीले त्यसलाई टिनको क्यान या बट्टामा राखथ्यौ, र हामीले केहि *यहानिर* मिलाउथ्यौ र केहि *यहाँ* तल राख्थ्यौ, र केहि माथी *यस* तर्फ राख्थ्यौ। तर त्यो कार छाप लगाईनुभन्दा पहिले, निरिक्षक त्यसबाट भएर आउथ्यो, र उसले त्यसलाई धकाल्थ्यो, *यो* एउटामा धक्का दिन्थ्यो, र *त्यस* एउटालाई हल्लाउथ्यो। "अ! जाँच गर्थ्यो! तिनीहरु त्यहाँ जानुभन्दा पहिले त्यसलाई सबै तरिकाले टुक्राउथ्यो। त्यसलाई निन्दा गर्थ्यो! त्यसलाई बाहिर लान्थ्यो। त्यहि नै गर्थ्यो।" निरिक्षकले कारलाई निन्दा गर्थ्यो।

147 पवित्र आत्मा निरिक्षक हुनुहुन्छ। उहाँले तपाईलाई थोरै हल्लाउनुहुनेछ, र डराउनुहुन्छ। के तपाई सबै परमेश्वरको वचन विश्वास गर्नुहुन्छ? "म त्यो पुरानो येशूको नाउँको चिजहरु विश्वास गर्दिन।" त्यसलाई निन्दा गर्छ। तपाई खड्खडाउनु हुन्छ, बुझ्नुभयो। "म दिव्य चंगाईमा विश्वास गर्दिन या त्यस्तो केहि कुरामा विश्वास गर्दिन।" अझै पनि खड्खडाउनु हुन्छ। त्यसलाई निकाल्नुहोस्। के तपाई विश्वास गर्नुहुन्छ येशू ख्रीष्ट हिजो एकसमान हुनुहुन्छ..."अ, कुनै तरिकामा" तपाई खड्खडाउनु हुन्छ। त्यसलाई बाहिर निकाल्नुहोस् त्यो अझै पनि तयारी छैन। हो श्रीमान्।

148 भाई, जब त्यो "आमेन" भन्न तयार हुन्छ, के तिमीले पवित्र आत्मा प्राप्त गरेको छौ? "आमेन!" के सबैकुरा पुरा भएको छ? "आमेन!" त्यसो हो भने निरिक्षकले के गर्छ? सबै कुरा राम्रो र कसिलो गरी प्याक गरिएको छ, सुसमाचारले भरपुर छ। ओ, परमेश्वरको प्रत्येक वचन असल छ। सबैकुरा सिद्ध छ। "म प्रत्येक वचन विश्वास गर्छु। आमेन! आमेन! आमेन!" के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले अझै पनि निको पार्नुहुन्छ? "आमेन!" के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वर हिजो र सधैंभरी एकसमान हुनुहुन्छ?

“आमेन।” के तपाई विश्वास गर्नुहुन्छ कि पवित्र आत्मा उत्तिकै वास्तविक हुनुहुन्छ जति पहिले हुनुहुन्थ्यो? “आमेन।” के तपाई विश्वास गर्नुहुन्छ के त्यहि आत्मा जो पावलमा आउनुभएको थियो आज हामीमा पनि आउनुभएको छ? “आमेन।” तपाई विश्वास गर्नुहुन्छ कि आत्माले त्यहि कार्य हामीमा गर्नुहुनेछ जे तिनीहरुमा पहिले गर्नुभएको थियो? “आमेन।” ओ, ओ, उनी अब कसीलो हुदैछ। बुझ्नुभयो, अब कसिलो हुदैछ, हामीहरु ढोका बन्द गर्न तयार छौ। ठिक छ।

149 त्यसपछि निरिक्षकले ढोका बन्द गर्छ। उनले के गर्छ? उनले त्यसमा छाप लगाउछ। त्यसपछि उनी यहाँ तल आउछ र यी साना पेंचिसले त्यसलाई कस्न थाल्छ, त्यो सानो कुरासम्म पुग्छ र त्यसलाई छाप लगाउछ। तपाईले त्यसलाई नतोड्दा राम्रो हुन्छ। यदि ती कारहरु, त्यसको गन्तव्य बोस्टन हो भने, त्यो तोडिन सक्दैन। बोस्टनसम्म पुग्नभन्दा अगाडि त्यो छापलाई तोड्न एउटा दण्डनीय अपराध हुन्छ। र एउटा व्यक्ति जसमा अधिकार छ त्यस व्यक्तिले केवल उसको आफ्नो लागि त्यो छाप तोड्नसक्छ। त्यो ठिक हो। त्यो एउटा *निश्चित–निश्चित* रेलरोड कम्पनीले किन्छ। त्यो तिनीहरुको छाप हो। त्यो तिनीहरुको निश्चितता हो कि यो कार प्याक गरिएको थियो, यो कार तयार छ। त्यो तिनीहरुको हो। तिनीहरुले “बि र ओ” राख्नसक्दैनन् त्यहाँ “पेन्सिलभानिया” मा। तपाई छाप लगाईन पर्छ र जब त्यो छाप लगाईन्छ।

150 र जब इसाई सुसमाचारबाट प्याक गरिएको हुन्छ र परमेश्वरको भलाईबाट भरिएको हुन्छ, परमेश्वरको सबै असल कुराहरु उसमा खुला हृदयको साथ रहेको हुन्छ, कार्य गर्नको लागि तयारी अवस्थामा, पदिय रूपमा स्थापित हुने चाहनाका साथ, जे पनि गर्न तयार हुन्छ जुन पवित्र आत्माले उसलाई गर्नलाई भन्छ, मृत्युबाट जीवनमा आएको हुन्छ, संसारको सबै कुराहरुबाट पवित्र पारिएको हुन्छ, ज्योतिमा हिडेको हुन्छ जसरी ज्योति ऊमा आईरहेको हुन्छ, अगाडि बढ्दै, ऊ तयार हुन्छ। त्यसपछि उसको पछाडि रहेको संसारको ढोका परमेश्वरले बन्द गरिदिनुहुन्छ, र त्यसरी नै फालीदिनुहुन्छ, र उसलाई पवित्र आत्माको प्रतिज्ञाले छाप लगाउनुहुन्छ। हाल्लेलुयाह! कहिले सम्म? गन्तव्यमा नपुगेसम्म। उसलाई यहाँ ल्याएर रेलरोडको बाटोमा ल्याएर त्यसलाई तोडेर, खोलेर फेरी सबै ठिक त छ भनि नहेर्नुहोस्। त्यो सबै ठिक छ, त्यसलाई एक्लै छोडिदिनुस्। निरिक्षकले त्यसको निरिक्षण

गरिसकेको छ। कहिलेसम्मलाई तपाई छाप लगाईनुभएको छ? तपाईको उद्धारको दिनसम्मको लागि। त्यति लामो समयसम्मको लागि तपाई छाप लगाईनुभएको छ।

151 “ठिक छ, जब तपाई मर्नुहुन्छ, त्यसपछि, भाई ब्रन्हाम, तपाई मरेपछि चाहि के हुन्छ, तपाईले भन्नुभयो कि तपाईसंग अझै पनि हुन्छ?” तपाईसंग सदाको लागि रहन्छ। जीवन कहाँ शुरू हुन्छ? वेदिमा हुन्छ। ठिक त्यहाँ तपाईले थोरै छाया देख्नुहुन्छ। त्यो नै छाया हो, पवित्र आत्माको छापको। त्यसपछि त्यो छायाको पनि छायाको पनि छाया हो, जसरी मैले पहिलेको दिनमा पनि भनेको थिए। तर जब तपाई मार्नुहुन्छ, तपाई ती छायाहरुबाट भएर गईरहनुहुन्छ जब सम्म तपाई भिजेको अवस्थामा आउनुहुन्न, भिजेको अवस्थाबाट थोरै मुस्किल जलश्रोतमा, जलश्रोत देखि एउटा सानो नाला, नाला देखि खोला, र खोला देखि सागरसम्म, बुझ्नुभयो, परमेश्वरको प्रेममा। तपाई केवल उहि व्यक्ति हुनुहुन्छ।

152 यहाँ हेर्नुहोस्। बुढो शाऊल, बुढो विश्वासमा पछि परेको, उनी परमेश्वरसम्म जान सकेका थिएनन्, तरै पनि उनी पतन भएका थिएनन्, उनी निश्चित रूपमा पतन भएका थिएनन्। उनी एउटा अगमवक्ता थिए, तर उनी केवल परमेश्वरबाट बाहिर पुगेका थिए। त्यहि कारणले नै, दाजुभाई, मैले भन्छु, “तपाई पतन हुनुभएको छैन।” त्यसैले याद गर्नुहोस्, उनी केवल परमेश्वरको इच्छाबाट बाहिर पुगेका थिए, त्यसैले पहिलो कुरा तपाईलाई थाहा छ, उनी—उनी सहमत नै हुदैन थिए। अब, हुनसक्छ मैले त्यो नभनेको भए हुन्थ्यो। ठिक छ, म बस आजराती खुसीको मण्डलीको लागि जानेछु। त्यसैले, तपाईलाई थाहा छ, र पहिलो कुरा तपाईलाई थाहा छ, ओ, प्रभु, त्यसपछि...उनी उरीम थूमिममा गए।

153 तपाईलाई थाहा छ उरीम र थूमिम के थियो, त्यो छातीको पाटा थियो, त्यो पोशाक जो हारुनले लगाउथे। र त्यो सधै, परमेश्वर जहिले पनि अलौकिक परमेश्वर हुनुभएको छ जसले अलौकिक तरिकामा जवाफ दिनुहुन्छ। र जब अगमवक्ताले अगमवाणी बोल्थे, र त्यो रहस्यमय ज्योति त्यस उरीम थुमिममा आउदैनथ्यो भने त्यस व्यक्ति गलत ठहरिन्थ्यो। जब एउटा सपनादर्शी ले एउटा सपना भन्थ्यो र त्यो उरीम थूमिममा ज्योतिको रूपमा बल्दैन थियो, मलाई मतलव छैन त्यो जति नै मिठो किन नसुनियोस्, त्यो गलत हुन्थ्यो। यो कुरा सहि हो।

154 र मलाई मतलब छैन तपाईसंग कति धेरै डक्टरको डिग्री छ र तपाईको संस्था कति ठूलो छ, जब तपाईले भविष्यवाणी बोल्नुहुन्छ या प्रचार गर्नुहुन्छ, त्यो वचन अनुरुप छैन भने, तपाई गलत हुनुहुन्छ, भाई। तपाई... यो परमेश्वरको उरीम थुमिम हो। जब तपाईले भन्नुहुन्छ तपाई संसारको जग बसालिनुभन्दा पहिले पूर्वनियुक्त गरिनुभएको थिएन, त्यो ज्योति बल्नेछैन, किनभने बाईबलले भन्छ कि तपाई पूर्वनियुक्त गरिनुभएको थियो। जब तपाईले भन्नुहुन्छ कि तपाई "पिता, पुत्र र पवित्र आत्मा," को नाउँमा बप्तिष्मा लिनुपर्छ, त्यो बल्दैन, किनभने बईबलमा कोहि पनि त्यसरी कहिल्यै बप्तिष्मा भएको छैन। केवल प्रभु येशूको नाउँमा भएको थियो। त्यो बल्नेछैन, त्यसैले त्यहाँ केहि कुरा गलत छ।

155 त्यसैले उरीम थूमिमले बुढो शाऊललाई उत्तर नै दिदैन थियो, र उसले सपना नै देख्न सक्दैन थिए। उनी यति टाढा पुगिसकेका थिए कि उनले सपना पनि पाएका थिएनन्। त्यसैले तपाईलाई थाहा छ उनले के गरे? उनी बोक्सीविद्या गर्ने कहाँ गए, र यो बुढी बोक्सीले, त्यो बुढी तान्त्रिक वैद्यले त्यहाँ तल, बोक्सी चिकित्सक। र उनले भने, "के तिमीले दिव्य गर्न सक्छौ?"

156 उनले भनिन्, "हो, तर शाऊलले भनेका थिए उनले सबैलाई मार्छन् जसले तान्त्रिक कार्य गर्छन्।"

157 उसले भन्यो, "म तिमीलाई बचाउनेछु।" एउटा गुप्त भेषमा गएका थिए। उसले भन्यो, "प्रेत आत्मा सित सोधेर मेरो भाग्य बताईदेऊ, र म जुन मानिसलाई बोलाउछु त्यस मानिसलाई बोलाईदेऊ।" अब यहाँ सुन्नुहोस्, "मेरो लागि शामुएल अगमवक्तालाई बोलाउ।"

158 र उनले प्रेत आत्मा बोलाउन थाले। र, जब उनले त्यसो गरे डराए, उनले भनिन्, "मैले देवहरु आईरहेको देख्दैछु।" देख्नुभयो, उनी एउटा अविश्वासी थिई, "देवहरु," तिन या चार जना जति, पिता, पुत्र र पवित्र आत्मा जस्तो, या केहि त्यस्तै खालको, तपाईलाई थाहा छ। उनले भनिन्, उनले भनिन्, "मैले देवहरु आईरहेको देख्दैछु।"

159 भन्यो, "मलाई बताउ। उ कस्तो देखिन्छ? त्यो कस्तो देखिन्छ?"

160 भनिन्, "उनी दुब्लो र खास्टो ओढेको एउटा वृद्धा मानिस निस्कदैछ।" उनी अलिकति पनि परिवर्तन भएका थिएनन्।

161 उसले भन्यो, "त्यो शामूएल हो। उनलाई यस कोठामा बोलाउ, मेरो अगाडि ल्याउ।"

162 र हेर्नुहोस् जब शामूएल साऊलको अगाडि आए, उनले भने, "तिमीले मलाई किन बोलायौ, यो जान्दाजान्दै कि तिमी परमेश्वरको दुश्मन भएको छौ?" र हेर्नुहोस्। उनी अझै पनि शमुएल मात्रै नभएर, उनले अझै पनि अगमवाणीको आत्मालाई राखिरहेको थियो। भन्छ यो गलत हो, जो कोहीलाई यो गलत भन्न दिनुहोस्। यो नै सत्य हो। उनी अझै पनि अगमवक्ता थिए। किनकि उनले भने, उनले अगमवाणी गरे र भने, "भोलि युद्ध तिम्रो विरुद्धमा हुनेछ, र भोलिको युद्धमा तिमी र तिम्रा छोराहरु मारिनेछौ, र अहिलेको सम्ममा भोलिको रात तिमीहरु मसंगै हुनेछौ।" के त्यो सहि हो? उनी अझै पनि एउटा अगमवक्ता नै थिए।

अब तपाईले भन्नुहुन्छ, "ओ, तर त्यो त बोक्सी थियो जसले यो गर्यो।"

163 ठिक छ, म तपाईलाई एउटा भन्छु जो बोक्सी थिएन। येशूले एकदिन पत्रुस, याकूब र यूहन्नालाई परिवर्तनको डाँडामा लानुभयो, र डाँडाको टुप्पोमा खडा हुनुभएको थियो। र, येशू, परमेश्वरले आफ्नो पुत्रलाई स्थापित गराउदै हुनुहुन्थ्यो; जस्तो कि म यो कोशिष गर्दैछु...एक रात, आफ्नो पुत्रलाई स्थापित गर्दै हुनुहुन्थ्यो। र जब तिनीहरुले त्यसो गरे, तिनीहरले चारैतिर हेरे र पत्तो पाए कि त्यहाँ मोसा र एलिया पनि खडा थिए। तिनीहरु कुरा गर्दै, र संवाद गर्दै थिए। कुनै सेतो झण्डा फर्फराई रहेको थिएन बरु बादल चारैतिर थियो। तर तिनीहरु मानिसहरु थियो, बोलिरहेका थिए। मोसा अज्ञात चिहानमा गाडिएको आठ सय वर्ष भईसकेको थियो। र एलिया आगोको रथमा घर गएको पाँचसय वर्ष भईसकेको थियो। र यहाँ ती दुवै जना थियो, अझै पनि उतिकै जीवित थियो जतिकको तिनीहरु त्यसबेला थिए, त्यहाँ उभिएर उहाँसंग गफ गरिरहेका थिए उहाँ कलवरीमा जानुभन्दा अघि। हाल्लेलुयाह! "हाम्रो उद्धारको दिनसम्ममा छाप लागेका थियौ।"

164 म चाडो गर्नेछु, र त्यसपछि हामी बन्द गर्नेछौ किनभने ढिलो भईसकेको छ, र हामी बिमारीहरुको निम्ति प्रार्थना गर्नेछौ, लगभग अझै पाँच मिनेट बढि। १४ औ पद, पढ्नुहोस्, मलाई १३ औ पढ माथि पढ्न दिनुहोस्, केहि पृष्ठभूमि पाउन।

> *तिमीहरु, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्यौ...*

165 अब याद गर्नुहोस्, कुन मुक्ति तिनीहरुमा छ? यिनीहरु एफिसीका इसाई थिए। तिनीहरु, अब हेर्नुहोस्, के तपाईले कोरिन्थीकोलाई ध्यान दिनुभएको छ? उनले जहिले पनि तिनीहरुलाई भन्नुपर्थ्यो, "जब म तिमीहरुको बीचमा औंदछु, एउटा संग अन्यभाषा छ, एउटा संग अन्यभाषा छ, एउटा संग भजनसंग्रह छ, एउटा संग अगमवाणी छ, एउटासंग..." बुझ्नुभयो, उनले तिनीहरुलाई केहि पनि सिकाउन सक्दैन थिए, किनभने तिनीहरु जहिले पनि केहि न केहि *यो*, या *त्यो* या अरु *केहि* चाहना गरिरहन्थे। यी मानिसहरुसंग पनि यहि नै थियो, तर तिनीहरुको क्रमानुसार थियो। उनले यस्ता केहि पनि कहिल्यै कोरिन्थीकाहरु लाई सिकाएनन्, उनले सक्दैन थिए, त्यो सिकाउनको लागि मण्डली क्रममा थिएन। अब, उनले यी मानिसहरुलाई वास्तविक कुराहरु सिकाउन सक्थे।

> *तिमीहरु, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्यौ...*(ध्यान दिएर सुन्नुहोस्)*...उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाईएको थियो।*
>
> *परमेश्वरको आफ्नो सम्पत्ति...* (ओ, मलाई त्यो छुट्टाउन नदिनुस्)*...अर्थात् हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।*

ह्यु!

166 पवित्र आत्मा के हो? अब, म बाकि रहेको लाई छिट्टो पढ्ने छु यदि तपाईले यतिसम्म लाई सहन गर्नुहुन्छ भने। हामी अर्को राति कहाँ थियौ, भाई माईक? जहाँ तिनीहरु सबै खुसी थिए, ओ, सबै कुरा शान्ति थियो, त्यो सिद्ध प्रेम थियो। अब, हरेक पटक जब तपाई *यसमा* आउनुहुन्छ तपाई थोरै तल झर्नुहुन्छ, थोपा। हरेक पटक तपाईले एउटा पाईला चाल्न खोज्नुहुन्छ, तपाई केहि इन्च नजिक आउनुहुन्छ। जब यो तल पृथ्वीमा आउछ, तपाईले छायाको पनि छायाको पनि छाया को पनि छाया पाउनुहुन्छ। अब, त्यो हो जति तपाईले पवित्र आत्मा पाउनुभएको छ। त्यो प्रेम हो। तर, ओ, तर तपाई केहि कुराको लागि तृषित हुनुहुन्छ।

167 ओ, के बृद्ध मानिस, बृद्धा मानिस...ओ म फेरी फर्किएर पन्ध्र, बिसको उमेरमा कति धेरै जाने चाहना गर्छु, म जे पनि दिन तयार हुन्छु। मलाई

के भलाई गर्छ त्यसले? म पन्ध्रको उमेरमा हुन सकूँला र अझै पनि आज राति मर्न सक्छु। यो अनिश्चित छ। के हुन्थ्यो यदि आज राति तपाई पन्ध्रको हुनुभयो, तपाईले कसरी थाहा पाउनुहुन्थ्यो तपाई आफ्नो घर पुग्दासम्म तपाईको आमा जिउदो हुनुहुन्छ या हुन्न? तपाईले कसरी थाहा पाउनुहुन्छ कि तपाई घर पुग्नुहुन्छ या हुन्न? कसरी तपाईले थाहा पाउनुहुन्छ कि तपाई भोलि जिउनुहुनेछ यदि तपाई बाह्र वर्षको हुनुहुन्छ भने, सिद्ध स्वास्थ? तपाई दुर्घटनामा मारिन सक्नुहुन्छ, मृत भेटिनसक्छ, जे केहि पनि हुनसक्छ तपाईलाई। निश्चित छैन, बुझ्नुभयो। यहानिर केहि पनि कुरा निश्चित छैन। तर तपाई त्यसको चाहना गर्नुहुन्छ। त्यो के हो? यो त्यो माथिको कुरा हो जसले तपाईलाई त्यसको चाहना गर्न लगाउछ।

168 अब, तपाई यसमा हिड्नुहुन्छ, तब तपाईसंग अनन्त जीवन छ। अब यो के हुन्छ? यो "बैना" हो।

169 केहि कुरामा बैना पैसा के हो? यदि म तपाईकहाँ कार किन्नलाई आए, मैले भने, "त्यो कारको कति हो?"

170 तपाईले भन्नुहुन्छ, "यो कार, भाई ब्रन्हाम, तपाईलाई तिन हजार डलर पर्छ।"

"यसको बैना पैसा कति हो?"

"अँ, म तपाईलाई यो पाँच सय डलरमा लिन दिन्छु।"

171 "ठिक छ, लिनुहोस् पाँच सय डलर। म—म बाकि रहेको केहि समयमा तपाईलाई ल्याईदिन्छु, जब मैले सक्छु। तपाईले त्यतिन्जेल कार राखीदिनुस्।" म तपाईलाई पाँच सय डलर दिए, त्यो बैना हो। के त्यो सहि हो?

172 अब, त्यो थामि राख्नुस्, त्यो "बैना" हो, त्यो थोरै पैसाको "अग्रिम भुक्तानी हो।"

*...तिमीहरु प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाईएको थियो...*

*जो...*

के, प्रतिज्ञाको छाप, पवित्र आत्माको प्रतिज्ञा के थियो?

*अर्थात् हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ...*

173 त्यो के हो? त्यो अग्रिमको केहि भुक्तानी हो। र, भाई, ओ, ओ, ओ, ओ, ओ, प्रचारकहरु! यदि यो अग्रिम भुक्तानी हो भने, त्यो के हुनेछ जब हामी सबै त्यहाँ जानेछौ! त्यो कस्तो हुनेछ? यदि यो...यदि यो जुन हामीले आनन्द मनाउछौ अहिले, र तबसम्म खुसी हुन्छौ...मैले नब्बे वर्षका मानिस आएको देखेको छु...

174 मैले एउटा बुढो प्रचारक एकरात उठाएको देखेको छु। उहाँ आउनुभयो र भन्नुभयो...यस्तो खालको, मंचमा आएर। र मैले भने, "त्यो बुढो व्यक्ति प्रचार गर्न लागेको?"

175 उहाँले भन्नुभयो, "अँ, प्रभुले आशिष दिनुभएको होस्।" एउटा काला जाति बुढो व्यक्ति, ठूलो बुढो प्रचारकको कोट लगाएको।

176 मैले भने, "किन तिनीहरुले ती केहि जवान प्रचारकहरुलाई प्रचार गर्न दिदैनन्? त्यो बुढो मान्छे, कसरी उनले प्रचार गर्नसक्छन्?"

177 उहाँले भन्नुभयो, "ठिक छ," उहाले भन्नुभयो, "भाईहरु," उहाँले भन्नुभयो, "आज भाईहरुले दिनभरी प्रचार गरेको मैले सुने," उहाँले भन्नुभयो, "येशूले पृथ्वीमा के गर्नुभयो भन्ने बारे। म तपाईलाई उहाँले स्वर्गमा के गर्नुभयो भन्ने विषयमा भन्न जादैछु।" उहाँले भन्नुभयो, "म मेरो पाठ आज राति अय्यूब ७:२७ बाट लिनेछु," भन्नुभयो, "जब त्यो धेरै पहिले त्यो पारी संसारको जग बसालिनुभन्दा पहिले," भन्नुभयो, "जब उहाँले भन्नुभयो बिहानीको ताराहरुले संगै गित गाई र परमेश्वरका पुत्रहरुले आनन्दले कराए।" त्यसरी शुरू गर्नुभयो। भन्नुभयो, "तपाईलाई यो थाहा छ, त्यहाँ पछाडि केहि कुरा हुन पुगेको थियो।" उहाँले भन्नुभयो, "तपाईलाई थाहा छ..." र उहाँले स्वर्गमा के घटना घट्यो त्यो कुरा लिएर आउन थाल्नुभयो। उहाले क्षैतिज समान्तर इन्द्रेणीलाई दोस्रो आगमनमा ल्याउनुभयो। त्यस समयमा, पवित्र आत्माले उहालाई छोप्यो। अब, तिनीहरुले त्यस बुढो मानिसलाई डोहोर्याउनु परेको थियो, उहाँ लगभग पन्चा नब्बे वर्षको हुनुहुन्थ्यो। उहाँ ठ्याक्कै *यस्तो* थियो, सबै निहुरिएको, र केवल सानो केश थियो, तपाई थाहा छ, *यस्तै* खालको। त्यहाँ जानुभयो र प्रचार गर्न शुरू गर्नुभयो, भन्नुभयो, "हूपी! हाल्लेलुयाह! महिमा! त्यसरी माथि र तल गरेर

उफ्रिन थाल्नुभयो।" र निकाल्नुभयो, तल भुइँमा यसरी, बेस्सरी जति उहाँ जान सक्नुहुन्थ्यो। र त्यो केवल बैना हो। ओ!

178 पवित्र आत्माले के गर्नुहुन्छ? ओ, यहाँ राम्रो ठाउँ छ, म अर्को अध्यायको पहिलो पद पढ्नेछु। हुन्छ? के यो ठिक छ? "आमेन" भन्नुहोस्। [सभाले भन्छन्, "आमेन!"—सम्पा।] ठिक छ, दोश्रो अध्यायको पहिलो पद, चाडो पढ्नेछु। सुन्नुहोस्। "तपाईहरु जो...तपाई..."

> *तिमीहरु आफ्ना अपराध र पापहरुद्वारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो।*

179 "तपाईलाई जीवित पारियो।" *जीवित* पारियोको अर्थ के हो? "जिउदो बनाईएको।" केवल जान लागेको थियो, तर बैनाको पैसाद्वारा तपाईलाई उहाँले जीवित पार्नुभयो। के हुनेछ त्यसबेला जब तपाईको पुरा भाग तिरिन्छ? ओ, पावलले जो तेस्रो स्वर्गमा लागी, "आँखाले नदेखेका; कानले नसुनेका; न त यो भित्र नै, मानिसको हृदय भित्रनै प्रवेश गरेको छ, तिनीहरु जसले उहाँलाई प्रेम गर्छन् तिनीहरुको लागि परमेश्वरले (भण्डारमा) राख्नुभएको छ।" त्यो झन् कस्तो हुनेछ! तपाईले अवर्णनीय र महिमाले भरिपूर्ण आनन्दको कुरा गर्नुहुन्छ! ह्यु! अम! तिमीहरु जो एक पटक आफ्ना पाप र अपराधहरुमा मरेका थियौ, छायाको पनि छायाको पनि छायाले जीवित पारिएका छौ। त्यो कस्तो हुनेछ जब त्यो छायाको पनि छायाको पनि छायामा आउनुहुन्छ, त्यसपछि नाला, नालबाट नदि, र नदि देखि सागरसम्म?

180 र त्यो कस्तो हुनेछ जब तपाई धेरै टाडा त्यहाँ उद्धारमा हुनुहुनेछ, एउटा पुरै नया शरीरमा, तपाई फेरी पनि पूर्ण रूपले जवान पुरुषमा परिणत हुनुभएको छ, या जवान युवतीमा, र तपाई कहिल्यै पनि मर्नुहुनेछैन? र तपाईले तल पृथ्वीमा हेर्नुहुन्छ, र सोच्नुहुन्छ, "म केहि दाख र केहि राम्रो चिसो पानीको आनन्द लिनसक्छु, तर, तपाईलाई थाहा छ, मलाई यहाँ त्यो चाहिन्न। तर कुनै दिन येशू आउदै हुनुहुन्छ, र यो स्वर्गीय शरीर, यो थियोफानी जसमा म अहिले जिईरहेको छु..." कुनै स्त्रीको गर्भबाट आउनेछैन, यो कुनै शारीरिक इच्छाबाट आउनेछैन; तर किनकि उहाँ शारीरिक इच्छा बिनानै जन्मिनुभयो, म त्यसबिना नै पुनरुत्थान हुनेछु, र उहाँले कुनै दिन बोल्नुहुनेछ र ख्रीष्टमा मरेकाहरु उठाईनेछन्, र त्यस शरीर जुनमा म कुनै बेला जिईरहेको थिए त्यो महिमामय शरीर सहित पुनरुत्थान

हुनेछ, र म हिड्नेछु र बोल्नेछु, र म जिउनेछु र आनन्द मनाउनेछु (हाल्लेलुयाह), म अनन्तको युगद्वारा भएर जिउनेछु जुन आउनेवाला छ, प्रभु येशू ख्रीष्टद्वारा जिउनेछु। ह्यु! त्यहाँ तपाई हुनुहुन्छ, भाई, त्यहि नै सुसमाचार हो!

181 "जसरी म पनि," पावल अहिले भन्दैछन् उनी के छन्। म बाकि यहेका यी पढ्नेछु र त्यसपछि हामी बिमारीको निम्ति प्रार्थना गर्नेछौ। "जबसम्म सम्पति, सम्पतिसम्म लाई यो जीवित हो, उहाँको महिमाको प्रशंसाको निम्ति"

> *प्रभु येशू प्रति रहेको तिमीहरुको विश्वास र सबै सन्तहरु प्रति तिमीहरुका प्रेमको विषयमा मैले सुनेको कारणले नै* (मैले सुनेको छु कि तिमीहरुले यी कुराहरु विश्वास गरेको छौ, मैले सुनेको छु कि तिमीहरुले साचै नै पूर्वनियुक्त, अनन्त जीवन, र मुक्ति, र ती अन्य कुराहरु)
>
> *मेरो प्रार्थनामा तिमीहरुलाई सम्भना गर्दै तिमीहरुका निम्ति धन्यवाद दिन म थामिन्न।*
>
> *म प्रार्थना गरिरहन्छु कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर महिमाका पिताले तिमीहरुलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्।* उहाले आफैलाई तपाईहरुमा हर समय प्रकट गर्नुभयो, अनुग्रहबाट अनुग्रहमा बढ्दै, शक्तिबाट शक्तिमा, महिमाबाट महिमामा। पछाडि गिरेर होइन, तर महिमाबाट महिमामा, बढ्दै जानु। म तिमीहरुको लागि निरन्तर प्रार्थना गरिरहन्छु।
>
> *कि तिमीहरुको समभको आँखा...*

182 हम! तपाईलाई थाहा छ, बाईबलमा भनिएको छ कि तपाई अन्धो हुनुहुन्थ्यो र तपाईलाए त्यो थाहा थिएन। तर पावलले भन्छन्, "म प्रार्थना गर्नेछु कि तिमीहरुको समभको आँखाहरु..." तपाईले आफ्नो हृदयबाट बुभ्नुहुन्छ। त्यहि नै जसको बारेमा उनी बोल्दै थिए। तपाईले आफ्नो आँखाले हेर्नुहुन्छ, तर तपाईले आफ्नो हृदयले हेर्नुहुन्छ। तपाईलाई त्यो थाहा छ। ठिक छ। "कि महिमाको परमेश्वर..." आउनुहोस् हेरौ, १८ औ पद।

*म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरुको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरुलाई बोलाउनुभएको छ, र सन्तहरुमा उहाँको महिमित उत्तराधिकारको सम्पति के हो, सो तिमीहरुले जान्न सक।*

*अनि विश्वास गर्नेहरुका निम्ति उहाँको शक्तिको असीम महानता के हो...* (ह्यु! तिनीहरुले भन्छन् कि शक्ति गईसकेको छ? शक्ति त अहिले आएको सम्म छैन)*...सो तिमीहरु जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो,*

तिमीहरु जसले उहाँको शक्तिशालि सामर्थ्यको कार्यलाई विश्वास गरेको छौ, म केवल प्रार्थना गर्दछु कि परमेश्वरले आफ्नो शक्ति तिमीहरुमा पोखाउनुभएको होस्। बुझ्नुभयो?

*जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरुबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरुमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो।*

*सबै* शासन...अधिकार...*शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन आउने युगका पनि जति नाउँ छन्,...*

183 ओ, ओ, ओ! किनकि...होइन, मैले नगरेको बेस। हामीले निश्चय पनि बाकि राति त्यसमा लिनेछौ।

*...र यस युगमात्र होइन, तर* आउने युगका *पनि जति नाउँ छन्;*

184 कुन हो त्यो सबै नाउँ? हरेक व्यक्तिको नाउँले के को नाउँ बोक्छ? [सभाले भन्छ, "येशू"—सम्पा] पूरा स्वर्ग येशूको नाउँमा छ। पुरा मण्डली येशू नाउँ गरिएको छ। हरेक कुरा येशू नाउँ गरिएको छ, किनकि यो मात्र एउटा नाउँ हो जुन परमेश्वरले दिनुभयो। उहालाई यहोवा भनिन्छ; यहोवा–यिरे, परमेश्वरले जुटाउनुभएको बलिदान; यहोवा–राफा, परमप्रभु जसले तपाईलाई चंगाई गर्नुहुन्छ; यहोवा, परमप्रभु मेरो झन्डा हुनुहुन्छ, मनस्से; र यहोवा, विवध यहोवाहरु। उहाँ बिहानीको तारा भनिनुहुन्छ। उहा पिता कहलाईनुहुन्छ, उहा पुत्र भानिनुहुन्छ, उहा नै पवित्र आत्मा हुनुहुन्छ। उहाँ अल्फा भानिनुहुन्छ, उहानै ओमेगा हुनुहुन्छ। उहानै शुरू हुनुहुन्छ, उहानै अन्युआ भनिनुहुन्छ। उहानै हाँगा भनिनुहुन्छ। ओ, उहाँ नै...उहाँ केवल सबैथरीका उपाधीहरुले बोलाईनुहुन्छ, तर उहाँसंग एउटा नाउँ छ।

185 त्यहि नै हो जसको बारेमा मत्तिले कुरा गर्दै थिए, जब उहाँले भन्नुभएको थियो, “यसैकारण जाओ र सारा जातिलाई सुसमाचार सुनाओ, तिनीहरुलाई नाउँमा बप्तिष्मा देओ,” नाउँहरुमा होइन, “पिता, पुत्र र पवित्र आत्माको नाउँमा।” पिता एउटा नाउँ होइन, पुत्र एउटा नाउँ होइन, पवित्र आत्मा एउटा नाउँ होइन। त्यो एउटा नाउँको उपाधि हो। यो तिन ओटा गुणहरुको एउटा नाउँ हो जुन परमेश्वरको हो। उहाँको नाउँ के थियो? स्वर्गदुतले भनेको थियो, “तिमीले उहाँको नाउँ...” [सभाले भन्छ, “येशू।”—सम्पा] “किनकि उहाँले आफ्ना मानिसहरुलाई पापबाट बचाउनुहुनेछ।” त्यहि नै कारण हो तिनीहरु सबैले बाईबलमा त्यस तरिकाले बप्तिष्मा लिएको। त्यहि नै तरिकामा सन्त अगस्टाईन इंग्ल्याण्डका राजालाई बप्तिष्मा दिएका थिए, लगभग एक सय पचास, ख्रीष्टको मृत्यु पछिको दुइसय वर्ष पछि। ठिक छ।

> *सबै* शासन...अधिकार...*शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन आउने युगका पनि जति नाउँ छन्,...*
>
> *परमेश्वरले हरेक कुरालाई ख्रीष्टको अधीनमा* राखिदिनु भयो *अनि मण्डलीको हरेक कुरामा (जो उहाँको शरीर हो) उहाँले ख्रीष्टलाई नै सर्वोच्च अधिकारी बनाउनु भयो...*
>
> *जो उहाको शरीर हो...*

186 अब, यदि मेरो शरीरमा सबै कुरामाथिको शक्ति छ भने, त्यसपछि जे मेरो शारिर छ त्यहि न म हुँ। के त्यो सहि हो? त्यहि नै म हुँ, त्यहि नै तरीकामा तपाईले मलाई चिन्नुहुन्छ। के त्यो ठिक हो? ठिक छ, त्यसोभए, त्यो सबै जो परमेश्वर हुनुहुन्थ्यो, उहाले आफैलाई येशूमा खन्याउनुभयो, किनकि उहाँनै शरीरमा परमेश्वरको परिपूर्णता हुनुहुन्थ्यो। के त्यो ठिक हो? र त्यो सबै जो येशू हुनुहुन्थ्यो, उहाँले मण्डलीमा खन्याउनुभयो, “यी कुराहरु जे मैले गर्दछु, तिमीहरुले पनि ती सबै कार्यहरु गर्नेछौ। यो भन्दा पनि बढि तिमीहरुले गर्नेछौ, किनकि म पिताकहाँ जादैछु।”

> *मण्डली भनेको ख्रीष्टको शरीर हो। मण्डली ख्रीष्टले परिपूर्ण छ जसले सब थोक सब तरह ले भरिपूर्ण गरिदिन्छ।*

187 ओ, म यो यति मन पराउछु! म त्यो कति मन पराउछु! जब मैले कुनै दिन त्यो एउटा पुस्तक पढे जुन मैले अफ्रिकामा सेवाकाई गर्न जादाको बारेमा थियो। त्यो पहिले कहिल्यै पढेको थिईन। तपाईहरु कतिजनाले

कहिल्यै त्यो पुस्तक पढ्नुभएको छ जसको नाउँ *भविष्यवक्ताले अफ्रिकाको यात्रा गर्नुभयो?* त्यहाँनिर मैले एउटा सानो इन्डियन केटालाई हेर्दै थिए। कतिजनाले त्यो तस्बिर हेर्नुभएको छ?

188 मैले एउटा इभंजलिस्ट प्रचारकले भनेको सुनेको छु, जसले एकजनालाई विरामीलाई पन्ध्र या त्यो भन्दा बढि समय देखि प्रार्थना गरिरहेका थिए, उहाले भन्नुभयो, "मैले कहिल्यै मेरो जीवनमा यस्तो चमत्कार भएको देखेको थिईन।" उहाँले भन्नुभयो, "मैले मानिसहरुले टाउको दुखेको छ भन्ने मान्छे निको भएको देखेको छु, मैले मानिसहरुको पेट दुखेको छ भन्ने मान्छे निको भएको देखेको छु, र त्यस्ता अन्य कुरा देखेको छु। तर एउटा चमत्कार, केहि कुरा जुन त्यहि सृष्टि भएको र केहि त्यहि बनेको देखेको थिईन।"

189 मैले सोचेको थिए कि त्यो केटाले त्यहाँ उभिएर त्यो देखेको थियो ठानेको थिए। त्यो इन्डियन केटाको एउटा खुट्टा लगभग *यत्ति* ठूलो थियो। अर्को चाहि सामान्य खुट्टा थियो जस्तो आम मान्छेको हुन्छ। र, यदि तपाईले ध्यान दिनुभएको छ भने, उसको खुट्टाको सहाराको लागि जोडेको कुरा, त्यहाँ त्यस बालकको जुत्ता करीब चौध या पन्ध्र इन्चको अग्लो थियो, यस्तो खालको। उसको तल्ल पट्टि निर फलामको प्लेट थियो। उसको जुत्ता दुइटा लामो अड्काउने माथि उभिएको थियो। उ अहिले म उभिएको ठाउसम्म हिडेर आयो, तिनीहरुले उसलाई माथि ल्याए। उसको दुइटा बैशाखी थियो। उसले यो ठुलो फलामको जुत्ता लिएको थियो र यस्तो ठूलो आवाज निकालेको थियो। मैले उसको खुट्टामा हेरे, त्यो लगभग *त्यत्ति* ठूलो थियो।

190 अब, ती मानिसहरु मोहमदनहरु हुन्, मुस्लिमहरु। के तपाईले सम्झनुभएको छ गत अईतबार जब मैले पत्रपत्रिकाले के लेखेको थियो त्यो पढेको थिए? अहिले यो मसंगै यहि छ, अफ्रिकाबाट मलाई पठाईएको, हाम्रा फर्केर आएका मिसनेरी प्रचारकहरुले ल्याएका थिए, भाई स्ट्रिकर। त्यहाँ लेख छ कसरी बिल्ली ग्राहमले त्यसलाई लिए। ठ्याक्कै। मुस्लिमहरुले तिनीहरुपछाडि समुन्द्र तिर धकेलीदियो। समस्या के छ? मिसनेरीहरुले त्यो मैदान छोडिरहेका छन्। अझै बढि बस्नुमा के फाइदा, तिनीहरु केवल भागिरहेका छन्।

191 म बिल्ली ग्राहामलाई प्रेम गर्छु र ठान्छु कि उहा परमेश्वरको एउटा अद्भूत व्यक्ति हुनुहुन्छ। तर बिल्ली ग्राहामले उनलाई कति प्रभारित गरे, भने, "एक

मिनेट पर्खनुस्..." यदि यी मध्ये केहि स्व–अभिनित ब्याप्टिष्ट जसले उनलाई त्यसो गर्न दिएको भए, म विश्वास गर्छु कि उनले त्यो गर्नेथियो। म विश्वास गर्छु कि बिल्ली ग्राहाम परमेश्वरको मानिस हुनुहुन्छ। तर यदि उनले यसो भनेको भए, "एक मिनेट पर्खनुस्! म सुसमाचारको एउटा सेवक हुँ। तपाई पुरानो करारमा विश्वास गर्नुहुन्छ, र तपाईले भन्नुहुन्छ कि परमेश्वर अरु केहि नभएर एउटा मानिस मात्र हुनुहुन्छ। म तपाईलाई बहसमा चुनौती दिन्छु।" म विश्वास गर्दिन कि दुष्टको चुनौती लिने कुरामा, होइन श्रीमान्, तर मैले उनलाई फर्काएर चुनौती दिनसक्थे, र भने, "आउनुहोस् तपाई र म संगै आऔ। म दिव्यताको एउटा डक्टर हु।" बिल्ली ग्राहाम एउटा दिव्यताको डक्टर हुन्। "म तपाईलाई यसमा चुनौती दिन्छु, र म तपाईलाई प्रमाणित गर्छु कि येशू नै ख्रीष्ट हुनुहुन्थ्यो। अब, जब यो दिव्य चंगाईको विषयमा आउछ, र म ती वरदानहरु अधिकारी होइन, तर हामीसंग केहि भाईहरु छन् जसले त्यसो गर्छन्। अब, यदि तपाईले ती मानिसहरुलाई त्यहाँ बाहिर ल्याउन चाहनुहुन्छ भने, मलाई ती मध्य एउटालाई बोलाउन दिनुहोस्, ओरल रोबट्‌र्स या कोहि, कोहि व्यक्ति जसको महान् सेवकाई छ र वास्तवमै त्यहाँ जान्छ।" त्यहाँनिर आउनुहोस्, र हेर्नुहोस् के घटिरहेको छ, भन्नुहोस्, "इसाईत्व त्यो होइन जे तपाईले हो भने सोच्नुहुन्छ।"

192 अब सबैजना हारेको महसूस गरिरहेका छन् किनभने उनी केवल त्यहाँबाट बाहिर गएर र त्यो छोडिदिए। अवश्य पनि, अब, म दुष्टले तपाईलाई एउटा चुनौती दिने कुरामा विश्वास गर्दिन। मैले पनि उसलाई अनुहार त्यसरी थुकीदिएको छु, र त्यसबाट बाहिर गएको छु। त्यो सहि हो। तर जब त्यो ठाउँमा आउछ जहाँ...बिल्लीले मुस्लिमलाई एउटा सानो *त्यस्तो* सामा जस्तो महसूस गराउन सक्थ्यो। उनले त्यो बाईबल लिएर यशैया ९:६ लाई देखेर भन्न सक्थ्यो, "उनी कसको विषयमा बोलिरहेका थिए, 'हाम्रा निम्ति एउटा बालक जन्मिएको छ, एउटा पुत्र दिईएको छ?' यो मानिस को थियो? यो को थियो जसको बारेमा उनले कुरा गर्दैथिए? यो अगमवक्ता को थिए? यो मसिहा को थिए जो आउनेवाला थिए? मलाई देखाउनुहोस् जहाँ उनले यो मोहम्मदमा उत्पादन गर्यो। 'उहाँ हाम्रो पापको निम्ति घायल हुनुभयो, हाम्रा अधर्मको निम्ति छेडियो, हाम्रो शान्तिको लागि उनले दुःख भोगे, उनको चोटले हामी निको भयौ।' यो कुरा मलाई मोहम्मदमा देखाउनुहोस्। कसरी उहा कराउनुभयो, 'मेरो परमेश्वर, मेरो परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो? तिनीहरुले मेरो हातमा र

पाउमा काँटी ठोके,' र त्यस्तै गरे? तपाईको आफ्नै वचनद्वारा मलाई देखाउनुहोस्, तपाईको आफ्नै करारबाट।" किन, उनले त्यो मुसलमानलाई यति नराम्रोसम्म भन्न सक्थ्यो कि उसले आफु कहानिर छु भनेर समेत थाहा पाउनेछैन। त्यो सहि हो।

193 तर जब कागज पल्टाउनु पर्यो, त्यहि हो जसले पिडा दिन्छ, मेरो हृदय उफ्रिने बनायो। जब त्यसले त्यहाँ भन्यो, "यद्धपि बिल्लीले वापस जान पर्यो र मिलाउन खोजे तापनि, कसरी मुसलमानहरुले भन्यो कि त्यो गलत हो भनि," भन्यो, "जब रेभ. विलियम ब्रन्हामले डरबन, साउथ अफ्रिकामा, निर्विवाद रूपमा चमत्कार माथि चमत्कार, दिव्य शक्ति, जब दसौ हजारौ मुसलमानहरूले एकैसमयमा स्वीकार गरी येशू ख्रीष्टमा आफ्नो जीवन सुम्पे।" निश्चय पनि। तिनीहरुलाई त्यस विषयमा थाहा छ। ती मूल सिद्धान्तवादीलाई यस बारेमा थाहा छ। तपाई मलाई नभन्नुहोस्।

194 एक समय त्यहाँ एकजना येशू कहाँ आएको थियो, र भन्यो, "रब्बी!" तपाईलाई थाहा छ कि त्यस व्यक्ति फरिसी थिए। भन्यो, "हामी जान्दछौ कि तपाई परमेश्वरबाट आउनुभएको एउटा शिक्षक हुनुहुन्छ। हामी यो जान्दछौ। हामी यो यसकारणले जान्दछौ किनकि तपाईले गर्नुभएको काम कसैले पनि गर्न सक्दैनन् जब सम्म त्यस मानिसमा परमेश्वर हुदैन। हामी यो बुझ्छौ। हामीलाई यो थाहा छ। तर हामी केवल यसलाई स्वीकार गर्न सक्दैनौ, बुझ्नुभयो, किनकि यदि हामीले स्वीकार गर्यौ भने, हामीहरुलाई हाम्रा मण्डलीबाट निकालिन्छ। बुझ्नुभयो, हामीले हाम्रो प्रतिष्ठा गुमाउछौ।" र त्यसैले येशूले भन्नुभयो, यो भन्न थाल्नुभयो कि उ नया गरी जन्मनु पर्छ।

195 त्यस मुसलमान केटामा, जब उनी त्यहाँ उभीरहेको थियो, त्यहाँ उसको तस्बिर छ। क्यामेराले एउटा झुटलाई लिदैन। त्यहाँ उनी उभिरहेका छन्, एउटा खुट्टा त्यतिसम्म छोटो अर्को खुट्टा भन्दा (लगभग चौध इन्च) छोटो, त्यो फलामको जुत्तामा उभिरहेको थियो। मैले उसलाई भने, "तिमी अंग्रेजी बोल्न सक्छौ?"

196 "सक्दिन, श्रीमान्" अंग्रेजी बोल्न जान्दैन थियो। अनुवादकले भन्यो, "उसले अंग्रेजी बोल्न सक्दैन।"

"कति समय भयो तिमीलाई यस्तो भएको?" अनुवादकले उसलाई सोद्यो।

"जन्म देखि नै।"

"के तिमीले त्यो खुट्टा हल्लाउन सक्छौ?"

"सक्दिन, श्रीमान्।"

"के तिमी येशू ख्रीष्टमा विश्वास गर्छौ?"

भन्यो, "म मुसलमान हुँ।"

मैले भने, "के तिमी येशूलाई स्विकार्छौ यदि उहाँले तिमीलाई निको पार्नुभयो भने?"

197 "म येशू ख्रीष्टलाई मेरो मुक्तिदाताको रूपमा स्वीकार्छु यदि उहाँले मलाई निको पार्नुभयो भने।"

198 "यदि उहाँले त्यो ठिक पार्नुभयो भने, त्यो खुट्टा अर्को खुट्टा जस्तो भयो भने, तिमीले उहाँलाई स्वीकार गर्छौ?"

"म स्वीकार गर्नेछु।"

199 "ठिक छ, परमेश्वर, तपाईले के गर्नुहुनेछ?" अब यो दोश्रो कुरा हो; सबै प्रश्नहरुको उत्तर दिईएको छ। भाई माईक, त्यो यो अनुभव। म केवल एक मिनेट हेर्नलाई पर्खे कि उहाँले के भन्नुहुनेछ भनि। मैले त्यहाँ निर हेरे र मैले त्यो केटा गईरहेको देखे, हिडिरहेको, पर्खाल छेउको बाटो त्यसरी हिडिरहेको। मैले भने, "तपाईहरु कति जना मुसलमानहरुले यो स्वीकार गर्नुहुनेछ? यहाँनिर एउटा मुसलमान केटा छ, उसलाई हेर्नुहोस्, उहाँलाई त्यहाँ उठेको देख्नुहुन्छ।" मैले भने, "तपाई डक्टरहरु, तपाई यस केटालाई हेर्न चाहनुहुन्छ? त्यहाँ उ उभिरहेको छ।" ओ, त्यसपछि तपाईलाई थाहा हुनेछ तपाई कहाँ हुनुहुन्छ। बुझ्नुभयो, तपाईलाई थाहा हुनेछ तपाई कहाँ हुनुहुन्छ। कसैले पनि...त्यहाँ तपाई हुनुहुन्छ।

200 मैले भने, "यो बाटोबाट हिड, छोरा।" र तिनीहरुले उसलाई देखे, यहाँ उ आयो। ("ट–लम्प, ट–लम्प") मैले भने, "देख्दामा लगभग बाह्र, चौध इन्च छोरा। लगभग *त्यो* जस्तो।"

"हो।"

201 मैले भने, "तर येशू ख्रीष्ट परमेश्वरको पुत्रले उनलाई निको पार्न सक्नुहुन्छ। के तपाई मुसलमानहरु यो विश्वास गरि उहालाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनि ग्रहण गर्नुहुन्छ?"

202 त्यहाँ हजारौ काला हातहरु त्यसरी माथि उठाए। "ठिक छ, प्रभु, यहि नै समय हो।" मैले भने, "स्वर्गीय पिता, यदि तपाईले कहिल्यै उत्तर

दिनुहुन्छ भने, मलाई अहिले उत्तर दिनुहोस्, यो तपाईको महिमाको निम्ति हो, यो तपाईको निम्ति हो। म प्रार्थना गर्दछु कि तपाई यो केटालाई निको पारिदिनुहोस्।" मैले ठिक त्यसरी उसको लागि प्रार्थना गरिदिए।

203 मैले भने, "तिम्रो जुत्ता खोल।" उनले मलाई एकदमै हास उठ्दो तरीकाले हेर्यो, अनुवादकले। मैले भने, "तिम्रो जुत्ता खोला।" त्यसको फित्ता खोला। किनकि मैले त्यो दर्शन देखेको थिए, जे हुन जानेवाला थियो। उनले त्यो कुरा खोल्यो। जब उनले त्यो खोल्यो र म कहाँ हिडेर आयो, दुइटै खुट्टा साधारण नै भयो, जस्तो दुइटै खुट्टा नया भैँ थियो। मैले भने, "तिमी अगाडि पछाडि हिड्न चाहन्छौ?"

204 उनी त्यसरी रुन थाल्यो, अगाडि पछाडि जादै, उसलाई थाहा थिएन के गर्ने भनि। त्यसरी हिड्दै उसले भन्यो, "ओ अल्ला! अल्ला"

मैले भने, "येशू!, येशू!"

ओ, ओ, ओ! "ओ येशू! येशू," त्यसपछि। "येशू! येशू," त्यसरी।

मैले भने, "के त्यहाँ केहि प्रश्नहरु, कुनै प्रश्नहरु छ?"

205 जुलियस स्ट्याड्सलेव, कतिजनाले उहालाई चिन्नुभएको छ? भाई स्ट्याड्सलेव यहाँ मण्डलीमा आउनुभएको छ; बस—बस जर्मनीमा जानुभयो। भन्नुभयो, "केवल एक मिनेट, भाई ब्रन्हाम, केवल एक मिनेट।" फोटोग्राफरलाई चाडो बोलाउनको लागि। "के म उसको तस्बिर लिन सक्छु?"

मैले भने, "तपाईले सोचे अनुसार गर्नुहोस्।"

206 "*यहाँ* हिड्नुहोस्, तपाईको जुत्ता *यहाँ* उभ्याउनुहोस्।" उनी त्यसरी उभिए, त्यहाँ त्यस केटाको तस्बिर लिनुभयो, ठिक सामान्य र सिधा खुट्टा थियो। त्यहाँ उनको पुरानो जुत्ता र खुट्टामा लाउने कुरा *त्यसरी, त्यसरी* राखिएको थियो।

207 मैले भने, "तपाईहरु मध्ये कतिजना मुसलमानहरुले अब मोहम्मदलाई अगमवक्ताको रूपमा इन्कार गर्नुहुन्छ, र येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनि विश्वास गर्नुहुन्छ, र उहालाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्नुहुन्छ?" दस हजार ओटा हातहरु माथि उठे। हाल्लेलुयाह! तिनीहरुले चाहदैन थिए एउटा...

208 तिनीहरुले त्यो कुरालाई पछाडि राख्न खोजे, किनभने हामीहरु, "पवित्र भनाउदाहरु हौ." भनि तिनीहरुले हामीलाई बोलाउछन्, तपाईले बुझ्नुहुन्छ। उहि तरिकामा, परमेश्वर चल्दै हुनुहुन्छ। उहाले आफ्नो मण्डलीलाई स्थापित गर्दै हुनुहुन्छ। उहाले बढाउदै, प्रशस्ततामा ती सबैभन्दा जुन हामीले गर्न पनि सक्दैनौ र सोच्न पनि सक्दैनौ। उहा उत्तिकै आज राति पनि परमेश्वर हुनुहुन्छ जति उहा पहिले हुनुहुन्थ्यो।

209 त्यसैले साना मित्रहरु, तपाईहरुलाई म अहिले केहि कुरा भन्न चाहन्छु। मेरो प्रिय अमूल्य मानिसहरु, तपाईहरु यस भूमीमा यहाँ, र अरु जो टेप सुन्दै हुनुहुन्छ जुन समुन्द्र पारी हुनुहुन्छ या जहाँ कहिँ पनि हुनुहुन्छ, तपाईहरु नडराउनुहोस्। सबै कुरा ठिक भएको छ। पिता, परमेश्वर, संसारको जग बसालिनुभन्दा पहिले, सबै कुरा जे हुन्छ त्यो जान्नुभएको थियो। सबैकुरा ठिकै भएर जान्छ। तपाईले उहालाई प्रेम गर्नुहुन्छ? तपाईको हृदय सहि राख्नुहोस्।

210 र, याद गर्नुहोस्, जब यो जीवनबाट यो श्वास निस्केर जान्छ, तपाईहरु जो वृद्धा हुनुहुन्छ या तपाईहरु जवान मानिसहरु, र तपाई आमाहरु, जब तपाईले आफ्नो सानो बच्चालाई देख्नुहुन्छ, त्यो सानो बालिका जो बितेर गयो जब कि उनी आठ दिनको पनि भएको थिएन या पाँच दिनको पनि भएको थिएन, उनी एउटा सुन्दर स्त्री हुनेछिन् जब तपाईले उनलाई देख्नुहुनेछ। त्यो वृद्धा हजुरबुवा पनि जो कुप्रिसक्नुभएको थियो, उहाँ कहाँ जादै हुनुहुन्थ्यो त्यो समेत देख्न सक्नुहुन्नथ्यो; जब तपाईले उहाँलाई देख्नुहुनेछ, हजुरआमा, उहाँ फेरी एकदम सुन्दर जवान मानिस हुनुहुनेछ, ठिक उतिकै जवान जति बिस वर्षको जवान हुन्छ, जवानी उत्कर्षमा हुनुहुनेछ। र उहाँ त्यहि रूपमा सधै रहनुहुनेछ। तपाईले उहाँको हात छुन सक्नुहुनेछ, तपाईले उहाँसंग हात मिलाउन सक्नुहुनेछ। तपाईले उहालाई अँगालो मार्नुहुनेछ, तर उहाँ "लोग्ने" हुनुहुनेछैन, उहाँ "भाई।" हुनुहुनेछ। ओ, प्रभु! उहाँ "लोग्ने" भन्दा पनि यति महान् हुनुहुनेछ। तपाईलाई लाग्छ तपाईले उहाँलाई प्रेम गर्नुभयो? निश्चय नै तपाईले गर्नुभयो। तर त्यो *फिलियो* प्रेम थियो; तबसम्म पर्खनुस् जब तपाईले *अगापे* पाउनुहुन्छ। त्यो वास्तविक दिव्य प्रेमले नसमातेसम्म प्रतिक्षा गर्नुहोस्, र हेर्नुहोस् त्यो के हो भनि। यो यहाँ ठिक त्यो पुरानो धुवापूर दूषित फोहोरको डङ्गुर जस्तो हो, यो राम्रो छैन, त्यहाँ केहि त्यस्तो छैन। मात्र त्यो कुरा जुन म तपाईलाई गर्नको लागि सल्लाह दिन्छु, त्यो यो हो, मेरो–मेरो मित्रहरु...

211 केहि समय पश्चात म...के मैले बाकि त्यो दुइटा अध्या कुनै समयमा लिएको तपाई चाहनुहुन्छ? प्रभु...म—म मैले चौटाकुआ भन्दा अगाडि केहि विश्राम गर्न पर्नेछ। अब, मैले यी कुराहरु त्यो सभाहरुमा प्रचार गर्न सक्दिन। त्यहा धेरै...त्यहाँ धेरै थरीका विश्वासहरु छन्। तपाई बुझ्नुहुन्छ? यो केवल मण्डलीलाई मात्र हो। बुझ्नुभयो? मैले सक्दिन...म संग यहाँ जुन विषयमा प्रचार गर्न चाहन्छु त्यो प्रचार गर्ने अधिकार छ। यो मेरो मण्डली हो, बुझ्नुभयो, र म तपाईलाई भन्दैछु। अब, म विश्वास गर्छु कि ती मानिसहरु बचाईएका छन्। हो, श्रीमान्, म साच्चै यो विश्वास गर्छु। तर, ओ, त्यो कति महान् हो त्यहाँ हिड्नु जहाँ तपाईलाई थाहा छ कि तपाई कहाँ हिड्दै हुनुहुन्छ। तपाईले के गर्दै हुनुहुन्छ जान्नु कति महान् कुरा हो, तपाई देख्नुहुन्छ, हिचकिचाउनु र डगमगाउनुको सट्टामा त्यो बुझ्नुभएको छ। हामी सबै जना ज्योतिमा खडा हौ र ज्योतिमा हिडौ र जानौ कुन बाटो तपाई हिडिरहनुभएको छ। त्यो सत्य हो। परमप्रभु तपाईको साथमा हुनुभएको होस्।

212 र यहाँ तपाईहरु हरेक अहिले यदि पदिय ढंगमा स्थापित गराएनुभएको छैन भने तपाई अरु केहि नभएर गृहिणी श्रीमती हुनुहुन सक्नेछ। ठिक छ, तपाई भन्नुहुन्छ, “भाई ब्रन्हाम, मैले मेरो जीवनमा कहिल्यै केहि पनि गरिन। म एउटा प्रचारक होइन।” ठिक छ, हुनसक्छ तपाईलाई परमेश्वरले यहाँ बालबच्चाको परिवार हुर्काउन ल्याउनुभएको होला, बालबच्चाको परिवारबाट अर्को बालबच्चाको परिवार आउनसक्छ जो प्रचारक हुनसक्छ र ख्रीष्टमा दस लाखौ प्राणहरु पठाउनसक्छ। तपाई यहाँ हुनुपर्छ। तपाई यहाँ एउटा उदेश्यको कारणले हुनुहुन्छ। के तपाईलाई त्यो थाहा छ?

213 ठिक छ, तपाईले भन्नुहुन्छ, “जे जति पनि कुरा मैले गरेको छु त्यो यी पुरानो जमिन खन्ने र जोत्ने हो। र म त्यो सवेरै साँझमा निकाल्थे, थाहा थिएन कि कसरी मेरा बालबच्चालाई खुवाउने पाल्ने। मैले त्यो गरिबलाई आफ्नो जुत्ताबिना देख्ने गर्थे। म एकठाउमा बसेर रोएको छु। म संग एउटा पुरानो बग्गी थियो, र म र माव मण्डली गयौ।” तपाई चिन्ता नलिनुस्, भाई, तपाई केवल उहाँलाई प्रेम गरिरहनुस्, तपाईको निम्ति उहाँले उदेश्य राख्नुभएको छ। तपाई केवल जस्तो हुनुहुन्छ त्यस्तै रहनुस्, ठिक त्यसरी नै जादै गर्नुस्। बुझ्नुभयो? तपाईले कहिल्यै पनि प्रवचन प्रचार नगर्नुहोला, तर तपाई त्यस मान्छे को पूर्खा बन्नसक्नुहुन्छ जसले त्यो गर्नेछ।

214 के तपाईलाई थाहा छ परमेश्वरले श्रेय दिनुभयो (आनुहोस् अब हेरौ, उसको नाउँ के थियो?) लेवी, उसले दशांश तिरे जब उनी अब्राहामको वंशाणुमा थिए, जब मेल्कीसदेकले उनलाई भेटेका थिए। कतिजनालाई त्यो कुरा थाहा छ? र आउनुहोस् हेरौ। अब्राहामले इसाहाकलाई जन्माए, इसहाकले याकूबलाई जन्माए, याकूबले लेवीलाई जन्माए; जुन पिता, हजुरबुवा, या जिजी बुवा, जब उनी वंशाणुमा थिए, उनको जिजीबुवाको विउमा थिए, बाईबलले उनलाई श्रेय दिए मेल्किसेदेकलाई दशांस तिरेकोमा। मेरो, मेरो, मेरो! भाई! ओ! म...

215 त्यहाँ एउटा सानो—सानो अग्रेज त्यहाँ इंग्ल्याण्डमा एकरात परिवर्तन भएका थिए, उसले भन्यो, "म यति खुसी छु! म यति खुसी छु!"

216 हो, यति खुसी छु कि यो जानेर कि त्यो सत्य हो। र कुनै महिमाको दिनमा, मलाई थाहा छैन त्यो दिन कहिले हुनेछ, तर यदि त्यो एउटा दर्शन हो भने, म भन्दिन कि म यहाँ थिए। याद गर्नुहोस्, तपाईले सधै यो कुरा दिमागमा राख्नुहोस्, र टेप लिनेहरुले पनि त्यहि गर्नुभएको होस्। चाहे म दर्शनमा थिए, या आत्माद्वारा लागिएको थिए, मलाई थाहा छैन। तर त्यो उत्तिकै वास्तविक थियो जति मैले मेरो भाई नेभिललाई *त्यसरी* समातेको वास्तविक छ, ठिक त्यस्तै वास्तविक। र मैले ती मानिसहरुलाई हेर्न तिनीहरुसंग बोल्न सकिन। र त्यहाँ निर मेरी पहिलो श्रीमती उभिएकी थिईन्, उनले मलाई "मेरो श्रीमान्" भनिनन्, उनले मलाई भनिन्, "मेरो प्रिय भाई।"

त्यहाँ केटि उभिएकी थिईन् जो संग म वर्षौसंग संगै जानेगर्थे।

217 शायद उनकि केहि मानिसहरु आज यहाँ बसिरहनुभएको छ, एलिस लेविस जो यूटीका बाट हुनुहुन्छ, एकदम राम्रो, राजकीय इसाई केटि हुनुहुन्छ। अलिक ढिलो विवाह भयो र उहाको पहिलो बच्चा भएको थियो तर जन्म दिनेक्रममा मृत्युभयो। एलिस लेविस। म अन्त्येष्टिमा उनलाई हेर्नलाई उहाको घर गएको थिए। म भर्खर घर आएको थिए, मैले सुनेकि उनको निधन भयो। म त्यहाँ तल गए, कोहि पनि कोठामा थिएनन्, मैले भने, "के यहाँ एउटा महिला छिन्, श्रीमती..." उनको नाउँ ईम्मेर्क थियो। र उनले एउटा राम्रो इसाई केटालाई बिहे गरेकि थिईन्, र उनी एउटा असल इसाई केटि थिईन्। म त्यस केटिसंग धेरै ठाउँमा संगै गएको थिए, सबै ठाउँहरुमा र सबै कुरामा। र सानै बच्चा, अठार, उन्नाईस वर्षको, जताततै, राम्रो इसाई

थिए, कहिल्यै उनको बारेमा धेरै कुरा थाहा पाईन तर एउटा सच्चा इसाई थिए। र म एउटा पापी थिए। तर म उनीसंग जाने गर्थे। म त्यहाँ हिडे...र उनको श्रीमान् एउटा नया जन्म भएको इसाई थियो, सच्चा व्यक्ति। र मलाई थाहा थिएन; मलाई यति थाहा थियो उनको निधन भयो, मैले पत्रिकामा देखेको थिए। र म तल गए र तिनीहरुले मलाई भने। म त्यहाँ तल कूट्समा गए र मैले भने, "के तपाईलाई थाहा छ श्रीमती इम्मेर्क?"

उहाले भन्नुभयो, "बिल्ली, उनी ठिक त्यहाँ कोठामा छिन्।"

218 म त्यहाँ भित्र गए र ठिक त्यो क्यास्केटको या कफनको छेउमा गएर बसे। मैले सोचे, "एलिस, म अन्धकारको कालकोठरी गएको छु, म अन्धकारको बाटोमा गएको छु। तिमी र म संगै तल त्यो बाटो भएर गएका छौ र खोलाको तिर तिर भएर गएका छौ, जब तिनीहरुसंग त्यो पुरानो डुंगा हुने गर्थ्यो, हामीहरु त्यहाँ तल बस्थ्यौ र क्यालिओप बजेको सुन्ने गर्थ्यौं। लेनको माथि र तल, तिमी कति असल महिला थियौ। म कसरी परमेश्वरलाई तिम्रो जीवनको निम्ति धन्यवाद दिऊ। विश्राम गर, मेरी प्यारी बहिनी, परमेश्वरको शान्तिमा विश्राम गर।"

219 र अर्को रात दर्शनमा, उनी म कहाँ दौडेर आईन्। उनले भानिन्, "मेरो धन्यको भाई।" र मलाई अंकमाल गरिन्। ओ, ओ भाई र बहिनी। यसले मलाई परिवर्तन गरायो। म फेरी पनि उहि व्यक्ति हुनै सकिन। यो यति वास्तविक थियो। यो केवल—केवल यति नै वास्तविक थियो जति अहिले मैले हेरेको वास्तविक छ। त्यसैले, त्यहाँ कुनै डर छैन। म रात बित्नुभन्दा अगाडि मर्न पनि सक्छु।

220 म मेरो यो सानो छोरालाई पछाडि त्यहाँ, हुर्काउन चाहन्छु, जोसेप। म उनलाई पुल्पिटमा देखन चाहन्छु, जहाँ म यो बाईबल लिन्छु...जब म त्यो ठाउँमा पुग्छु जहाँ जोसेपले एउटा जवान मानिसको रूपमा पवित्र आत्मामा भरिएर, परमेश्वरको आत्माद्वारा उनमा अभिषेक भएर प्रचार गरेको देख्न पाउछु। र म विश्वास गर्छु कि उनी अगमवक्ता हुनेछ। त्यो दिन जब मैले उनलाई देखे, उ जन्मनुभन्दा छ वर्ष पहिले, तपाईलाई याद छ मैले उनी आउदैछ भनेको कुरा। याद छ मैले उनलाई के भनि बोलाएको थिए, ठिक त्यहाँ वेदिको एकतर्फ, यो थाहै नभई कि म के भन्दै छु, बच्चाहरुलाई अर्पण गर्दै, मैले भनेको थिए, "जोसेप, तिमी एउटा अगमवक्ता हौ।"

221 र कुनै दिन बाहिर आँगनमा उभिरहदा, उ म कहाँ आए, र उसले भन्यो, “बाबा, के येशूसंग तपाईकै जस्तो हात छ?”

र मैले भने, “अँ, छ, छोरा। किन?”

222 उसले भन्यो, “म मेरो बाईसाईकलमा बसिरहेको थिए, सारालाई हेर्दै थिए” (त्यो उसको सानी बहिनी हो।) “विद्यालयबाट घर आईरहेको।” बाहिर त्यहाँ बसिरहेको थियो। मैले उसलाई बाहिरा सडकमा जान दिदैन थिए, उ पछाडि *यसरी* बसिरहेको थियो। र भन्यो, “मैले माथि हेरे, र” भन्यो, “जब मैले हेरे, त्यहाँ तपाईकै जस्तो हात थियो, सेतो आवरण सहित, म माथि थामीराख्नुभएको थियो।” र भन्यो, “त्यो माथि गयो।” भन्यो, “के त्यो येशू हात थियो माथि गईरहेको?” मैले आमालाई हेरे, आमाले मलाई हेर्नुभयो। हामीहरु तल श्रीमती वूडको मा गयौ। जहाँ उहा हुनुहुन्थ्यो, यहाँ बसिरहेको। हामीले उसलाई हरेक तरिकामा हामीले प्रति प्रश्न सोध्यौ। त्यो एउटा दर्शन थियो। उसले त्यो देखेको थियो। जब मैले सानो जोसेप उभिएको समय देख्न सक्छु...म आशा गर्छु कि म उसले बिहे गर्ने समय देख्न पाउछु यदि येशू त्यतिन्जेल आउनुभएन भने।

223 र म एउटा बुढो व्यक्ति हुँ, सेतो दाह्री मेरा घाटिको तल झुन्डिरहेको छ। मैले पठाएको थिए...म अझै विस या तिस लाख प्राणहरु ख्रीष्टमा पठाउने चाहना छ यदि सम्भव भए। यो मेरो संकल्प हो कि सुसमाचार पृथ्वीको हरेक कुनामा प्रचार गर्ने। हो, श्रीमान्। त्यसैले मलाई सहायता गर्नुहोस्, परमेश्वर, म त्यो गर्नेछु। त्यसैले जब म त्यो दिन आएको देख्न सक्छु, भाई माईक।

224 म समय हेर्न सक्छु ममा, मेडा, मैले उसलाई, मेरो डार्लिंग भनि बोलाउछु, बुझ्नुभयो, उनी...हामीहरु वृद्धा हुदैछौ, हेर्नुहोस् उनको केशहरु सेतो हुदै गएको, र हामी बाहिर जादै गरेको, ओईलाउदै जादैछौ।

225 रेबिका, म रेबिकाको लागि एकदमै आभारी छु। उसको संगीत शिक्षकले मलाई एक रात भनेको थियो, “यदि उसले यहि नै गर्दै गयो भने, भाई ब्रन्हाम,” भन्नुभयो, “यो गाह्रो छ उसले के गर्नेछ।” बुझ्नुभयो संगीतमा लागिराख्नु। म उसलाई चाहन्छु, र म चाहन्छु...म साराले ओर्गन बजाएको चाहन्छु, बेकीले पियानो, र जोसेप पुल्पिटमा भएको चाहन्छु।

226 जब मैले त्यो भएको देख्छु, र म र ममा लडखडाउछौ, म र मेरी पुरानो छाडि, केहि रात, तल सडकमा आउनेछौ, र म त्यहाँ हेर्नेछु र मेरो छोरा त्यहाँ पवित्र आत्माले अभिषेक भएर उभेको, र उहि सुसमाचार प्रचार

गरिरहेको देख्नेछु। म यो पुरानो पुस्तक लिन चाहन्छु, र भन्छु, “छोरा, यहाँ छ यो। यो तिम्रो हो। तिमी यसैमा खडा बस, तिमीले एउटा पनि वचनसंग सम्झौता नगर्नु, तिमी ठिक यहि संग बस्नु छोरा। तिमी वास्ता नगर्नु, मलाई वास्ता छैन को तिम्रो विरुद्धमा हुन्छ, को तिम्रो विरुद्धमा, तर परमेश्वर तिम्रो लागि हुनुहुनेछ। तिमीले हरेक वचन त्यहाँ जस्तो लेखेको छ त्यस्तै प्रचार गर्नु। र तिम्रो बाबाले तिमीलाई नदिको त्यस पार् भेट्ने छ।” म त्यहाँ चारैतिर गएर मेरी श्रीमतीलाई अँगालोमा राख्न चाहन्छु, र त्यो यर्दन पार गर्नेछु।

227 त्यस समय सम्मको लागि, परमेश्वर, मलाई यस क्षेत्रमा इमान्दार भई रहिरहन दिनुहोस्! मलाई त्यसो गर्न दिनुहोस्! म वास्ता गर्दिन मूल्य के छ, या कति धेरै या म के गर्छु, या *यो, त्यो* या *अन्य* केहि। मलाई परमेश्वरको जीवित वचनमा सत्यनिष्ठ भई रहन दिनुहोस्, ताकि जब त्यो दिन आउनेछ र म त्यस पार जानेछु, र म त्यहा पारी हेरेर भन्दछु, “त्यहाँ तपाई हुनुहुन्छ। ओ, मेरो अमूल्य मित्र, मेरो अमूल्य भाई, मेरो अमूल्य बहिनी।”

228 जवान प्रचारकहरु, यस क्षेत्रमा आउनुहोस्, यो जुवामा रहनुस्। तपाईहरु सबै जवान प्रचारकहरु र अन्य, तपाई चारैतिर बसी मात्र नरहनुस्। केवल केहि नगरी नबस्नुस्। बाहिर निक्लेर एउटा प्राण बचाउनुहोस्। केहि गर्नुहोस्! शुरू गर्नुस्, अगाडि बढ्नुहोस्। नरोकिनुस्, तपाई जवान प्रचारकहरु। तपाईको हृदयलाई परमेश्वरले आशिष दिनुभएको होस्।

229 उसले मलाई त्यो सम्झना दिलाउछ जब म त्यो उमेरको थिए, मलाई लाग्छ, र हुनसक्छ उनी भन्दा अझै जवान थिए होला। म मात्र बिस वर्ष या केहि त्यस्तै उमेरको थिएँ होला जब मैले त्यो कुनेढुङ्गो जगको रूपमा त्यहाँ राखेको थिए। मलाई सम्झना छ मैले एउटा निलो कोट र एउटा सेतो जोडिको पेन्ट लगाउने गर्थे, र त्यहाँ खडा त्यो कुनेढुङ्गो त्यहाँ जगको रूपमा एकतिस वर्ष पहिले राखेको थिए। हेर्नुहोस् कुन उमेरको थिए म। म केवल एउटा सानो केटा मात्रै थिए। बस त्यहाँ खडा भएर, त्यो कुनेढुङ्गो जग लगाउनलाई राखेको थिए। मैले कहिल्यै पनि एउटा वचनमा पनि सम्झौता गरिन। मैले ठिक त्यसरी नै पालन गरे जुन तरिकामा मैले त्यो कुनेढुङ्गो राखेको थिए। त्यहाँ पारी मेरो गवाहि रहेको छ, जुन मैले बाईबलको आख्यापत्रमा लेखेर राखेको छु, र त्यसलाई च्यातेर त्यो कुनेढुङ्गोको जगमा राखेको छु, र त्यो अझै पनि त्यहि जगमा छ। र यो स्वर्गको परमेश्वरको

अनन्त वचनको पानाहरुमा लेखिएको होस्। म अन्त्य सम्म सच्चा खडा हुन सकूँ।

आउनुहोस् हाम्रा शिरहरु अहिले केहि मिनेटको प्रार्थनाको लागि झुकाऔं।

230 यस रातको समापनमा, यो एउटा अध्यायको समापनमा, जुन न्यायोचित छैन। हामीसंग अरु पनि हुनपर्छ, र कसरी उहा अगाडि बढेर मण्डलीलाई आफ्नो उपयुक्त स्थानमा स्थापित गर्नुहुन्छ। परमेश्वरको इच्छा भए म यस विषयमा कुनै समय कुरा ल्याउनेछु। म पारी चौटाउकुआमा जान भन्दा पहिले मैले केवल थोरै विश्राम लिन पर्नेछ, त्यहाँ पछि क्लामाथ फल्समा, त्यसपछि क्लामाथ फल्स पछि तल क्यालिफोर्नियामा, याकिमासम्म, म अर्को अगस्टको १५ औ सम्म फर्कने छैन।

231 तर हेर्नुहोस्, तपाईलाई म केहि कुरा सोध्नेछु, यदि म आउनुभन्दा अगाडि तपाईलाई केहि हुन्छ भने, यदि म त्यो नदिको पारी त्यहाँ जान पर्यो भने, या यदि तपाई त्यसपारीको देशमा जानपर्ने भयो भने, के तपाईमा निश्चितताको महसूस छ आजराति कि हामी त्यहाँ त्यस ठाउँमा फेरी भेट्नेछौ भनि? यदि तपाई निश्चित हुनुहुन्छ भने, तपाईको हातहरु उचाल्नुहोस्, भन्नुहोस्, “मेरो हृदयमा म निश्चितता महसूस गर्नसक्छु।” तपाईको हृदयलाई आशिष भएको होस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। यदि यहाँ कोहि छ जसलाई निश्चितता छैन कि तिनीहरु त्यहाँ हुनेछन् भनि, र भन्न चाहन्छन्, “भाई ब्रन्हाम, मलाई सम्झनुहोस्, कि ममा त्यो निश्चितता हुनेछ,” आफ्नो हात उचाल्नुहोस्, “म पनि त्यहाँ हुन चाहन्छु।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, महिला। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

232 हाम्रा स्वर्गीय पिता, हामी आज तपाईमा यो सभालाई ल्याउदछौ, हरेक हात, जतिसम्म मलाई थाहा छ, ती सबै माथि उठाईएको छ। सबै तर एउटा व्यक्ति, केहि अमूल्य प्राण त्यहाँ पछाडि बसिरहेको छ यहाँ, केवल थोरै चिन्तित छन् कतै तिनीहरु त्यस भूमिमा जानेछन् या छैनन्, जहाँ तिनीहरु संग आफ्नो हृदयमा पर्याप्त मात्रामा दिव्य प्रेम छन्, ताकि उनी त्यस भूमीमा आउनेछन् यदि उनी आज मर्दै थिईन् भने; के यसले उसको चिन्तित प्राणलाई परमेश्वरको प्रतिज्ञाको देशमा तान्नेछ?

233 स्वर्गमा हुनुहुने पिता, जसरी म यहाँ पुल्पिटमा उभिएको छु र प्रचार गरेको छु, र पसिना भएको छु, र कराएको छु, र बिन्ति गरेको छु, सम्झाएको छु, तपाई फेरी एकपटक मलाई माग्न दिनुहोस्, प्रभु, फेरी एकपटक मेरी बहिनीको लागि माग्न दिनुहोस्; परमेश्वर, आज उनको हृदयमा राखिदिनुहोस्: त्यो दिव्य प्रेम, त्यो परमेश्वरको पवित्र आत्मा, त्यो शान्ति जसले सबै समझलाई ल्याउछ, कि उनले तपाईको आत्मा प्राप्त गरेको होस्, त्यस दिनसम्मको लागि पवित्र आत्माको छाप लागिएको होस्। म उनलाई हेर्न चाहन्छु, प्रभु, जब हामी त्यो पूल पारि तर्छौं। यदि यो—यदि यो मेरो—यदि यो पार गर्ने मेरो सौभाग्य हो भने, यदि त्यो जुन तपाईले मलाई देखाउनुभयो त्यो वास्तविक हो भने, र मैले त्यस पारी त्यहाँ तरे भने, म उनलाई त्यहाँ भेट्न चाहन्छु, र उनी दौडेर आएर मलाई हातमा समातेर यो भनेको होस्, "मेरो प्रिय भाई, त्यो त्यस रात थियो जुन बेला केहिले मलाई आफ्नो हात उचाल्नलाई भन्यो, जब तपाईले एफिसीको पुस्तकबाट भएर प्रचार गर्नुहुदै थियो। मैले आफ्नो हात उचाले, र त्यसपछि मलाई केहि भयो। यहाँ आज म छु। म अब सदाको लागि जवान छु।" परमेश्वर प्रदान गर्नुहोस् त्यो अमूल्य एउटा प्राणलाई।

234 यिनीहरु जसले आफ्ना हातहरु उचालेका छन्, कि तिनीहरु पवित्र आत्माबाट छाप लगाईका छन्, परमेश्वरको आत्मा तिनीहरुमा छ, र तिनीहरुले पवित्र आत्मा प्राप्त गरेका छन्, तिनीहरु आफ्नो हृदय इश्वरीय प्रेमद्वारा छाप लगाईएक छन्। ओ कसरी हामी तिनीहरुको लागि तपाईलाई धन्यवाद दिऔं।

235 यो जानेर, पिता, बाहिर संसारमा यी टेपहरु जानेछ। धेरै माईक्रोफोनहरु पुल्पिटमा ल्याईएको छ, जसको अर्थ हो कि टेपहरु बनाईएका छन्, त्यहाँ फर्काउदा, यो आवाज संसारको भिन्न देशहरुमा जानेछ, संसारको चारैतिर, बिस या तिस ओटा भिन्न देशहरुले यो सुन्नेछन्। म त्यो हरेक व्यक्तिको लागि प्रार्थना गर्छु जसले टेप सुन्नेछन्, जसले अनन्त जीवनको आशा पाएका छैनन्, जसले पवित्र आत्माको बप्तिष्मा पाएका छैनन्, यो तिनीहरुको हृदयमा मिठासका साथ आएको होस्। प्रदान गर्नुहोस् प्रभु।

236 र हुनसकोस म, यदि मैले जीवनमा कहिल्यै पनि देखिन भने, जब म त्यस पारीको देशमा तरेर जान्छु, हुनसकोस् कि तिनीहरु दौडेर आएर मलाई

समातेर (मैले उनीहरुलाई समातेर, र हामीले एक अर्कालाई भन्नसकौ कि, “अमूल्य भाई!”) भनेको होस् कि, “मैले तपाईको एफिसीको बारेमा टेप सुने, कसरी परमेश्वरले हामीलाई अनन्त जीवनको लागी पूर्वनियुक्त गर्नुभयो, र त्यो कुरा त्यस टेपमा थियो जहाँ मैले परमेश्वरको आवाज प्राप्त गरे र परमेश्वरको राज्यमा पवित्र आत्माबाट छाप लगाईए” त्यो प्रदान गर्नुहोस्, पिता।

237 तिनीहरु सबैलाई निको पार्नुहोस् जो बिमारी र रोगि छन्। तपाईको आफ्नै निम्ति महिमा लिनुहोस् किनकि हामीहरु यी सबैकुरा तपाईमा सबै बलका साथ तपाईको पुत्र येशू नाउँमा सुम्पिदछौ। आमेन।

238 के यहाँ कोहि छन् जो बिमार हुनुहुन्छ र प्रार्थना गर्नको लागि शिरमा हात राखेको चाहनुहुन्छ? के तपाई आफ्नो हात उठाउन सक्नुहुन्छ? ठिक छ। के तपाई शान्तिका साथ अहिले ठिक यहाँ वेदिसम्म हिडेर आई केहि बेरको लागि उभिनुहुन्छ, जबसम्म भाई नेभिल आउनुहुन्छ उहाको...

239 ओ, यो देखिन्छ, बिमारीको लागि प्रार्थना गर्दै, यस्तो देखिन्छ कि तल आएर जहाँ तपाई जान्नुहुन्छ कि तपाई कहाँ खडा हुनुहुन्छ, ठिक त्यहि। परमेश्वरले यो सबैको बारेमा जान्नुहुन्छ।

240 जब मैले त्यो गीत सुने...याद गर्नुहोस्, म जादा सम्म तपाई जीवित रहिहनुभएको छ, यो मेरो लागि बजाईदिनुहोला: *मात्र विश्वास।* याद गर्नुहोस्, कि म मृत छुइन, यसलाई सुन्दा म तपाईबाट धेरै टाढामा हुन्न। म मर्न सक्दिन; येशूले मलाई अनन्त जीवन दिनुभयो; उहाले मलाई अन्तिम दिनमा बौरी उठाउनुहुनेछ; म तपाईलाई त्यसबेला भेट्नेछु। र यदि तपाई जानुभयो भने, तपाईको लागि म त्यहि कुरा विश्वास गर्छु। म विश्वास गर्छु कि एकअर्कालाई फेरी देख्नेछौ।

241 यस अमूल्य महिला यहाँ सेतो केशका साथ उभिरहनुभएको हेर्दा। तपाई एउटा इसाई हुनुहुन्छ? पवित्र आत्माबाट भरिएको, उहा आउनको लागि पर्खिरहेको, बस यहाँ उभिरहेको त्यस डुंगा आउनको लागि पर्खिरहेको। आमेन। ओ, बहिनी...

***अभिग्रहण*** *4* NEP60-0522E

(Adoption [4])

**अभिग्रहण शृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार साँझ मे 22, 1960 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2020 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org